# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८२/२०८३)

नेपाल सरकार

**नेपाल कानून आयोग**

## नेपाल कानून आयोगका वर्तमान पदाधिकारीहरू

रिक्त


अध्यक्ष

रिक्त

उपाध्यक्ष



पाराश्वर ढुङ्गाना
सदस्य



पुष्कर सापकोटा
सदस्य



उद्धव प्रसाद पुडासैनी
सदस्य



इन्दिरा दहाल (भट्टराई)
सदस्य-सचिव

नेपाल सरकार
# नेपाल कानून आयोग

फोन नं. : ०१-४४८११९७
०१-४४८१०४३
०१-४४८१०४६
०१-४४८१०४९
फ्याक्स : ०१-४४८१७०४
Email: info@lawcommission.gov.np
Website : www.lawcommission.gov.np
नयाँ बानेश्वर, काठमाडौं

पत्र सङ्ख्याः ०८३/८४

च.नं.

मितिः २०८३।०५।११

**विषयः वार्षिक प्रतिवेदन सम्बन्धमा।**

माननीय मन्त्रीज्यू,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं।

नेपाल कानून आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष पेस गरेको व्यहोरा अनुरोध छ।

इन्दिरा दहाल (भट्टराई)
सदस्य-सचिव

# भूमिका

विधिको शासन कायम गर्न कानूनी सर्वोच्चता अपरिहार्य हुन्छ। कानूनको समसामयिक परिमार्जन र सुधारबाट राज्यको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न सकिन्छ। सरोकारवाला व्यक्ति तथा संस्थाको सक्रिय सहभागितामा तर्जुमा भएको कानूनबाट अपनत्व अभिवृद्धि भई समाजको आवश्यकता परिपूर्ति र समस्या समाधानमा सहयोग पुग्छ। नागरिकको आवश्यकता बमोजिम समयानुकूल कानून तर्जुमा हुन सकेमा मात्र त्यसको परिणाम उपलब्धिमूलक हुन्छ। यद्यपि, हाम्रो कानून तर्जुमा पद्धति अनुसन्धानमा आधारित हुन नसकेको हुँदा आगामी दिनमा कानून तर्जुमालाई अनुसन्धानमूलक बनाउन अपरिहार्य र आवश्यक छ।

नेपाल कानून आयोग ऐन, २०६३ ले नेपाल कानून आयोगलाई नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने समेतको महत्वपूर्ण जिम्मेवारी आयोगलाई प्रदान गरेको छ। विधायन ऐन, २०८१ ले समेत सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मसौदा तर्जुमा गर्न नेपाल कानून आयोगलाई अनुरोध गर्न सक्ने कानूनी व्यवस्था गरेको छ।

प्रभावकारी र समयसापेक्ष कानून निर्माण गर्न, कानून तथा न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गरी अनुसन्धानमा आधारित कानून निर्माण प्रणालीको विकास गर्न, कानून र न्यायको क्षेत्रमा नेपाल सरकारलाई आवश्यक र समसामयिक सुझाव दिन तथा समग्र न्याय प्रणालीको सुधारका उपायहरू सिफारिस गर्न आयोगलाई कानूनी क्षेत्रको बौद्धिक तथा विशेषज्ञ संस्थाको रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिन्छ। नेपालको संविधान बमोजिम कानून तर्जुमा सम्बन्धी कार्य गर्न आयोगको क्षेत्राधिकार अभिवृद्धिसँगै आयोगको पुनर्संरचना गरी पर्याप्त जनशक्ति र भौतिक तथा वित्तीय स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्न सकेमा आयोग स्थापनाको उद्देश्य पूरा हुन सहयोग पुग्नेछ।

आयोगले सीमित स्रोत साधन र जनशक्तिको बाबजुद आफ्नो काम, कर्तव्य र जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्दै आएको छ। आर्थिक वर्ष २०८२/०८३ मा आयोगबाट

सम्पादन भए गरेका काम कारबाही समेतलाई समावेश गरी नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम सुझाव सहित नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेस गरिएको छ। प्रस्तुत प्रतिवेदनमा उल्लिखित सुझाव नेपाल सरकारबाट कार्यान्वयन हुन आयोगले अपेक्षा सहित माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ।

नेपाल कानून आयोगको काम, कर्तव्य र जिम्मेवारीका सम्बन्धमा समय समयमा आयोगलाई मार्गनिर्देशन गर्नु हुने माननीय मन्त्रीज्यू, आयोगका पदाधिकारीहरु र कर्मचारीहरूप्रति आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

नेपाल कानून आयोग

## सारसङ्क्षेप

१. कानून सम्बन्धी विषयहरूको अध्ययन अनुसन्धान र नयाँ कानूनको मसौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण सम्बन्धी कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रूपमा कानून आयोगको गठन भएको पाइन्छ।

२. नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्दै आएको छ।

३. आयोगबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा अध्यक्ष र उपाध्यक्ष बाहेक हालको सङ्गठन संरचना अनुसार नेपाल न्याय सेवा, कानून समूह अन्तर्गत-२०, नेपाल प्रशासन सेवा, लेखा समूह अन्तर्गत-१, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गत-३, नेपाल विविध सेवा अन्तर्गत-२, हलुका सवारी चालक-३, कार्यालय सहयोगी-४ र स्वीपर-१ गरी कूल ३४ जना कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ।

४. आर्थिक वर्ष २०८२/८३ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रू. ४,३०,४९,००८।- (चार करोड तीस लाख उनन्पचास हजार आठ रुपैयाँ) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. ३७,५०,०००।- (सैंतिस लाख पचास हजार रुपैयाँ) वार्षिक बजेट निकासा भएबमोजिम कुल बजेटको ७३ प्रतिशत बजेट खर्च भएको छ।

५. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रममा आयोगलाई चारवटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भएकोमा देहायबमोजिमका विधेयक तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरिएको छ :-

- राष्ट्रिय युवा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
- बदनियतपूर्वकको अनुसन्धान र अभियोजन पिडितलाई क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

- नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,
- दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, र
- नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक।

६. आयोगले गरेका अध्ययन तथा अनुसन्धान देहाय बमोजिम छन :-

- सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिर सम्बन्धमा,
- नेपालमा कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स, ए.आई.) प्रयोग सम्बन्धमा,
- नेपालमा डिम्बदानसम्बन्धी कानूनी व्यवस्था र यसको आवश्यकता सम्बन्धमा,
- प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा पाए सरह वा सोसरह पदावलीको प्रयोग र प्रभाव सम्बन्धमा,
- नेपाल कानून आयोगको पुनर्संरचना सम्बन्धमा,
- नेपालको संविधान पुनरावलोकन सम्बन्धमा र
- समलिङ्गी विवाह सम्बन्धमा।

७. आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रोल्पा जिल्लाको लुङ्ग्री गाउँपालिका र पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीका लागि कानून तर्जुमा विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन भयो।

८. इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न विश्वविद्यालयका कानून सङ्काय अन्तर्गतका क्याम्पस, कलेजमा स्नातक तहमा अध्ययनरत तीनजना छात्राहरूलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीमा संलग्न गराइएको छ।

९. “कानून तर्जुमा दिग्दर्शन” आयोगबाट संवत् २०६६ मा तयार गरी प्रकाशन गरिएको थियो। संवत् २०६९ मा द्वितीय संस्करणको रुपमा र हाल नेपालको संविधान तथा विधायन ऐन, २०८१ ले समेत कानून तर्जुमाको सम्बन्धमा कानूनी व्यवस्था गरेकोले सोही बमोजिम संशोधन र परिमार्जन गरी तृतीय संस्करणको रुपमा प्रकाशन गरिएको छ।

# संक्षेपीकरण

| | |
|---|---|
| आयोगः | नेपाल कानून आयोग |
| ऐनः | नेपाल कानून आयोग ऐन, २०६३ |
| वार्षिक प्रतिवेदनः | नेपाल कानून आयोगको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन |
| संविधानः | नेपालको संविधान |

## विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| **परिच्छेद-१** | **परिचय** | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको विकासक्रम | २ |
| १.२.१ | ल कमिसन, २०१० | ३ |
| १.२.२ | ल कमिसन, २०१७ | ४ |
| १.२.३ | कानून आयोग, २०२० | ५ |
| १.२.४ | कानून आयोग, २०२९ | ५ |
| १.२.५ | कानून सुधार आयोग, २०३६ | ६ |
| १.२.६ | नेपाल कानून सुधार आयोग, २०४१ | ७ |
| १.२.७ | नेपाल कानून सुधार आयोग, २०५९ | ८ |
| १.२.८ | आयोगको स्थापना, गठन र सङ्गठनात्मक संरचना | ९ |
| १.३ | आयोगको काम, कर्तव्य र अधिकार | १२ |
| १.४ | आयोगमा उपलब्ध साधन स्रोत | १४ |
| १.४.१ | मानव स्रोत | १४ |
| १.४.२ | भौतिक स्रोत साधन | १५ |
| १.४.३ | आयोगको वित्तीय स्थिति | १६ |
| १.५ | वार्षिक प्रतिवेदनको संरचना | १६ |
| **परिच्छेद-२** | **कानून सुधारमा आयोगको भूमिका** | १८ |
| २.१ | आयोगको भूमिका | १८ |

| | | |
|---|---|---|
| २.१.१ | कानूनको मसौदा तर्जुमा | १८ |
| २.१.२ | कानूनको अध्ययन तथा पुनरावलोकन | १८ |
| २.१.३ | कानून निर्माणमा एकरूपता | १९ |
| २.१.४ | कानून संशोधनका लागि सुझाव | २० |
| २.१.५ | कानूनको विद्युतीय अभिलेख | २० |
| २.१.६ | परामर्श, छलफल तथा अन्तरक्रिया | २० |
| २.१.७ | सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन | २० |
| २.२ | कानून तर्जुमा गर्दा अवलम्बन गरिने अभ्यास | २१ |
| २.३ | आयोगको संलग्नता तथा प्रतिनिधित्व | |
| **परिच्छेद- ३** | **वार्षिक कार्यक्रम तथा कार्य प्रगति** | **२२** |
| ३.१ | आयोगको वार्षिक कार्यक्रम | २२ |
| ३.२ | खर्च र प्रगति | २४ |
| ३.३ | आर्थिक वर्ष २०८२/०८३ मा सम्पादित कार्यहरू | |
| ३.३.१ | आयोगबाट तर्जुमा गरिएका विधेयक | २४ |
| ३.३.२ | छलफल तथा अन्तरक्रिया | २६ |
| ३.३.३ | अध्ययन प्रतिवेदन | २८ |
| ३.३.४ | अन्तरक्रिया कार्यक्रम | ३५ |
| ३.३.५ | प्रशिक्षार्थी (इन्टर्न) कार्यक्रम सञ्चालन | ३८ |
| ३.३.६ | वेबसाइटमा कानूनको अद्यावधिक | ३९ |
| ३.३.७ | आयोगमा सूचना प्रविधिको प्रयोग | ३९ |
| ३.३.८ | कानून तर्जुमा दिग्दर्शनको तृतीय संस्करण प्रकाशन | ४१ |

| | | |
|---|---|---|
| ३.३.९ | क्षमता अभिवृद्धि कार्यक्रम | ४२ |
| ३.३.१० | आयोगले तर्जुमा गरेका विधेयक र कार्यान्वयनको अवस्था | ४४ |
| **परिच्छेद-४** | **अवसर र चुनौती** | ४५ |
| ४.१ | अवसर | ४५ |
| ४.२ | चुनौती | ४७ |
| **परिच्छेद-५** | **सुझाव तथा सुझावको कार्यान्वयन** | |
| ५.१ | सुझाव | ५१ |
| ५.२ | सुझाव तथा सिफारिस कार्यान्वयन | ५२ |
| अनुसूची-१ | वि.सं. २०१० सालदेखि हालसम्म आयोगका अध्यक्षहरू | ६० |
| अनुसूची -२ | वि.सं. २०६० सालदेखि हालसम्म आयोगका उपाध्यक्षहरू | ६१ |
| अनुसूची -३ | आयोगका हालसम्मका सचिवहरू | ६२ |
| अनुसूची -४ | आयोगको सङ्गठनात्मक संरचना | ६३ |
| अनुसूची -५ | कर्मचारीको स्वीकृत दरबन्दी विवरण | ६४ |
| अनुसूची -६ | कार्यरत कर्मचारीहरू | ६५ |
| अनुसूची -७ | आयोगमा रहेका भौतिक स्रोत साधन तथा सवारी साधन साधनहरूको विवरण | ६७ |
| अनुसूची -८ | आयोगको आ.व. २०८२/०८३ वित्तीय प्रगतिको विस्तृत विवरण | ६८ |
| अनुसूची -९ | आयोगको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम र प्रगतिको विवरण | ७० |

| | | |
|---|---|---|
| अनुसूची -१० | आयोगले तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएको विधेयकका मसौदा | ७७ |
| अनुसूची -११ | आयोगको वेबसाइटमा रहेका कानूनको विवरण | १५० |
| अनुसूची -१२ | आयोगबाट भएका प्रकाशनहरू | |
| अनुसूची -१३ | आ.व. २०६२/०६३ देखि हालसम्म आयोगले तर्जुमा गरेका विधेयकको विवरण | १५१ |
| अनुसूची -१४ | आ.व. २०७२ साल पछि तर्जुमा र सिफारिस गरेका विधेयकको सूची र कार्यान्वयन सम्बन्धी विवरण | १५२ |

# परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमि

राज्य सञ्चालनको लागि कानून अपरिहार्य माध्यम र समाजको प्रतिबिम्ब हो। समाजको गतिशिलता र विकाससँगै मानवीय व्यवहार, आचरण र सम्बन्ध क्रमशः परिवर्तन हुँदै जाँदा कानून पनि परिवर्तन हुँदै जान्छन्। कानूनको समयानुकूल परिवर्तनले नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचनामा समेत परिवर्तन गर्न सकिन्छ। समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था तथा अमनचयन कायम राख्न, समतामूलक समाजको सृजना गर्न र सामाजिक विभेदलाई अन्त्य गरी राज्यप्रति अपनत्व तथा विश्वास कायम राख्न कानूनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। तर्कपूर्ण, युक्तियुक्त, न्यायसङ्गत र गुणस्तरीय कानून मात्र असल र उपयुक्त कानूनको दायराभित्र पर्न आउँछ। असल कानूनले समाजलाई सही दिशामा डोऱ्याउँछ।

सामाजिक परिवर्तनसँगै परिवर्तित मानवीय व्यवहार, आचरण र सम्बन्धलाई सहजीकरण र नियमन गर्ने विद्यमान कानूनमा समसामयिक सुधार, संशोधन तथा परिमार्जन र प्रयोगमा नआएका कानून खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ। कुनै कानूनी समस्याको पहिचान गरी समाधान गर्न अध्ययन, अनुसन्धान, विचार विमर्श एवम् छलफलको माध्यमबाट समयसापेक्ष कानून निर्माण गर्ने गरिन्छ। कानूनको आवश्यकता र औचित्यका आधारमा सर्वस्वीकार्य कानून बनाउन विभिन्न संस्थागत र प्रक्रियागत व्यवस्थाहरू अभ्यासमा रहेका छन्।

विश्वका विभिन्न मुलुकमा विभिन्न नामबाट कानून आयोग गठन भएका पाइन्छन्। त्यस्ता आयोगको मुख्य उद्देश्य विद्यमान कानूनमा समयानुकूल संशोधन, परिमार्जन, पुनरावलोकन र सुधार गर्दै राज्यको आवश्यकताअनुसार समयसापेक्ष कानून तर्जुमा, संहिताकरण र एकीकरण गर्नु रहेको छ। कानून आयोग, कानून सुधार आयोग, कानून पुनरावलोकन आयोग, कानून तथा न्याय आयोग, कानून सुधार सल्लाहकार समिति, कानून संशोधन समिति, कानून सुधार समिति, कानून पुनरावलोकन सल्लाहकारको कार्यालय वा कानून सुधार संस्थान

लगायतका विभिन्न नामले आयोग स्थापना भएका र कानून संशोधन तथा एकीकरणको मसौदा तयार गर्ने, पुराना कानून अद्यावधिक गर्ने र प्रयोगमा नरहेका कानून खारेज गर्ने सम्बन्धमा सिफारिस गर्ने लगायतका जिम्मेवारी आयोगलाई तोकिएको देखिन्छ। नेपालको हकमा विद्यमान नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम नेपाल कानून आयोग (यसपछि "आयोग" भनिएको) स्थापना भई कार्य गर्दै आएको छ।

## १.२ आयोगको विकासक्रम

नेपालमा औपचारिक रूपमा कानून निर्माण तथा न्याय सम्पादनको संस्थागत विकास हुनुअघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरूका आधारमा शासन सञ्चालन गर्ने गरिएको पाइन्छ। किराँतकालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ किराँत मुन्धुमद्वारा सञ्चालित थियो। लिच्छविकालमा विभिन्न धर्मशास्त्र अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा राजाज्ञा जारी गरी शासन सञ्चालन गर्ने गरेको पाइन्छ। सोही कालमा राजा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वान पण्डितहरूसँग छलफल गरी लोक व्यवहारअनुसार कानून बनाएको इतिहास छ।

मल्लकालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न "विद्वानहरूको समिति" बनाएका थिए। उनले कानूनका विद्वानहरूको सहायता लिई गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्यायशास्त्र समेतका चारवटा कानून बनाई जारी गरेको पाइन्छ। त्यसैगरी शाहकालमा राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई समयानुकूल सुधार गर्दै उदार बनाएका थिए। सोही कारणले नै "न्याय नपाए गोरखा जानु" भन्ने लोकोक्ति चलेको पाइन्छ। राणा शासनकालमा जङ्गबहादुर राणाले वि.सं. १९१० सालमा कानून मसौदा गर्न "कौशल अड्डा" गठन गरी २१० जना पदाधिकारीलाई मुलुकी ऐनको मसौदा बनाउन लगाएका थिए। सो मुलुकी ऐन नेपालको कानूनी इतिहासमा पहिलो संहिताबद्ध कानून हो। त्यसपछि वि.सं. १९९३ मा कम्पनी ऐन, पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन र वि.सं. १९९४ मा नेपाल बैङ्क सम्बन्धी ऐन बनेका थिए।

वि.सं. २००७ सालको परिवर्तन पछि कानून सुधारको क्षेत्रमा विशेष प्रयास सुरु भएको देखिन्छ। सोही क्रममा नयाँ कानून निर्माण गर्ने, कानूनको संहिताकरण गर्ने तथा भइरहेका कानूनको पुनरावलोकन गरी आवश्यकताअनुसार संशोधन गर्ने लगायतका जिम्मेवारी प्रदान गरी कानून आयोग गठन गरिएको पाइन्छ। नेपालमा विभिन्न समयमा देहायबमोजिमका कानून आयोग गठन भएको पाइन्छः-

### १.२.१ ल कमिसन, २०१०

वि.सं. २००९ को बुच कमिसनले कानून आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरे बमोजिम तत्कालीन मन्त्रिमण्डलको मिति २०१०/०९/०६ को बैठकले निर्णय गरी पहिलोपटक देहायबमोजिम ल कमिसन गठन गरेको थियोः-

(क) बडाकाजी माणिकलाल राजभण्डारी - चेयरम्यान

(ख) सदर अपिल दोस्राका हाकिम प्रो. रत्नबहादुर बिष्ट - सदस्य

(ग) प्रधान न्यायालयका मेम्बर प्रो. डम्बरबहादुर सिंह - सदस्य

(घ) सदर अपिल पहिलाका हाकिम सुब्बा शम्भुप्रसाद ज्ञवाली - सदस्य

(ङ) सरदार कृष्णबहादुर - सदस्य

(च) मिर सुब्बा नरदेव पन्त - सदस्य

(छ) मिर सुब्बा हरिबहादुर - सदस्य

(ज) प्रचार विभागका डाइरेक्टर वासुदेव शर्मा - सचिव

ल कमिसनले मिति २०१०/०९/१३ बाट कार्य प्रारम्भ गरेको थियो। कमिसनले महिनामा कम्तीमा तीन पटक साधारण सभा गर्नुपर्ने र सो सभामा कमिसनका पदाधिकारीका साथै प्रधान न्यायाधीश, एटर्नी जनरल, एकाउन्टेन्ट जनरल, कानून सेक्रेटरी र गृह सेक्रेटरी तथा अन्य विषय विज्ञलाई बोलाउनुपर्ने व्यवस्था गरेको थियो।

काम कारबाही सुचारू रूपले चलाउन कमिसनलाई देहायका तीन सेक्सनमा बाँड्ने व्यहोरा उल्लेख भएको पाइन्छः-

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन

(ग) मालको सवाल, अड्डा अड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन।

यस कमिसनलाई नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसँग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसँग अनुकूल हुनेगरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजहरूलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मसौदा तयार गरी सुझाव सिफारिस गर्ने काम, कर्तव्य र अधिकार तोकिएको थियो। कमिसनले वि.सं. २०१२ सालमा नेपाल दण्ड विधानको मसौदा तयार गरी नेपाल सरकार समक्ष पेस गरेको थियो। कमिसनलाई आफ्नो काम कारबाहीका सम्बन्धमा आवश्यक नियम बनाउने अधिकार पनि रहेको थियो।

## १.२.२ ल कमिसन, २०१७

मिति २०१७।०६।२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिसन गठन गरिएको थियो। यस कमिसनको गठन देहाय बमोजिम रहेको थियोः-

(क) सर्वोच्च अदालतका न्यायाधीश श्री नयनबहादुर खत्री - अध्यक्ष

(ख) मध्यमाञ्चल उच्च अदालतका मुख्य न्यायाधीश - सदस्य

(ग) एटर्नी जनरल श्री शम्भुप्रसाद ज्ञवाली - सदस्य

(घ) सचिव श्री कृष्णप्रसाद उपाध्याय, कानून मन्त्रालय र संसदीय प्रबन्ध मन्त्रालय - सदस्य

(ङ) श्री ५ को सरकारबाट मनोनीत गैरसरकारी व्यक्ति (तीन जना) मा भू.पू.न्यायाधीश श्री मुक्तिकान्त मैनाली

र मि.सु. श्री महन्तलाल जोशी (एक जना पछि मनोनयन गरिएको) - सदस्य

छोटो अवधिमा यस कमिसनले नयाँ मुलुकी ऐनको मसौदा तयार गरी कानूनको आधुनिकीकरणको काम थालनी गरेको थियो।

### १.२.३ कानून आयोग, २०२०

मन्त्रिपरिषद्को मिति २०२०/१०/०८ को निर्णयबाट तेस्रो पटक कानून आयोग गठन भएको थियो। सो आयोगलाई अघिल्लो ल कमिसनलाई दिइएको अधिकारका अतिरिक्त कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको थप कार्य सम्पादन गर्ने जिम्मेवारी तोकिएको थियो। सो आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री विनोदप्रसाद धिताल, सहसचिव, कानून मन्त्रालय - पदेन अध्यक्ष

(ख) श्री निरकुमार क्षेत्री - सदस्य

(ग) श्री टोपबहादुर सिंह - सदस्य

(घ) श्री हेरम्बराज - सदस्य

(ङ) श्री विश्वनाथ उपाध्याय, उपसचिव, कानून मन्त्रालय - सदस्य-सचिव

सुरुमा एक वर्ष कार्यकाल रहेकोमा पटक पटक थप हुँदै वि.सं. २०२७ सालसम्म यो आयोगको कार्यकाल रहेको थियो।

### १.२.४ कानून आयोग, २०२९

कार्यकारिणी आदेशबाट नै पुनः मिति २०२९/०२/१९ मा चौथो पटक कानून आयोग गठन भएको थियो। सो आयोगलाई प्रचलित नेपाल कानूनमा (विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनमा) रहेका कानूनी अभाव र त्रुटिहरू हटाई सरल, वैज्ञानिक र व्यावहारिक रूप दिई छुट्टाछुट्टै ऐनहरूको तर्जुमा गर्ने कार्यदिश रहेको थियो। सो आयोगको गठन देहाय बमोजिम रहेको थियोः-

(क) श्री नयनबहादुर खत्री, न्यायाधीश, सर्वोच्च अदालत,
अध्यक्ष, न्यायिक समिति - अध्यक्ष

(ख) श्री विश्वनाथ उपाध्याय, अस्थायी न्यायाधीश,
सर्वोच्च अदालत - सदस्य

(ग) श्री रमानन्दप्रसाद सिंह, महान्यायाधिवक्ता - सदस्य

(घ) श्री कृष्णप्रसाद पन्त, सदस्य, न्यायिक समिति - सदस्य

(ङ) श्री चुडामणिराज सिंह मल्ल, सचिव, कानून मन्त्रालय - सदस्य-सचिव

यस आयोगले प्रमाण ऐन तथा अपराध संहिताको मसौदा तयार गरी तत्कालीन श्री ५ समक्ष पेस गरेको थियो। सो आयोग मिति २०३३/११/२३ मा विघटन भएको थियो।

### १.२.५ कानून सुधार आयोग, २०३६

तत्कालीन श्री ५ को सरकारको मिति २०३६।०८।२३ को निर्णय अनुसार पाँचौ पटक नेपाल कानून सुधार आयोग गठन भएको थियो। सो आयोगको गठन देहाय बमोजिम रहेको थियोः-

(क) श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत - अध्यक्ष

(ख) महान्यायाधिवक्ता - सदस्य

(ग) श्री निरकुमार क्षेत्री, सदस्य, न्यायिक समिति - सदस्य

(घ) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य-सचिव

(ङ) श्री धिरेन्द्रबहादुर बिष्ट - सह-सदस्य

(च) श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग - सह-सदस्य

(छ) श्री वेदव्यास क्षेत्री - सह-सदस्य

(ज) श्री शमशेरराज वन्त - सह-सदस्य

यस आयोगलाई नेपालको कानून प्रणालीमा गर्नुपर्ने सुधार पहिचान गरी तत्सम्बन्धमा गर्नुपर्ने नीति तयार गर्ने, अपराध संहिता र अपराध कार्यविधि संहिताको मसौदामा प्राप्त सुझावलाई अध्ययन गरी मसौदामा समावेश गरी अद्यावधिक गर्ने र दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति लगायतका विषयमा कानूनी सुधार गर्ने जिम्मेवारी दिइएको थियो।

### १.२.६ नेपाल कानून सुधार आयोग, २०४१

तत्कालीन श्री ५ को सरकारको मिति २०४१/०८/२१ को निर्णयबाट पूर्ववत् जिम्मेवारीका लागि सोही दिन स्थायी रूपमा पहिलो पटक नेपाल कानून सुधार आयोग गठन भएको थियो। यस आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत - अध्यक्ष

(ख) महान्यायाधिवक्ता - पदेन सदस्य

(ग) न्यायिक समितिका सदस्य मध्ये श्री ५को सरकारले तोकेको सदस्य (श्री निरकुमार क्षेत्री) - पदेन सदस्य

(घ) सचिव, कानून तथा न्याय मन्त्रालय - पदेन सदस्य

(ङ) श्री टोपबहादुर सिंह - सदस्य

(च) श्री वेदव्यास क्षेत्री, सहसचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य-सचिव

(छ) श्री धिरेन्द्रबहादुर बिष्ट, अधिवक्ता - सह-सदस्य

(ज) श्री भानुराज अर्याल, अधिवक्ता - सह-सदस्य

(झ) श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग - सह-सदस्य

यो आयोग मिति २०५७/०१/१९ सम्म कार्यरत रहेको देखिन्छ।

### १.२.७ नेपाल कानून सुधार आयोग, २०५९

तत्कालीन श्री ५ को सरकारको मिति २०५९/११/१६ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको अध्यक्ष पदमा श्री निरञ्जन थापा र सदस्य पदमा विनोदकुमार देवकोटालाई पाँच वर्षको लागि नियुक्त गरिएको थियो। तत्पश्चात् न्याय परिषद्का सचिव र महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्तालाई आयोगको पदेन सदस्य रहने गरी तोकिएको थियो।

यस आयोगलाई नयाँ कानून निर्माण गर्ने वा भइरहेका कानूनको संशोधन गर्ने सम्बन्धमा मसौदा गर्ने तथा सरकारलाई परामर्श दिने, तर्जुमा गरिने कानूनका सम्बन्धमा गोष्ठी, सेमिनार, अन्तरक्रिया गर्ने, परामर्श सेवा लिने, आवश्यकताअनुसार कार्यदल वा कार्यटोली गठन गरी मसौदा तर्जुमा गर्ने, गराउने, प्रचलित कानूनको पुनरावलोकन गर्ने र त्यसमा हुनुपर्ने सुधारका सम्बन्धमा समय समयमा सरकारलाई सुझाव दिने, नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बनाउन बाँकी रहेका कानूनको मसौदा गरी सरकार समक्ष पेस गर्ने, सरकारले तोकिदिएको विषयमा कानूनको संहिताकरण गरी मसौदा तयार गर्ने, कानून निर्माण, संहिताकरण तथा कानून कार्यान्वयनको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, गराउने र सरकारले समय समयमा तोकिदिएका अन्य कार्य गर्ने विस्तृत जिम्मेवारी प्रदान गरिएको थियो।

यसरी विभिन्न समयमा सरकारको कार्यकारी आदेशबाट कार्य क्षेत्रगत सर्तहरू तोकी विभिन्न मितिमा विभिन्न नामबाट आयोगहरू गठन हुँदै आएकोमा तत्कालीन आयोगहरूले प्रभावकारी कार्यसम्पादन गरी महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

### १.२.८ आयोगको स्थापना, गठन र सङ्गठनात्मक संरचना

- **आयोगको स्थापना**

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने, कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले मिति २०६३/०९/३० मा *नेपाल कानून आयोग ऐन, २०६३* प्रमाणीकरण भई आयोगको स्थापना भएको छ।

- **आयोगको गठन**

ऐनको दफा ४ को उपदफा (१) मा आयोगको गठन देहायबमोजिम हुने व्यवस्था छः-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(छ) सचिव, आयोग - सदस्य-सचिव

वि.सं. २०६३ सालमा ऐनद्वारा स्थापना भएपछिको पहिलो आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री बाबुराजा जोशी - अध्यक्ष

(ख) श्री हरिप्रसाद न्यौपाने - उपाध्यक्ष

(ग) श्री कुलरत्न भुर्तेल, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) श्री माधवप्रसाद पौडेल, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) श्री सूर्यप्रसाद कोइराला, का. मु. नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) श्री मोहनप्रसाद बन्जाडे, सचिव, आयोग - सदस्य-सचिव

आयोगको कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा पहिलेका आयोगहरू भन्दा यो आयोग अधिकार सम्पन्न निकायको रूपमा स्थापित भएको छ। यसरी राज्यको शासन व्यवस्था सञ्चालनको लागि कानून सुधार एक निरन्तर प्रक्रियाको रूपमा स्वीकार गरिएको छ।

- **आयोगमा कार्यरत पदाधिकारी**

आर्थिक वर्ष २०८२/०८३ मा आयोगमा देहाय बमोजिमका पदाधिकारी कार्यरत रहनु भएको थियोः-

(क) रिक्त[१] - अध्यक्ष

(ख) रिक्त[२] - उपाध्यक्ष

(ग) श्री पाराश्वर ढुङ्गाना, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

१ श्री जागेश्वर सुवेदी, मिति २०८२।०४।१४ सम्म आयोगको अध्यक्ष रहनुभएको।

२ प्रा.डा. लक्ष्मीप्रसाद मैनाली, मिति २०८२।१२।११ सम्म आयोगको उपाध्यक्ष रहनुभएको।

(घ) श्री पुष्कर सापकोटा[३], सचिव (कानून),
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) श्री उद्धवप्रसाद पुडासैनी[४], नायव
महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको
कार्यालय - सदस्य

(च) श्री इन्दिरा दहाल (भट्टराई)[५], सचिव, आयोग - सदस्य-सचिव

ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरूको पद रिक्त रहेको छ। वि.सं. २०१० सालदेखि हालसम्मका आयोगका अध्यक्षहरू अनुसूची-१, वि.सं. २०६० सालदेखि हालसम्मका उपाध्यक्षहरू अनुसूची-२ र हालसम्मका सचिवहरूको नामावली अनुसूची-३ मा राखिएको छ।

- **आयोगको सङ्गठनात्मक संरचना**

आयोगबाट हुने काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा हालको सङ्गठन संरचना अनुसार नेपाल न्याय सेवा, नेपाल प्रशासन सेवा र विविध सेवाका गरी ३४ जना कर्मचारीहरूको स्वीकृत दरबन्दी रहेको छ। आयोगको सङ्गठनात्मक संरचना अनुसूची-४ मा राखिएको छ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

ऐनको दफा १० बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण, प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने जिम्मेवारी पाएको छ। आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:-

---

३ श्री फणीन्द्र गौतम मिति २०८२।०८।१७ सम्म र त्यस उप्रान्त श्री पुष्कर सापकोटा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव रही आयोगको सदस्य रहनुभएको।

४ श्री गोपालप्रसाद रिजाल मिति २०८२।०६।०५ सम्म र त्यस उप्रान्त श्री उद्धवप्रसाद पुडासैनी, महान्यायधिवक्ताको कार्यालयका नायव महान्यायधिवक्ता रही आयोगको सदस्य रहनुभएको।

५ मिति २०८२।०४।१९ गतेदेखि श्री इन्दिरा दहाल (भट्टराई) आयोगको सदस्य-सचिव रहनुभएको।

(क) नयाँ कानून बनाउने, विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मसौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण, पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकताअनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मसौदा नेपाल सरकार समक्ष पेस गर्ने,

(ङ) हाल प्रयोग नभएका, एकआपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन, पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने,

(च) अन्तरराष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकताअनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मसौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकताअनुसार सम्बन्धित निकाय, संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने, सो सम्बन्धमा सम्बन्धित निकाय, संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मसौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रकृयामा आवश्यकताअनुसार जनधारणा र राय सुझाव सङ्कलन गर्ने,

(ञ) कानूनको मसौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकताअनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मसौदा पेस गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने।

ऐनको दफा २१ मा कानून तर्जुमा सम्बन्धी काममा आवश्यकताअनुसार आयोगलाई संलग्न गराउन सकिने व्यवस्था छ भने दफा २२ मा आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

यसैगरी, विधायन ऐन, २०८१ को दफा ५ मा सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मसौदा तर्जुमा गर्न आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था गरिएको छ।

## १.४ आयोगमा उपलब्ध साधन स्रोत

हाल आयोगमा उपलब्ध रहेको साधन स्रोतको अवस्था देहाय बमोजिम रहेको छः-

### १.४.१ मानव स्रोत

सङ्गठनको उद्देश्य हासिल गर्ने प्रमुख स्रोतको रूपमा मानव स्रोत रहेको हुन्छ। मानव स्रोतको अभावमा कुनै पनि सङ्गठनले अपेक्षित सफलता हासिल गर्न सक्दैन। आयोगमा ३४ जना कर्मचारीको स्वीकृत दरबन्दी मध्ये यस आर्थिक वर्षमा अधिकृतस्तरमा सचिव सहित ११ जनाको दरबन्दी भए तापनि ८

जनामात्र कार्यरत रहेका छन्। आयोगको स्वीकृत दरबन्दी विवरण अनुसूची-५ मा र सोही दरबन्दी अनुरूप कार्यरत कर्मचारीको नामावली अनुसूची-६ मा समावेश गरिएको छ।

### १.४.२ भौतिक स्रोत साधन

#### (क) आयोगको भवन

नियमित र व्यवस्थित रूपमा कार्यालय सञ्चालनमा उपयुक्त भौतिक पूर्वाधारले समेत महत्त्वपूर्ण भूमिका खेल्नुका साथै कार्य वातावरण समेत सृजना गर्छ। आयोगको कार्यालय नयाँ बानेश्वर स्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको परिसरभित्र भाडामा रहेकोमा मिति २०८२/०५/२३ र २४ गतेको आन्दोलनमा आगजनीबाट भवन, सो भवनभित्र रहेका सम्पूर्ण कम्प्यूटर तथा फर्निचर सामान र आयोगको परिसरमा रहेका सवारी साधन लगायतका सम्पूर्ण सामानहरू पुनःप्रयोग गर्न नमिल्ने गरी पूर्ण रुपमा ध्वस्त भई क्षति भएको हुँदा करिब तीन महिनासम्म आयोगले भाडाको भवन नपाउँदा आयोगको काम प्रभावित भएको थियो।

यस्तो स्रोत, साधन, भवनको अभाव लगायतको विषम परिस्थितिमा आयोगका कर्मचारीले तत्काल गर्नुपर्ने कार्य सवारी साधनभित्र बसेर, अन्य सरकारी कार्यालयसँग आश्रय मागेर समेत सम्पादन गरिएको थियो। आयोगको वेबसाइट अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिन घरबाट (Work from Home) समेत गरी कानून आयोगको कार्य सम्पादन गरिएको थियो। हाल आयोगले नयाँ बानेश्वरमा भाडाको भवनबाट कार्यालय सञ्चालन गर्दै आइरहेको हुँदा नेपाल सरकारलाई आर्थिक व्ययभार समेत पर्न गएको छ। आयोगमा रहेको भौतिक स्रोत साधन तथा सवारी साधनहरूको विवरण अनुसूची-७ मा समावेश गरिएको छ।

#### (ख) पुस्तकालय

वि.सं. २०३६ सालदेखि आयोगमा पुस्तकालय रहेको थियो। आयोगलाई आवश्यक पर्ने र कानूनको अध्ययन, अनुसन्धान गर्ने व्यक्ति वा सङ्घ संस्थालाई आवश्यक पर्ने अध्ययन सामग्री सहित पुस्तकालयमा आयोगले

खरिद गरेका तथा विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त भएका विभिन्न विद्याका करिब छ हजार (६०००) को सङ्ख्यामा पुस्तकहरू रहेकोमा मिति २०८२/०५/२३ र २४ गतेको आन्दोलनमा आगजनीबाट पुस्तकालय पूर्ण रुपमा ध्वस्त भई क्षति भएको थियो।

### १.४.३ आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तीय स्रोतबाट आयोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आयोगको सम्पूर्ण कार्यक्रम सञ्चालनको लागि आर्थिक रूपले नेपाल सरकारबाट प्राप्त हुने स्रोतमा पूर्ण रूपमा भर पर्नुपर्ने अवस्था रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रू. ४,३०,४९,००८।- (चार करोड तीस लाख उनन्पचास हजार आठ रुपैयाँ) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. ३७,५०,०००।- (सैंतिस लाख पचास हजार रुपैयाँ) वार्षिक बजेट प्राप्त भएको थियो। आयोगको वित्तीय प्रगतिको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः-

| बजेट उप शीर्षक | बजेट शीर्षक | विनियोजित वार्षिक बजेट (रू.) | कूल खर्च (रू.) | कूल वित्तीय प्रगति |
|---|---|---|---|---|
| ३११२१०११३ | चालु | ४,३०,४९,००८।- | ३,१३,७६,३८७।- | ७३ % |
| ३११२१०११४ | पूँजीगत | ३७,५०,०००।- | २५,९७,६२५।- | ७० % |

आयोगको आर्थिक वर्ष २०८२/०८३ को वित्तीय प्रगतिको विस्तृत विवरण अनुसूची-८ मा राखिएको छ।

## १.५ वार्षिक प्रतिवेदनको संरचना

ऐनको दफा २२ बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा आयोगबाट सम्पादित काम कारबाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा समावेश भएका विषयवस्तु देहाय बमोजिम रहेका छन्ः-

- **परिच्छेद-१** परिचय शीर्षकमा आयोगको पृष्ठभूमि, विकासक्रम, स्थापना, गठन, सङ्गठनात्मक संरचना, आयोगको काम, कर्तव्य तथा अधिकार र आयोगमा उपलब्ध साधन स्रोत सम्बन्धी विवरण राखिएको छ।

- **परिच्छेद-२** कानून सुधारमा आयोगको भूमिका शीर्षकमा कानूनको मसौदा तर्जुमा, कानूनको अध्ययन तथा पुनरावलोकन, कानून निर्माणमा एकरूपता, कानूनको संशोधनका लागि सुझाव, कानूनको विद्युतीय अभिलेख, परामर्श, छलफल तथा अन्तरक्रिया, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन र कानून तर्जुमा गर्दा अवलम्बन गरिने अभ्यासका साथै आयोगको संलग्नता तथा प्रतिनिधित्व लगायतका भूमिका प्रस्तुत गरिएको छ।

- **परिच्छेद-३** वार्षिक कार्यक्रम तथा कार्य प्रगति शीर्षकमा आयोगको वार्षिक कार्यक्रम र सम्पादित कार्यहरू समावेश गरिएका छन्।

- **परिच्छेद-४** अवसर र चुनौती शीर्षकमा आयोगका अवसर र चुनौती सम्बन्धी विषयहरू प्रस्तुत गरिएका छन्।

- **परिच्छेद-५** सुझाव तथा सुझावको कार्यान्वयन शीर्षकमा कानून तर्जुमा, अध्ययन तथा अनुसन्धान, एकीकरण, पुनरावलोकन तथा संहिताकरण, प्रविधिमैत्री आयोग र जनशक्ति विकास सम्बन्धमा आयोगको पुनर्संरचना लगायतका विषयहरूमा कार्यान्वयनको लागि सिफारिस तथा सुझावहरू प्रस्तुत गरिएका छन्।

- आयोगको कामकारबाहीसँग सम्बन्धित विभिन्न विवरणहरू १४ वटा अनुसूचीमा समावेश गरिएका छन्।

# परिच्छेद-२

## कानून सुधारमा आयोगको भूमिका

### २.१ आयोगको भूमिका

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्यायसम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत सम्पादन गर्नका लागि ऐन बमोजिम आयोगको स्थापना भएको हो। नयाँ कानून निर्माण वा विद्यमान कानूनको सुधारका लागि अध्ययन तथा अनुसन्धानमा आयोगको महत्त्वपूर्ण भूमिका रही आएको छ। नयाँ कानून तर्जुमा, कानूनको परिमार्जन र खारेजी लगायतका माध्यमबाट कानून सुधारमा आयोगको भूमिका देहायबमोजिम रहेको छः-

#### २.१.१ कानूनको मसौदा तर्जुमा

आयोगले ऐनको दफा १० ले प्रत्यायोजन गरेको अधिकार बमोजिम कानूनको मसौदा तर्जुमा गर्ने कार्य गर्दछ। आयोगले कानूनको मसौदा तर्जुमा गर्दा नेपालको संविधान, विधायन ऐन, २०८१, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ लगायतका सङ्घीय कानून, अन्तरराष्ट्रिय कानून र अन्य देशका सर्वोत्तम अभ्यास, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतलाई दृष्टिगत गरी संशोधन वा नयाँ विधेयकको प्रारम्भिक मसौदा तयार गर्छ। आयोगले विधेयक मसौदा तयार गर्दा समसामयिक विषयवस्तु अनुकूल तयार गरिएको प्रारम्भिक मसौदामा सम्बन्धित विषयविज्ञ, मन्त्रालय, अन्य निकायका प्रतिनिधि तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया समेतका आधारमा अन्तिम विधेयक मसौदा तयार गरी विधेयक सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित मन्त्रालय तथा निकायमा पठाउने अभ्यास रहेको छ।

#### २.१.२ कानूनको अध्ययन तथा पुनरावलोकन

ऐनले आयोगलाई कानूनको अध्ययन, अनुसन्धान, संशोधन, एकीकरण तथा पुनरावलोकन गर्ने जिम्मेवारी प्रदान गरेको छ। आयोगले प्रचलित कानूनको

सुधार र परिमार्जन गर्न प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखेमा संशोधन मसौदा तर्जुमा गरी सिफारिस सहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा पठाइन्छ। आयोगले निष्क्रिय रहेका र प्रचलनमा नरहेका कानूनको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अवलोकन समेतका आधारमा खारेज गर्न पहिचान गर्छ। यसरी पुनरावलोकनका माध्यमबाट कानून संशोधन, परिमार्जन, एकीकरण तथा खारेज गर्न नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदनमा समावेश गरी सिफारिस गर्ने प्रचलन रहेको छ।

### २.१.३ कानून निर्माणमा एकरूपता

नेपाल सरकारका मन्त्रालयबाट विधेयक तर्जुमा गर्दा भाषा, शैली तथा ढाँचा फरक-फरक हुने र एकरूपता नपाइएको हुँदा कानूनको व्याख्या र कार्यान्वयनमा असहजता हुन सक्ने र स्रोत साधन बढी खर्च हुने अवस्था समेतलाई मध्यनजर गरी कानून तर्जुमामा एकरूपता कायम गर्न तथा कम लागतमा कानून तर्जुमा गर्दा राज्यलाई सहयोग पुग्छ। कानून तर्जुमा सम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट र प्रभावकारी बनाउने उद्देश्यले आयोगले २०६६ सालमा प्रकाशन गरेको कानून तर्जुमा दिग्दर्शनलाई थप प्रभावकारी र समयानुकुल बनाउन हाल परिमार्जित रुपमा  प्रकाशन गरी वेबसाइटमा राखिएको छ।

कानून तर्जुमा,  कार्यान्वयन वा व्याख्या गर्दा कानूनका मूलभूत मूल्य,  मान्यता र सिद्धान्तलाई आधार लिनुपर्ने हुन्छ। कानूनी सूक्तिले कानूनको तर्जुमा र व्याख्या गर्ने क्रममा कानून र न्याय क्षेत्रका सरोकारवालाका काम कारबाहीमा सहजीकरण गर्न सक्ने हुँदा सूक्तिलाई अर्थ समेत खुल्ने गरी अङ्ग्रेजी र नेपाली भाषामा कानूनी सूक्तिहरू आयोगले प्रकाशन गरी वेबसाइटमा राखिएको छ।

कानूनी भाषा सामान्य भाषा वा अन्य प्रयोजनका भाषाभन्दा पृथक, सटीक, बौद्धिक र परिमार्जित हुने हुँदा विद्यमान अभ्यास र प्रचलन अनुरूप अधिकार, कर्तव्य, दायित्व तथा न्यायिक प्रक्रियाका स्वरूपलाई परिभाषित गर्न र भाषाका माध्यमबाट यी सबैलाई उचित दिशाबोध गर्नु पर्ने आवश्यकता रहन्छ। यसैले कानूनी भाषामा भाषा र विषयवस्तु दुवै कुरा बुझ्न र बुझाउन प्रयोग गरिने

शब्द, पदावली र तिनको अर्थ तथा अर्थको सङ्गति समेतको सम्बन्धमा स्पष्टता गर्न कानूनी शब्दकोश प्रकाशन गरी आयोगको वेबसाइटमा राखिएको छ।

### २.१.४ कानून संशोधनका लागि सुझाव

आयोगले कानून तथा न्यायको क्षेत्रमा कुनै विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी विद्यमान कानूनमा संशोधन गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गर्दछ।

### २.१.५ कानूनको विद्युतीय अभिलेख

आयोगले प्रचलित नेपाल कानून, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धिहरू, खारेज भइसकेका नेपाल कानून र कानून सम्बन्धी महत्त्वपूर्ण ऐतिहासिक सामग्रीहरूको अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी वेबसाइट www.lawcommission.gov.np मा उपलब्ध गराउँदै आएको छ। साथै आयोगले केही नेपाल कानूनलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी वेबसाइटमा राख्दै आएको छ।

### २.१.६ परामर्श, छलफल तथा अन्तरक्रिया

आयोगले कानूनको तर्जुमा, संहिताकरण, प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन लगायतका विषयमा प्रारम्भिक दस्तावेज तयार गरी आवश्यकताअनुसार सम्बन्धित विज्ञ, निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गरी परिमार्जन सहित दस्तावेजलाई अन्तिम मसौदा तयार गर्ने गर्दछ।

### २.१.७ सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन

आयोगले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन तथा अनुसन्धान गरी आयोग आफैले विधेयक तर्जुमा गर्ने वा तर्जुमा, खारेज तथा पुनरावलोकनका सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गरेको छ।

## २.२ कानून तर्जुमा गर्दा अवलम्बन गरिने अभ्यास

आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी विधेयक तर्जुमा गर्दछ। कानून तर्जुमा गर्नु पूर्व मसौदा गर्नुपर्ने विषयमा अवधारणापत्र तयार गरी मसौदा तर्जुमा समितिमार्फत काम कारबाही गर्ने अभ्यास रहेको छ। आयोगले नेपालको संविधान (यसपछि "संविधान" भनिएको), नेपालले बहन गर्नुपर्ने अन्तरराष्ट्रिय दायित्व, विभिन्न कानून प्रणाली अपनाउने विभिन्न मुलुकले अवलम्बन गरेका सर्वोत्तम अभ्यासहरू, सर्वोच्च अदालतका आदेश, फैसला तथा प्रतिपादित सिद्धान्त, सरोकारवाला र विज्ञको राय सल्लाह तथा सुझाव लिई अन्तिम मसौदा तयार गरी सम्बन्धित मन्त्रालयमा पठाउने अभ्यास रहेको छ।

## २.३ आयोगको संलग्नता तथा प्रतिनिधित्व

- ऐनको दफा २१ ले कानून तर्जुमा सम्बन्धी काममा आवश्यकताअनुसार आयोगलाई संलग्न गराउन सकिने भनी व्यवस्था गरेको छ। साथै विधायन ऐन, २०८१ को दफा ५ को उपदफा (२) ले सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मसौदा तर्जुमा गर्न नेपाल कानून आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था गरेको छ। उल्लिखित कानूनी व्यवस्था अपर्याप्त भई आयोगलाई कानून तर्जुमा सम्बन्धमा विशेषज्ञ निकायको रुपमा विकास गर्न हालै आयोगले नेपाल कानून आयोग ऐन, २०६३ मा नै समसामयिक रुपमा सुधार गरी आयोगका कार्य सम्पादनमा थप प्रभावकारिता सहितको सशक्त आयोग बनाई विधेयक मसौदा आयोगबाट नै तयार गर्नुपर्ने गरी विधेयक मसौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष आवश्यक कारवाहीको लागि पठाइएको र मन्त्रालयले प्रक्रिया अगाडि बढाई सकेको छ।

- नेपाल सरकार मन्त्रिपरिषद्को विधेयक समितिको सदस्यका रुपमा आयोगका सचिवको प्रतिनिधित्व हुने गरेको छ। विधेयक समितिमा पेश हुने विधेयकका मसौदा लगायतका दस्तावेजलाई परिमार्जन र परिष्कृत बनाउन यस आयोगको सचिवको प्रतिनिधित्वले महत्वपूर्ण भूमिका खेलिरहेको अवस्था छ।

- नेपालको संविधान संशोधन सम्बन्धमा बहसपत्र तयार गर्न नेपाल सरकारले गठन गरेको कार्यदलमा सदस्यका रुपमा आयोगका सचिवको प्रतिनिधित्व भएको थियो।
- नेपाल सरकारका विभिन्न निकायहरुमा कानून निर्माण सम्बन्धमा गठन भएका समिति तथा कार्यदलमा यस आयोगको प्रतिनिधित्व हुने गरेको छ।

# परिच्छेद-३

## वार्षिक कार्यक्रम तथा कार्य प्रगति

### ३.१ आयोगको वार्षिक कार्यक्रम

आयोगले सम्पादन गर्ने कार्यहरूमध्ये प्रमुख कार्य नयाँ कानून निर्माण गर्ने र आवश्यकताअनुसार प्रचलित कानूनमा संशोधन सहितको मसौदा तर्जुमा गर्ने हो। कानूनको मसौदा तर्जुमा गर्दा आयोगले आवश्यकताअनुसार सम्बन्धित सरोकारवाला व्यक्ति, निकाय वा विज्ञहरूको सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरेको छ। त्यसैगरी कानूनी विषयमा अध्ययन, अनुसन्धान, अवधारणापत्र तयार, पुनरावलोकन समेत गर्ने तथा आयोगले कार्यान्वयनमा रहेका कानूनको सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले कानूनी सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ।

मुलुकको कानूनी प्रणालीलाई सुदृढ तथा परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्त्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान तथा प्रचलित कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने, कानूनको संशोधन तथा एकीकरण लगायतका विषयमा अध्ययन प्रतिवेदन तयार गर्ने, सर्वोच्च अदालतका फैसला, अन्तरराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी विषयमा अध्ययन गर्ने, विधिशास्त्रीय नवीनतम् अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य गर्दै आएको छ। न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले प्रचलित कानून, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धि, खारेज भएका कानून तथा नेपाल कानून लगायतका कानूनलाई अङ्ग्रेजी भाषामा अनुवाद तथा केही अन्तरराष्ट्रिय सन्धि लगायतलाई नेपाली भाषामा सिमित मात्रामा अनुवाद गरी वेबसाइटमा राख्ने कार्य गर्दै आएको छ।

आयोगले सम्पादन गर्ने कार्यहरू स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेट बमोजिम सञ्चालन हुँदै आएका छन्। यस आर्थिक वर्षमा कानून तर्जुमा गर्न लक्ष्य तोकिएका ४ वटा विधेयक तर्जुमा रहेकोमा ५ वटा विधेयक तर्जुमा गरिएको

र अध्ययन अनुसन्धानमा ५ वटा लक्ष्य तोकिएकोमा ७ वटा अध्ययन अनुसन्धान गरी दुवैतर्फ क्रमशः १२५ प्रतिशत र १४० प्रतिशत कार्य सम्पन्न भएको अवस्था छ। आयोगको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम र प्रगतिको विवरण अनुसूची-९ मा समावेश गरिएको छ।

## ३.२ खर्च र प्रगति

आर्थिक वर्ष २०८२/८३ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रू. ४,३०,४९,००८।- (चार करोड तीस लाख उनन्पचास हजार आठ रुपैयाँ) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. ३७,५०,०००।- (सैंतिस लाख पचास हजार रुपैयाँ) वार्षिक बजेट निकासा भएबमोजिम बजेटको चालुतर्फ ७३ प्रतिशत र पूँजीगत तर्फ ७० प्रतिशत खर्च भएको छ।

## ३.३ आर्थिक वर्ष २०८२/०८३ मा सम्पादित कार्यहरू

### ३.३.१ आयोगबाट तर्जुमा गरिएका विधेयक

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रममा आयोगले चार वटा विधेयक मसौदा गर्ने लक्ष्य लिएकोमा पाँच वटा विधेयकको मसौदा तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएको छ। आयोगले तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएको विधेयकका मसौदा अनुसूची-१० मा समावेश गरिएको छ। यस आर्थिक वर्षमा तर्जुमा गरिएका विधेयक देहाय बमोजिम रहेका छन्:-

- बदनियतपूर्वकको अनुसन्धान र अभियोजन पीडितलाई क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (मिति २०८३/०२/२९ मा गृह मन्त्रालयमा पठाइएको)
- नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (मिति २०८३/०३/३२ मा शिक्षा तथा खेलकुद मन्त्रालयमा पठाइएको)
- दलितको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (मिति २०८३/०२/२२ मा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको)

- युवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (मिति २०८३/०३/१६ मा युवा, श्रम तथा रोजगार मन्त्रालयमा पठाइएको)
- नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक (मिति २०८३/०१/२८ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको)

### ३.३.२ छलफल तथा अन्तरक्रिया

आयोगको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रममा आयोगबाट तर्जुमा भएका विधेयकहरूका सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरी राय सुझाव सङ्कलन गर्ने क्रममा बदनियतपूर्वकको अनुसन्धान र अभियोजन पीडितलाई क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा मिति २०८३/०१/२५ गते आयोगका सचिवको अध्यक्षतामा नेपाल सरकार गृह मन्त्रालय, अर्थ मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, फैसला कार्यान्वयन निर्देशनालय, विशेष सरकारी वकिल कार्यालय, काठमाडौं जिल्ला अदालत  र जिल्ला प्रहरी परिसर काठमाडौं लगायतका निकायबाट उपस्थित पदाधिकारी तथा प्रतिनिधिसँग छलफल गरी राय सुझाव प्राप्त गरियो।

### ३.३.३ अध्ययन प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३ को आयोगको वार्षिक कार्यक्रममा विभिन्न कानूनको अध्ययन, अनुसन्धान गर्न बजेट विनियोजन भएको थियो। सो बमोजिम देहायका विषयहरूमा अध्ययन,  अनुसन्धान गरी अध्ययन प्रतिवेदन तयार गरिएका छन्ः-

**(क) कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स, ए.आई.) :**

**<u>अध्ययनको निष्कर्ष</u>**

वर्तमान समय सूचना र प्रविधिको विकासको परिष्कृत रूप मान्न सकिन्छ। यसको प्रयोग शिक्षा, स्वास्थ्य, वित्त, न्याय प्रणाली, सार्वजनिक सेवा, उद्योग तथा सुरक्षा लगायतका विभिन्न क्षेत्रमा भएको छ। कृत्रिम बुद्धिमताको अवधारणा नेपालको कानूनी क्षेत्रमा नौलो विषय भए तापनि यसको

प्रयोगकर्ता दिनानुदिन बढ्दै गएको देखिन्छ। नेपालमा यसको उपयोगिता बढाउन सके समग्र मुलुकको विकासमा यसले टेवा पुऱ्याउने देखिन्छ।

**<u>सुझाव</u>**

- कृत्रिम बुद्धिमत्ताको कानूनी प्रश्नहरूलाई पर्याप्त रूपमा सम्बोधन गर्न तथा यसको विकास, प्रयोग, उत्तरदायित्व, नियमन तथा निरीक्षणलाई समेट्ने विशेष कानून निर्माण गरिनुपर्ने,
- कृत्रिम बुद्धिमत्ता प्रणालीलाई जोखिमका आधारमा वर्गीकरण गरी उच्च जोखिमयुक्त प्रणालीका लागि दर्ता, पूर्व परीक्षण, नियमित निरीक्षण तथा प्रभाव मूल्याङ्कनको व्यवस्था गरिनुपर्ने,
- कृत्रिम बुद्धिमत्ताको प्रयोग, निरीक्षण, प्रमाणीकरण, गुनासो सुनुवाइ, अनुसन्धान तथा मापदण्ड निर्धारणका लागि विशेषज्ञता सम्पन्न स्वतन्त्र नियामक निकाय वा विद्यमान नियामक संस्थाभित्र विशेष इकाइ स्थापना गरिनुपर्ने,
- नागरिकको अधिकारमा प्रत्यक्ष प्रभाव पार्ने कृत्रिम बुद्धिमत्ता प्रणालीमा निर्णय प्रक्रिया पारदर्शी हुनुपर्ने कानूनी व्यवस्था गरिनुका साथै अन्तिम निर्णयमा आवश्यक अवस्थामा मानव निरीक्षण अनिवार्य गरिनुपर्ने,
- कृत्रिम बुद्धिमत्ताको विकास तथा प्रयोगका क्रममा व्यक्तिगत तथ्याङ्कको सङ्कलन, प्रयोग, भण्डारण तथा प्रशोधन सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण गरी वैयक्तिक गोपनीयताको प्रभावकारी संरक्षण सुनिश्चित गरिनुपर्ने,
- कृत्रिम बुद्धिमत्ता प्रणालीबाट क्षति उत्पन्न भएमा विकासकर्ता, सेवा प्रदायक, सञ्चालक तथा प्रयोगकर्तामध्ये कसको कस्तो उत्तरदायित्व हुने भन्ने विषयमा स्पष्ट कानूनी व्यवस्था गरिनुपर्छ तथा आवश्यक परे क्षतिपूर्ति सम्बन्धी संयन्त्र समेत विकास गरिनुपर्ने,
- न्यायपालिका, सरकारी निकाय, सुरक्षा निकाय तथा नियामक संस्थाका कर्मचारीलाई कृत्रिम बुद्धिमत्ता सम्बन्धी कानूनी, प्राविधिक तथा नैतिक पक्षमा नियमित तालिम प्रदान गरी संस्थागत क्षमता अभिवृद्धि गरिनुपर्ने।

**(ख) प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग र प्रभाव सम्बन्धी अध्ययन:**

**<u>अध्ययनको निष्कर्ष</u>**

प्रचलित कानूनमा सार्वजनिक निकायका पदाधिकारीको योग्यता, अनुभव, पारिश्रमिक तथा सेवा सुविधाको सम्बन्धमा "पाए सरह" वा "सोसरह" जस्ता अस्पष्ट पदावलीहरूको प्रयोगले सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीको योग्यता, अनुभव, पारिश्रमिक तथा सेवा सुविधा लगायतका विषयमा अन्यौलता सृजना गरेको छ। स्पष्ट, मापनयोग्य, एकीकृत र पारदर्शी मापदण्ड निर्माण गर्नु तथा कानूनमा नै यस्ता पदावलीको प्रयोगको सम्बन्धमा स्पष्टता कायम गरी विधेयक मस्यौदाकारलाई नै जवाफदेही बनाउनु दीर्घकालीन समाधान हो।

साथै त्यस्ता शब्दहरूको प्रयोगले सार्वजनिक निकायका पदाधिकारीले सम्पादन गर्नु पर्ने काम र जिम्मेवारी बमोजिम पारिश्रमिक तथा सेवा सुविधा प्राप्त नगरी केवल पदको आधारमा अर्को निकायको माथिल्लो मर्यादाक्रमको पदाधिकारीले पाएको सेवा सुविधा प्रदान गर्ने गरिएको, राज्यको स्रोत साधनको दुरूपयोग हुने गरेको र सार्वजनिक निकायका पदाधिकारी नियुक्तिमा स्वार्थको द्वन्द हावी हुने देखिएको हुँदा कानूनको तर्जुमा गर्दा यस्ता शब्दहरू प्रयोग गर्न निरूत्साहित गर्ने र भई रहेका कानूनका त्यस्ता शब्द हटाएर सुधार गर्न उपयुक्त देखिन्छ।

**<u>सुझाव</u>**

- सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीको योग्यता, पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी मापदण्ड कानूनमा नै स्पष्ट गर्न छाता ऐन (Umbrella Act) को आवश्यक पर्ने हुँदा त्यस्तो छाता ऐन बनाई ऐनबाट सेवा सुविधा निर्धारण गरी विभिन्न कानूनमा भएका "पाए सरह" वा "सो सरह" शब्द हटाउने,
- छाता ऐनमा सिफारिस गरिएको कानूनमा नै नेपाल सरकारले नियुक्त गर्ने सार्वजनिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवा सुविधा र

न्यूनतम योग्यताको अलग अलग सूची बनाई सो सूची बमोजिमको सेवा सुविधा तोक्ने,

- सार्वजनिक निकायका पदाधिकारी नियुक्ति गर्दा नियुक्ति हुनेको योग्यता, अनुभव, पारिश्रमिक, सेवा, सुविधा लगायतका विषयमा स्पष्ट एकरुपता नहुँदा स्वार्थको द्वन्द देखिने भएकोले अनुकूल व्याख्या नगरी कानूनी स्पष्टताको लागि छुट्टै कानूनको व्यवस्था गर्नु पर्ने,
- कानून बनाउदा नेपाल सरकार मन्त्रिपरिषद्बाट जारी भएको मर्यादाक्रम अनुरुपको पदको सेवा सुविधा सोही बमोजिम हुनेगरी नियुक्त हुने सार्वजनिक पदाधिकारीको हकमा समेत लागू हुने गरी कानूनी व्यवस्था गर्नुपर्ने।

**(ग) सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिरको अध्ययन:**

<u>**अध्ययनको निष्कर्ष**</u> **:**

संवैधानिक कानूनका सम्बन्धमा सम्मानित अदालतहरुबाट न्यायिक सक्रियता देखाई धेरै परमादेश तथा निर्देशनात्मक आदेश समेत भएका छन्। अदालतबाट भएका त्यस्ता आदेशहरुले संवैधानिक कानूनलाई परिष्कृत र समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। साथै सम्मानित अदालतहरुबाट भएका आदेशले विभिन्न फरक फरक विषयमा नयाँ नयाँ विधिशास्त्रको विकास समेत गरेको छ।

सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएका न्यायिक सिद्धान्त तथा अदालतहरुबाट भएका आदेश नेपाल सरकारले विभिन्न कानूनी व्यवस्था तथा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट लगायतका माध्यमबाट कार्यान्वयन गरेको भए तापनि निर्देशनात्मक आदेशहरु पूर्ण रुपमा कार्यान्वयन भएको अवस्था देखिदैंन। आदेश कार्यान्वयनको सम्बन्धमा केही नीतिगत, कानूनी, संरचनागत र केही व्यवहारिक कमी कमजोरीका कारण समस्या रहेका देखिन्छन्। त्यस्ता समस्या समाधान गर्दै संवैधानिक कानूनको विकासमा अदालतबाट भएका निर्देशनात्मक

आदेश र प्रतिपादित नजिरको देहाय बमोजिम कार्यान्वयन गरी नेपालको संविधानले परिकल्पना गरेको कानूनको शासन र संवैधानिक सर्वोच्चता कायम गर्न उपयुक्त देखिन्छ।

<u>सुझाव</u>

- नीतिगत, कानूनी, संरचनागत लगायतका समस्या समाधान गर्न आफ्नो जिम्मेवार क्षेत्रका सबै निकायले कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,
- सर्वोच्च अदालतबाट समय समयमा भएका अध्ययन प्रतिवेदनहरुमा रहेका संवैधानिक कानूनको विकाससँग सम्बन्धित सुझावहरु कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- सर्वोच्च अदालतका नजिरहरूको व्यवस्थित अध्ययन, सङ्कलन र विषयगत आधारमा सरोकारवालाले सजिलै प्राप्त गर्ने संयन्त्रको विकास गर्ने,
- संवैधानिक कानूनको व्याख्यामा एकरूपता कायम गर्न न्यायाधीश तथा कानूनी अनुसन्धानकर्ताहरूको क्षमता विकाससम्बन्धी कार्यलाई प्रभावकारी बनाउने,
- मौलिक हकको कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायले न्यायिक प्रक्रियालाई अझ छिटो, सरल र पहुँचयोग्य बनाउने व्यवस्था गर्ने,
- संवैधानिक न्यायशास्त्रलाई सुदृढ बनाउन तुलनात्मक संवैधानिक अध्ययन, अनुसन्धान तथा कानूनी शिक्षालाई विस्तृत बनाउने।

**(घ) नेपालमा डिम्बदान सम्बन्धी कानूनी व्यवस्था र यसको आवश्यकता सम्बन्धी अध्ययनः**

**<u>अध्ययनको निष्कर्ष</u>**

डिम्बदान सहायक प्रजनन प्रविधि अन्तर्गत प्रयोग हुने महत्वपूर्ण चिकित्सा विधि हो। जसले प्राकृतिक रूपमा गर्भधारण गर्न नसक्ने महिला तथा दम्पतीलाई सन्तान प्राप्तिको वैकल्पिक अवसर प्रदान गर्दछ। आधुनिक

चिकित्सा विज्ञानको विकाससँगै यसको प्रयोग विश्वव्यापी रूपमा विस्तार हुँदै गएको छ। यसले प्रजनन अधिकारको प्रभावकारी अभ्यासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भए तापनि डिम्बदाता, प्राप्तकर्ता तथा डिम्बदानबाट जन्मिने बालबालिकाको अधिकार, स्वास्थ्य सुरक्षा, अभिभावकत्व, गोपनीयता, जैविक पहिचान तथा व्यावसायीकरणसँग सम्बन्धित विविध कानूनी, नैतिक तथा सामाजिक प्रश्नहरू समेत उत्पन्न गरेको छ। त्यसैले अधिकांश विकसित मुलुकहरूले सहायक प्रजनन प्रविधिलाई स्पष्ट कानूनी तथा संस्थागत संरचनामार्फत नियमन गरेका छन्।

यस अध्ययनबाट अन्तरराष्ट्रिय सन्धि, घोषणा तथा मार्गनिर्देशनहरूले प्रत्यक्ष रूपमा डिम्बदानलाई नियमन नगरे पनि प्रजनन अधिकार, स्वास्थ्यको अधिकार, मानव मर्यादा, शारीरिक स्वायत्तता, सूचित सहमति, बालबालिकाको सर्वोत्तम हित, दाता र प्राप्तकर्ताको गोपनियता तथा जैविक नैतिकताका सिद्धान्तमार्फत यसको कानूनी आधार विकास गरेको देखिन्छ। त्यसैगरी भारत, बेलायत लगायतका कानूनी व्यवस्थाले डिम्बदानसम्बन्धी स्पष्ट कानूनी परिभाषा, इजाजतपत्र प्रणाली, डिम्बदाताको स्वास्थ्य सुरक्षा, सूचित सहमति, अभिलेख व्यवस्थापन, दाता तथा प्राप्तकर्ताको अधिकार र दायित्व, डिम्बदानबाट जन्मिने बालबालिकाको कानूनी स्थिति तथा प्रभावकारी नियमनकारी निकायको व्यवस्था गरी सुरक्षित र उत्तरदायी प्रणाली विकास गरेका छन्। अन्य मुलुकका अदालतबाट प्रतिपादित सिद्धान्तहरुले समेत डिम्बदानसम्बन्धी विवादमा सूचित सहमति, चिकित्सकीय मापदण्ड, करारको पालना, कानूनी अभिभावकत्व तथा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिएको देखिन्छ।

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हक, महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हक र गोपनीयताको हकलाई मौलिक हकको रूपमा स्वीकार गरेको भए पनि डिम्बदानसम्बन्धी छुट्टै कानूनी व्यवस्था हालसम्म निर्माण हुन सकेको छैन। विद्यमान मुलुकी अपराध संहिता,

मुलुकी देवानी संहिता, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन तथा अन्य कानूनी व्यवस्थाहरूले डिम्बदानलाई प्रत्यक्ष रूपमा सम्बोधन नगरेकाले यस क्षेत्रमा कानूनी अस्पष्टता विद्यमान रहेको छ। साथै डिम्बदाता, प्राप्तकर्ता, स्वास्थ्य संस्था तथा डिम्बदानबाट जन्मिने बालबालिकाको अधिकार, दायित्व तथा उत्तरदायित्वसम्बन्धी स्पष्ट व्यवस्था अभावमा रहेको, संस्थागत नियमन तथा अनुगमन प्रभावकारी हुन नसकेको तथा व्यावसायीकरण र सम्भावित शोषणको जोखिम कायम रहेको देखिन्छ। यस अवस्थामा अन्तरराष्ट्रिय अभ्यास, नेपालको संवैधानिक व्यवस्था तथा मानव अधिकारका सिद्धान्तलाई आधार बनाई डिम्बदानसम्बन्धी छुट्टै, स्पष्ट तथा वैज्ञानिक कानूनी व्यवस्था निर्माण गर्नु आवश्यक देखिन्छ।

**<u>सुझाव</u>**

- डिम्बदान प्रविधिको नियमन र व्यवस्थापनासम्बन्धी छुट्टै कानून निर्माण : नेपालमा डिम्बदान लगायत सहायक प्रजनन प्रविधि सम्बन्धी विषयलाई प्रत्यक्ष रूपमा नियमन र व्यवस्थित गर्ने छुट्टै कानूनको अभाव रहेको हुँदा यस क्षेत्रलाई व्यवस्थित, सुरक्षित तथा उत्तरदायी बनाउन समग्र ART प्रणालीलाई समेट्ने विशेष कानून निर्माण गर्नु आवश्यक देखिन्छ। उक्त कानूनमा डिम्बदानको परिभाषा, उद्देश्य, डिम्बदाता तथा प्राप्तकर्ताको योग्यता, अधिकार तथा दायित्व, सूचित सहमति, गोपनीयता, मानसिक, शारिरीक पक्षहरु, स्वास्थ्य सुरक्षा, अभिभावकत्व, उत्तराधिकार, विवाद समाधान तथा दण्डात्मक व्यवस्थालाई स्पष्ट रूपमा समावेश गरिनु पर्दछ। यसले हाल विद्यमान कानूनी अस्पष्टतालाई अन्त्य गरी सबै सरोकारवालाबीचको अधिकार तथा दायित्व स्पष्ट गर्न सहयोग पुऱ्याउनेछ। त्यसैगरी, उक्त कानून अन्तरराष्ट्रिय मानव अधिकारसम्बन्धी सिद्धान्त, नेपालको संविधान तथा प्रजनन स्वास्थ्यसम्बन्धी विद्यमान कानूनी व्यवस्थासँग अनुकूल हुने गरी निर्माण गरिनु आवश्यक छ। कानून निर्माण गर्दा चिकित्सक, कानूनविद्, जैविक नैतिकताका विज्ञ, महिला अधिकारकर्मी

तथा सरोकारवाला संस्थाहरूको सहभागितामा व्यापक परामर्श गरी नेपालको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाअनुकूल व्यवस्था विकास गरिनु उपयुक्त हुनेछ।

- प्रभावकारी नियमन तथा इजाजतपत्र प्रणालीको स्थापना: डिम्बदानसम्बन्धी सेवा प्रदान गर्ने अस्पताल, IVF केन्द्र तथा ART क्लिनिकहरूको प्रभावकारी नियमनका लागि स्पष्ट अधिकार प्राप्त नियामक निकाय स्थापना गरिनु आवश्यक छ। उक्त निकायले सेवा सञ्चालनका लागि इजाजतपत्र प्रदान गर्ने, आवश्यक मापदण्ड निर्धारण गर्ने, नियमित निरीक्षण तथा अनुगमन गर्ने, सेवा गुणस्तर मूल्याङ्कन गर्ने तथा कानूनी उल्लङ्घन भएको अवस्थामा आवश्यक कारबाही गर्ने अधिकार प्राप्त गर्नुपर्दछ। यसबाट देशभर सञ्चालनमा रहेका ART केन्द्रहरूको सेवा गुणस्तरमा एकरूपता कायम गर्न सहयोग पुग्नेछ। यसका अतिरिक्त, नियमनकारी निकायले डिम्ब सङ्कलन, भण्डारण, प्रयोग तथा नष्ट गर्ने प्रक्रियासम्बन्धी वैज्ञानिक तथा नैतिक मापदण्ड तयार गरी नियमित रूपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिनु आवश्यक छ। यसले सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व तथा जनविश्वास अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ।
- डिम्बदाताको स्वास्थ्य, अधिकार तथा सूचित सहमतिको प्रभावकारी संरक्षण : डिम्बदान प्रक्रिया स्वेच्छिक, सुरक्षित तथा पूर्ण रूपमा सूचित सहमतिमा आधारित हुनुपर्ने कानूनी व्यवस्था स्पष्ट रूपमा गरिनु आवश्यक छ। डिम्बदाता महिलालाई डिम्ब सङ्कलन प्रक्रियासँग सम्बन्धित सम्भावित स्वास्थ्य जोखिम, उपचार प्रक्रिया, भविष्यमा पर्न सक्ने प्रभाव, कानूनी परिणाम तथा आर्थिक पक्षबारे पूर्ण जानकारी प्रदान गरी मात्र सहमति लिनुपर्ने व्यवस्था गरिनु पर्दछ। साथै, सहमति कुनै पनि प्रकारको दबाब, छलकपट वा अनुचित आर्थिक प्रभावबाट मुक्त भएको सुनिश्चित गर्न आवश्यक कानूनी मापदण्ड निर्धारण गरिनु उपयुक्त हुन्छ। त्यसैगरी, डिम्बदाताको शारीरिक तथा मानसिक

स्वास्थ्य संरक्षणका लागि पूर्वस्वास्थ्य परीक्षण, मनोसामाजिक परामर्श (Psychological Counselling), उपचारपछिको स्वास्थ्य अनुगमन, आवश्यक बीमा तथा चिकित्सकीय सहायतासम्बन्धी व्यवस्था समेत कानूनमा समावेश गरिनु आवश्यक छ। विशेष गरी आर्थिक रूपमा विपन्न महिलाको सम्भावित शोषण रोक्न डिम्बदानको आवृत्ति, उमेर सीमा तथा स्वास्थ्यसम्बन्धी न्यूनतम मापदण्ड पनि स्पष्ट रूपमा निर्धारण गरिनु पर्दछ।

- डिम्बदानबाट जन्मिने बालबालिकाको अधिकार संरक्षण : डिम्बदानसम्बन्धी कानून निर्माण गर्दा डिम्बदानबाट जन्मिने बालबालिकाको सर्वोत्तम हित (Best Interests of the Child) लाई प्राथमिक आधारका रूपमा ग्रहण गरिनु आवश्यक छ। भविष्यमा बालबालिकाको कानूनी हैसियतसम्बन्धी विवाद उत्पन्न हुन नदिन कानूनम नै कानूनी अभिभावकत्व, जन्मदर्ता, राष्ट्रियता, उत्तराधिकार तथा अन्य नागरिक अधिकारहरू स्पष्ट रूपमा सुनिश्चित गरिनु पर्दछ। यसले बालबालिकाको अधिकार संरक्षणसँगै पारिवारिक सम्बन्धमा समेत कानूनी निश्चितता कायम गर्न सहयोग पुऱ्याउनेछ। यसका अतिरिक्त, डिम्बदाताको गोपनीयताको अधिकार र डिम्बदानबाट जन्मिने बालबालिकाको आफ्नो जैविक उत्पत्तिसम्बन्धी जानकारी प्राप्त गर्ने अधिकारबीच उचित सन्तुलन कायम गर्ने नीति अवलम्बन गरिनु आवश्यक छ। यस सम्बन्धमा अन्तरराष्ट्रिय अभ्यास, मानव अधिकारका सिद्धान्त तथा बालअधिकारसम्बन्धी अन्तरराष्ट्रिय मापदण्डलाई आधार मानी आवश्यक कानूनी व्यवस्था गरिनु उपयुक्त हुनेछ।
- राष्ट्रिय अभिलेख प्रणाली : डिम्बदानसम्बन्धी सम्पूर्ण प्रक्रियालाई व्यवस्थित बनाउन राष्ट्रिय स्तरको सुरक्षित अभिलेख (National Registry) स्थापना गरिनु आवश्यक छ। उक्त प्रणालीमा डिम्बदाता, प्राप्तकर्ता, ART क्लिनिक, डिम्ब सङ्कलन, भण्डारण तथा डिम्बदानबाट

जन्मिएका बालबालिकासम्बन्धी आवश्यक विवरण सुरक्षित रूपमा अभिलेखीकरण गरिनु पर्दछ। यसले नीति निर्माण, अनुसन्धान, नियमन तथा चिकित्सकीय आवश्यकताका लागि विश्वसनीय तथ्याङ्क उपलब्ध गराउन सहयोग पुऱ्याउनेछ। यद्यपि यस्तो अभिलेख प्रणाली सञ्चालन गर्दा व्यक्तिगत गोपनीयताको अधिकारलाई विशेष प्राथमिकता दिनु आवश्यक हुन्छ। त्यसैले व्यक्तिगत विवरणको पहुँच, प्रयोग तथा खुलासा सम्बन्धी स्पष्ट कानूनी मापदण्ड निर्धारण गरी कानूनले तोकेको अवस्था वा सम्बन्धित व्यक्तिको सहमतिमा मात्र अभिलेख प्रयोग गर्न सकिने व्यवस्था गरिनु आवश्यक छ।

- व्यावसायीकरण नियन्त्रण तथा नैतिक अभ्यासको प्रवर्द्धन : डिम्बदानको मूल उद्देश्य निःसन्तान दम्पतीलाई उपचार उपलब्ध गराउनु भएकाले यसलाई नाफामुखी व्यापारिक गतिविधिमा रूपान्तरण हुन नदिन स्पष्ट कानूनी व्यवस्था गरिनु आवश्यक छ। डिम्ब खरिद बिक्री, बिचौलियामार्फत हुने अवैध कारोबार तथा आर्थिक प्रलोभनका आधारमा महिलालाई डिम्बदान गर्न बाध्य पार्ने कार्यलाई स्पष्ट रूपमा निषेध गरिनु पर्दछ। आवश्यक परे डिम्बदाताले व्यहोरेको वास्तविक खर्च तथा उपचारसम्बन्धी खर्चको उचित क्षतिपूर्तिको व्यवस्था गर्न सकिने भए पनि त्यसलाई आर्थिक लाभ कमाउने माध्यम बन्न नदिने नीति अपनाउनु उपयुक्त हुन्छ। यसका साथै ART सेवा प्रदान गर्ने संस्थाहरूका लागि जैविक नैतिकता (Bioethics) सम्बन्धी आचारसंहिता, व्यावसायिक आचरण तथा उत्तरदायित्वसम्बन्धी स्पष्ट कानूनी प्रावधान विकास गरी त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ। यसले मानव मर्यादा, महिला अधिकार तथा स्वास्थ्य सेवाप्रतिको सार्वजनिक विश्वासलाई दीर्घकालीन रूपमा सुदृढ बनाउन सहयोग पुऱ्याउनेछ।

- जनचेतना, अनुसन्धान तथा क्षमता अभिवृद्धि : नेपालमा डिम्बदानसम्बन्धी विषय अझै पनि सीमित जानकारी र सामाजिक

संवेदनशीलतासँग जोडिएको विषय भएकाले यस सम्बन्धमा वैज्ञानिक, कानूनी तथा नैतिक पक्षबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक देखिन्छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सम्बन्धित व्यावसायिक परिषद्, विश्वविद्यालय तथा नागरिक समाजको सहकार्यमा जनचेतनामूलक कार्यक्रम, प्रशिक्षण तथा सूचना सामग्री विकास गरिनु उपयुक्त हुनेछ। यसले डिम्बदानसम्बन्धी भ्रम तथा सामाजिक कलङ्क (stigma) न्यूनीकरण गर्न सहयोग पुऱ्याउनेछ।

**(ङ) समलिङ्गी विवाह सम्बन्धी सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन तथा विद्यमान कानूनमा गरिएको अध्ययन** :

<u>निष्कर्ष र सुझाव</u>

- समलिङ्गी विवाह गरेका जोडीहरुको हकमा निजहरुको दैनिक व्यवहारमा आवश्यक पर्ने आधारभूत विषयहरुमा सहजिकरण हुने गरी तत्काल व्यवस्था गर्नु पर्ने,
- प्रस्तुत विषयमा यस आयोगले कानूनी पक्षमा मात्र केन्द्रित रही अध्ययन गरिएको र आर्थिक, सामाजिक तथा समाजशास्त्रीय पक्षबाट अध्ययन गरिएको छैन। समलिङ्गी विवाहलाई कानूनी रूपमा मान्यता दिइँदा त्यस्ता अन्तरसम्बन्धित विषयहरू र जनसङ्ख्या नीतिमा पर्ने दीर्घकालीन असर र प्रभावको सम्बन्धमा सम्बन्धित विज्ञ तथा सरोकारवालाहरुसँग छलफल गरी राय, परामर्श लिई थप विस्तृत अध्ययन तथा अनुसन्धान गर्न उपयुक्त हुने,
- माथि उल्लिखित दोस्रो बुदाँ बमोजिम गरिने विस्तृत अध्ययन तथा अनुसन्धानको सुझाव र समलिङ्गी विवाह सम्बन्धी कानूनी व्यवस्थाले नेपाली समाजमा पार्न सक्ने दीर्घकालीन प्रभाव, त्यस्तो कानून बनाउँदा विद्यमान प्रचलित कानून मध्ये कुन कुन कानूनमा कहाँ, के कस्तो संशोधन गर्नु पर्ने हो सो विषय र त्यस्तो कानूनले पार्न सक्ने प्रभाव समेतका आधारमा समलिङ्गी विवाह सम्बन्धी

कानूनी व्यवस्थाको सम्बन्धमा नेपाल सरकारबाट नीतिगत स्पष्टता सहित आवश्यक निर्णय हुनु पर्ने,

- उल्लिखित तेस्रो बुदाँ बमोजिम नेपाल सरकारले समलिङ्गी विवाहलाई कानूनी मान्यता दिने गरी नीतिगत निष्कर्ष निकालेको र नीतिगत स्पष्टता भएको अवस्थामा अन्तरसम्बन्धित प्रचलित नेपाल कानूनका सम्बन्धमा समेत संशोधन र परिमार्जन सहित कानूनी व्यवस्था गर्न उपयुक्त हुने।

**(च) नेपाल कानून आयोगको पुनर्संरचना सम्बन्धी अध्ययन :**

नेपाल सरकारले लिएको शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयन गर्न सहयोग पुऱ्याउन नेपाल कानून आयोगको भूमिका अझै प्रभावकारी बनाउन आवश्यकता महशुस गरियो। नेपालको संविधान बमोजिम कानून निर्माण गर्ने सम्बन्धमा तीनै तहका कानून तर्जुमा गर्नुपर्ने हुँदा त्यस्ता कानूनको अध्ययन, अनुसन्धान, एकीकरण, संशोधन र पुनरावलोकन गर्न आयोगको क्षेत्राधिकार विस्तार, आयोगको पुनर्संरचना र आयोगलाई विशेषज्ञ निकायका रुपमा विकास गरी अधिकार सम्पन्न बनाउने निष्कर्ष सहितको अध्ययन प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गरियो।

**(छ) नेपालको संविधानको पुनरावलोकन सम्बन्धी अध्ययन :**

नेपाल कानून आयोगबाट नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने समेत आयोगको काम, कर्तव्य र अधिकार तोकिएको हुँदा उक्त व्यवस्था बमोजिम यस आयोगबाट नेपालको संविधान पुनरावलोकन गर्ने सम्बन्धमा आयोगका उपाध्यक्षको संयोजकत्वमा अध्ययन कार्यदल गठन भई कार्य भइरहेको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नेपालको संविधान संशोधनः बहसपत्र कार्यदल, २०८३ सम्बन्धी कार्यदल गठन भएको र उक्त कार्यदलको सदस्यमा यस आयोगको सचिवको समेत प्रतिनिधित्व रहेको थियो। सो कार्यदलबाट संविधान संशोधन सम्बन्धी विस्तृत रुपमा बहसपत्र तयार हुने हुँदा यस आयोगबाट संविधानको पुनरावलोकन अध्ययन गर्दा

संवैधानिक तथा कानूनी र भाषागत त्रुटी, शुद्धाशुद्धी तथा कानून तर्जुमाका दृष्टिकोणले मिलाउनु पर्ने लगायतका विषयवस्तुमा मात्र सीमित रही संक्षिप्त रुपमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ।

### ३.३.४ अन्तरक्रिया कार्यक्रम

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचनामा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग तीन तहबाट हुने गरी संविधानले व्यवस्था गरेको छ। संविधानका विभिन्न धारा र अनुसूचीमा तीन तहको एकल र साझा अधिकार स्पष्ट रुपमा उल्लेख भएको र सो अधिकार अन्तर्गत रही तीन तहले कानून बनाउन पाउने व्यवस्था संविधानले निर्दिष्ट गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ र नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७३/१०/१८ गते स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनले संविधानबाट प्राप्त अधिकारको प्रयोग र कार्यान्वयनमा थप स्पष्ट गरेको छ। यसै सन्दर्भमा कानून तर्जुमाको जानकारी गराउने उद्देश्य अनुरुप आयोगले आर्थिक वर्ष २०८२/०८३ मा देहाय बमोजिमका अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेका छन्:-

**(क) कानून तर्जुमा सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम (पाल्पा)**

कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रिया तथा कार्यान्वयनको अवस्था र स्थानीय कानून निर्माणमा देखिएका समस्या र समाधानका उपायका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न आयोगको आयोजना र बगनासकाली गाउँ कार्यपालिकाको कार्यालयमा मिति २०८२/१२/१५ गते लुम्बिनी प्रदेश पाल्पा जिल्ला, बगनासकाली गाउँ कार्यपालिकाको कार्यालयमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो। उक्त कार्यक्रममा बगनासकाली गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विधायन समितिका पदाधिकारी, नौ वटा वडाका सम्पूर्ण वडा अध्यक्षहरू, महिला एवम् अन्य सदस्यहरू र कानून तर्जुमा कार्यमा संलग्न कर्मचारीहरू गरी जम्मा ६०

जना सहभागीहरूको सहभागिता रहेको थियो। उक्त अन्तरक्रिया कार्यक्रमका उपलब्धि देहायबमोजिम रहेका छन्ः-

- कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रियाको अवस्था, स्थानीय कानून निर्माण प्रक्रियामा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा कार्यक्रमबाट सहभागीहरूले सैद्धान्तिक, व्यवहारिक एवम् प्रयोगात्मक ज्ञान प्राप्त गरेको र सहभागीहरू मार्फत पनि आफूले जाने बुझेको ज्ञान आदानप्रदान भएको,
- स्थानीय तहमा कानून निर्माण गर्दा देखिएका तहगत समन्वयका समस्या र सो समस्याका समाधानका उपाय सम्बन्धी विषयमा सहभागीबिच छलफल भई सुझाव प्राप्त भएकोले भविष्यमा स्थानीय तहको कानून तर्जुमामा सकारात्मक प्रभाव पर्ने देखिएको।

**(ख) कानून तर्जुमा सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम (रोल्पा)**

कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रिया तथा कार्यान्वयनको अवस्था र स्थानीय कानून निर्माणमा देखिएका समस्या र समाधानका उपायका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न आयोगको आयोजना र लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालयको व्यवस्थापन तथा सहजीकरणमा मिति २०८२/०८/२८ गते लुम्बिनी प्रदेश रोल्पा जिल्ला, लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालयमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो। उक्त कार्यक्रममा लुङ्ग्री गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, विधायन समितिका पदाधिकारी, सात वटा वडाका सम्पूर्ण वडा अध्यक्षहरू, महिला सदस्यहरू र कानून तर्जुमा कार्यमा संलग्न कर्मचारीहरू गरी जम्मा ५४ जनाको सहभागिता रहेको थियो। उक्त अन्तरक्रिया कार्यक्रमका उपलब्धि देहायबमोजिम रहेका छन्ः-

- कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रियाको अवस्था, स्थानीय कानून निर्माण प्रक्रियामा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा कार्यक्रमबाट सहभागीहरूले सैद्धान्तिक,

व्यवहारिक एवम् प्रयोगात्मक ज्ञान प्राप्त गरेको र सहभागीहरू मार्फत पनि आफूले जाने बुझेको ज्ञान आदानप्रदान भएको,

- सहभागीलाई न्यायिक समितिको कार्यविधि र न्यायिक समितिको कार्यसम्पादन सम्बन्धी विषयमा भएको अन्यौलता हटाउन मद्दत मिलेको,
- स्थानीय तहमा कानून निर्माण गर्दा देखिएका तहगत समन्वयका समस्या र सो समस्याका समाधानका उपाय सम्बन्धी विषयमा सहभागीबिच छलफल भई सुझाव प्राप्त भएको।

### ३.३.५ प्रशिक्षार्थी (इन्टर्न) कार्यक्रम सञ्चालन

नेपालका विभिन्न विश्वविद्यालयका कानून सङ्काय अन्तर्गतका क्याम्पस, कलेजमा स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोगबाट इन्टर्नसिप कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमबाट नेपाल ल क्याम्पसबाट रुची शाह र काठमाडौं स्कूल अफ ल बाट उपासना कट्टेल र प्रशिद्धि घिमिरे गरी जम्मा तीन जना विद्यार्थीहरू लाभान्वित भएका छन्।

### ३.३.६ वेबसाइटमा कानूनको अद्यावधिक

आयोगले www.lawcommission.gov.np वेबसाइटमा संविधान, ऐन, अध्यादेश, विकास समिति (गठन) आदेश, नियम, अन्तरराष्ट्रिय सन्धि, सम्झौता लगायतका कानूनसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू प्रकाशन गर्दै आएको छ। यसरी प्रकाशन गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गरेको आधारमा नियमित रूपमा अद्यावधिक गरी वेबसाइटमा प्रकाशन गरिन्छ।

### ३.३.७ आयोगमा सूचना प्रविधिको प्रयोग

**(क) वेबसाइट व्यवस्थापन :**

आयोगबाट सम्पादन भएका कार्यहरू आयोगको वेबसाइटमा www.lawcommission.gov.np मा देहाय बमोजिम प्रकाशन तथा व्यवस्थापन गर्ने गरेको छ:-

- वि.सं. २०६५ सालदेखि आफ्नै वेबसाइट www.lawcommission.gov.np मा संविधान, ऐन, अध्यादेश, विकास समिति (गठन) आदेश, नियम, अन्तरराष्ट्रिय सन्धि सम्झौता लगायतका कानूनसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू विद्युतीय प्रतिमा प्रकाशन गर्दै आएको छ।

- वेबसाइटमा रहेका कानूनमा विद्युतीय माध्यमबाट सरोकारवाला तथा सेवाग्राहीको सरल एवम् सहज पहुँच सुनिश्चित गर्दै आएको छ। साथै केही सङ्घीय कानूनको अङ्ग्रेजी भाषामा अनुवाद तथा खारेज भएका कानून समेत वेबसाइटमा प्रकाशन गर्दै आएको छ।

- वेबसाइटलाई साइबर सुरक्षा जोखिमबाट बचाउनको लागि सुरक्षा प्रणालीलाई थप मजबुत बनाइएको छ। सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८ बमोजिम तयार भएको ढाँचामा Website Migration गरिएको छ। त्यसैगरी एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली (Government Integrated Website Management System) अनुसारको नयाँ वेबसाइट प्रयोगमा ल्याई सोही बमोजिम रहेका कानूनको सङ्ख्या अनुसूची-११ मा समावेश गरिएको छ।

- आर्थिक वर्ष २०७८/७९ देखि एण्ड्रोइड तथा एप्पल दुबैमा उपयोग गर्न सकिने गरी Kanun Aayog नामको मोबाइल एप्स निर्माण गरी विद्यमान कानून मोबाइलबाट हेर्न र पढ्न सकिने व्यवस्था गरेकोमा हाल एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली अनुसार नयाँ वेबसाइट प्रयोगमा रही मोबाइल एप्ससँग अन्तरआबद्धता गर्न नसकिएको हुँदा प्रयोगमा नरहेको अवस्था छ।

### (ख) एकीकृत कार्यालय व्यवस्थापन प्रणाली

डिजिटल नेपाल फ्रेमवर्क, २०७६ सँग सम्बन्धित सरकारी कार्यालय व्यवस्थापन गर्ने प्रयोजनका लागि विकास गरिएको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System) को सुरुवात भएको छ। प्रारम्भिक चरणमा हाल ई-हाजिरी, बिदा, काज तथा लगबुक जस्ता कार्यहरू GIOMS प्रणालीबाट गर्ने गरिएको छ। आगामी दिनमा कार्यालयमा हुने

पत्रव्यवहारको दर्ता र चलानी तथा निर्णय प्रक्रियाको टिप्पणी तथा आदेशलाई समेत यस प्रणालीबाट कार्यान्वयन गरिने तयारी रहेको छ।

### ३.३.८ कानुन तर्जुमा दिग्दर्शनको तृतीय संस्करण प्रकाशन

नेपाल कानून आयोगबाट तर्जुमा गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६/०४/१९ मा स्वीकृत भएको "कानून तर्जुमा दिग्दर्शन" कार्यान्वयनमा रहेको र संवत् २०६९ मा द्वितीय संस्करणको रुपमा प्रकाशन समेत भएको थियो। सो समय पश्चात नेपालको संविधान जारी भई सङ्घ, प्रदेश र स्थानीय तहले कानून निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेको र विधायन ऐन, २०८१ ले समेत कानून तर्जुमाको सम्बन्धमा कानूनी व्यवस्था गरेकोले सोही बमोजिम संशोधन र परिमार्जन गर्न आवश्यक भई संशोधन र परिमार्जन सहित आयोगले तृतीय संस्करण समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ। दिग्दर्शन लगायत आयोगबाट भएका प्रकाशनहरू अनुसूची-१२ मा समावेश गरिएको छ।

### ३.३.९ क्षमता अभिवृद्धि कार्यक्रम

नेपाल कानून आयोग ऐन, २०६३ ले आयोगलाई दिएको जिम्मेवारीमध्ये कानूनको तर्जुमा गर्ने प्रमुख कार्य हो। कानूनको तर्जुमा एक जटिल प्राविधिक काम भएकोले यसको लागि दक्ष कर्मचारीको आवश्यकता पर्दछ। कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी दक्षता अभिवृद्धि गर्न न्याय सेवा, कानून समूहका राजपत्रांकित तथा अनंकित कर्मचारीलाई कानून तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम आवश्यक पर्ने हुँदा आयोगको आर्थिक वर्ष २०८२/०८३ मा कर्मचारीलाई क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम अन्तर्गत नेपाल न्याय सेवा, कानून समूहका शाखा अधिकृतस्तरका कर्मचारीका लागि दुई दिवसीय "कानून तर्जुमा सम्बन्धी प्रशिक्षण कार्यक्रम" र निजामती सेवाका राजपत्र अनङ्कित सहायकस्तरका कर्मचारीहरूका लागि कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न, पत्र व्यवहार तथा टिप्पणी लेखनको क्षमता अभिवृद्धि गर्न र कानून तर्जुमा सम्बन्धी ज्ञान प्रदान गर्न दुई दिवसीय "कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम" सञ्चालन गरेको थियो।

### ३.३.१० आयोगले तर्जुमा गरेका विधेयक र कार्यान्वयनको अवस्था

- आयोगले स्थापना कालदेखि नै विधेयक तर्जुमा गरी नेपाल सरकार समक्ष पेस गर्दै आएको छ। आर्थिक वर्ष २०६३/०६४ देखि हालसम्म आयोगले तर्जुमा गरेका विधेयकको विवरण अनुसूची-१३ मा समावेश गरिएको छ।
- आयोगले वि.सं. २०१० सालदेखि नै विधेयक तर्जुमाको कार्यलाई पहिलो प्राथमिकता सहित विभिन्न विधेयक तर्जुमा गर्दै आएको छ। तर आयोगबाट तर्जुमा भएका सबै विधेयकले प्राथमिकता पाएको देखिदैन। नेपालको संविधान जारी भए पश्चात मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित ५० वटा विधेयक तर्जुमा र सिफारिस गरिएकोमा सोको कार्यान्वयनको अवस्था सहितको विवरण अनुसूची-१४ मा समावेश गरिएको छ।

## परिच्छेद-४

## अवसर र चुनौती

आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन एवम् अनुसन्धान सम्बन्धी कार्य सञ्चालन गर्दै कानूनी प्रणालीको विकास र समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ। आयोगको कार्य सञ्चालनको क्रममा प्राप्त अवसर र चुनौतीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः-

### ४.१ अवसर

- आयोगलाई कानून तर्जुमा, अध्ययन तथा अनुसन्धानको सम्बन्धमा प्रदेश र स्थानीय तहमा समेत कार्यक्षेत्र विस्तार सहित आयोगको पुनर्संरचना गरी तर्जुमा, अध्ययन तथा अनुसन्धानको क्षेत्रमा आयोगको कार्यलाई प्रभावकारी बनाउने,
- आयोगलाई कानून तर्जुमा, अध्ययन र अनुसन्धानको क्षेत्रमा केन्द्रीय विशेषज्ञ निकाय (Centre For Legal Excellence) को रुपमा विकास गर्ने,
- ऐन बमोजिम आयोगलाई सशक्त कानूनी संस्थाको रूपमा स्थापित भई कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने,
- नेपाल कानून आयोग ऐन, २०६३ तथा विधायन ऐन, २०८१ बमोजिम प्राप्त हुने विधेयकको प्रारम्भिक मसौदा तर्जुमा गर्ने,
- सङ्घीय शासन प्रणाली अनुरूप सरकारका तीन तहबाट कानून निर्माण भईरहेको सन्दर्भमा त्यस्ता कानूनको अध्ययन गरी कानूनको तहगत सोपान अनुरूप कानून निर्माण गर्न, निर्माण भएका कानूनमा एकरूपता कायम गर्न र कानूनको औचित्य स्थापित गर्न अध्ययन अनुसन्धान गरी सुझाव पेस गर्ने,
- संविधान, मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, अन्तरराष्ट्रिय सर्वोत्तम अभ्यास, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय कानूनले सृजना गरेका दायित्व र प्रचलित कानूनको अनुवाद समेतको भूमिका बढोत्तरी हुने,

- आयोगलाई कानून निर्माणको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन कानून सम्बन्धी बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गरी समृद्ध बनाउने।

## ४.२ चुनौती

- आयोगलाई कानून तर्जुमा, अध्ययन तथा अनुसन्धानको सम्बन्धमा प्रदेश र स्थानीय तहमा समेत कार्यक्षेत्र विस्तार सहित आयोगको पुनर्संरचना हुँदा स्रोत साधन र जनशक्तिको व्यवस्थापन गरी प्रभावकारी सेवा प्रवाह गर्नु,
- सीमित स्रोत साधन र जनशक्तिको उपलब्धताले मात्र आयोगलाई कानून तर्जुमा, अध्ययन र अनुसन्धानको क्षेत्रमा केन्द्रीय विशेषज्ञ निकाय (Centre For Legal Excellence) को रुपमा विकास गर्नु,
- प्रचलित कानून बमोजिम विषयगत मन्त्रालयबाट विधेयकको प्रारम्भिक मसौदा तर्जुमा गर्ने जिम्मेवारी प्राप्त गर्नु,
- जनशक्ति व्यवस्थापन : आवश्यक दरबन्दी स्वीकृत, जनशक्ति आकर्षण, उच्च मनोबल सहित कर्मचारीको वृत्तिविकास गर्नु, व्यावसायिक बनाउनु र प्रविधिमैत्री जनशक्ति विकास गरी स्थायित्व कायम गर्नु,
- कानून तर्जुमा, अध्ययन, अनुसन्धान लगायतका आयोगको कार्यमा सरोकारवालाको सहयोग प्राप्त गर्नु र सहकार्य गर्नु,
- आर्थिक, प्रशासनिक, कार्यगत लगायतका विषयमा आयोगको स्वायत्तता कायम गर्नु।

# परिच्छेद-५

## सुझाव तथा सुझावको कार्यान्वयन

### ५.१ सुझाव

संविधानले शक्ति पृथकीकरणको सिद्धान्तलाई स्वीकार गरी राज्यका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्तिको पृथकीकरणको व्यवस्था गर्दै शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त समेत अवलम्बन गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका अङ्गहरूले आ-आफ्नो काम स्वतन्त्रतापूर्वक सम्पादन गर्दछन् भन्ने मान्यता रही आएको छ। सो सिद्धान्त बमोजिम राज्यका अङ्गहरू एक अर्कोबाट स्वतन्त्ररूपमा कार्य गर्न सक्षम छन्।

लोकतान्त्रिक राज्य प्रणालीमा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनतामा निहित रहने भएकोले सरकार सदैव जनताप्रति उत्तरदायी र जवाफदेही बन्नु पर्ने विश्वव्यापी मान्यता रहेको छ। नेपालले पनि यसका लागि कानूनी राज्यको मान्यतालाई अवलम्बन गरी राज्यका कामकारबाहीलाई पारदर्शी तथा जवाफदेही बनाउन विभिन्न कानूनी व्यवस्था गर्दै आएको छ।

नेपाल कानून आयोग ऐन, २०६३ ले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले आयोगको स्थापना गरेको र ऐनको दफा १० ले आयोगको काम, कर्तव्य र अधिकार समेत व्यवस्था गरेको सन्दर्भमा ऐनले प्रदान गरे बमोजिम आयोगले देहायका कार्य गरिरहेको हुँदा सो सँग सम्बन्धित देहायका विषयमा देहाय बमोजिम सुझाव पेस गरिएको छ :-

#### (क) कानून तर्जुमा

- आयोगबाट तर्जुमा गरी सिफारिस भएका विधेयक नेपाल सरकारका सम्बन्धित मन्त्रालयबाट प्राथमिकताक्रममा परेको नदेखिएको हुँदा त्यस्ता विधेयकलाई प्राथमिकतामा राखी प्रक्रिया अगाडि बढाउनु पर्ने,
- विषयगत मन्त्रालयबाट कानून तर्जुमा सम्बन्धी कार्य गर्दा लाभ, लागत विश्लेषण नगरी कानून निर्माण गर्ने अभ्यासले कानून कार्यान्वयनमा समस्या

देखिएको हुँदा लाभ लागत सहितको अध्ययन र आर्थिक सामाजिक विश्लेषण सहित विधेयक तर्जुमा गर्नुपर्ने,

- विषयगत मन्त्रालयलाई आवश्यक पर्ने कानूनको प्रारम्भिक मसौदा अध्ययन र अनुसन्धानमा आधारित तर्जुमा आयोगबाट गर्न उपयुक्त हुने भएकाले कानून तर्जुमाको क्षेत्रमा आयोगलाई विशेषज्ञ संस्थाको रुपमा विकास गर्नुपर्ने,
- कानून निर्माण प्रक्रियालाई अनुसन्धानमुखी, तथ्य र प्रमाणमा आधारित बनाउन सरोकारवालासँग व्यापक परामर्श गरी गुणस्तरीय मसौदा तर्जुमा गर्नुपर्ने,
- कानून तर्जुमा सम्बन्धमा सङ्घीय संरचनामा सङ्घ, प्रदेश र स्थानीय तहबीच सन्तुलन तथा सामञ्जस्यता कायम गर्न प्रदेश र स्थानीय तहको समेत कानूनको प्रारम्भिक तर्जुमा तथा सहजीकरण आयोगबाट गर्ने व्यवस्था हुनुपर्ने,
- आयोगले तर्जुमा गरेका विधेयकका हकमा मन्त्रालय तथा संसद्मा छलफल हुँदा आयोगलाई सहभागी गराउनु पर्ने।

**(ख) अध्ययन तथा अनुसन्धान**

- आयोगलाई अध्ययन, अनुसन्धान तथा अवलोकन गर्ने विज्ञ एवम् विशेषज्ञ निकायको रुपमा विकास गर्नुपर्ने,
- आयोगलाई कानून र न्याय सम्बन्धी आयोगले गरेका अध्ययन र अनुसन्धानलाई संस्थागत गरी National legal Research Center को रुपमा विकास गर्नुपर्ने,
- अदालत, सरकारी निकाय, कानूनसँग सम्बन्धित विश्वविद्यालय र अन्य अनुसन्धान संस्था तथा अन्तरराष्ट्रिय संस्थासँग समन्वय र सहकार्य गरी तथ्यमा आधारित अनुसन्धानको दायरा फराकिलो बनाउनु पर्ने,
- मन्त्रालयले नयाँ कानून बनाउने सम्बन्धमा अवधारणापत्र बनाउनु अघि अनिवार्य रुपमा अध्ययन अनुसन्धान गर्नुपर्ने,

**(ग) एकीकरण, पुनरावलोकन र संहिताकरण**

- पुराना र कार्यान्वयन हुन नसकेका कानूनहरूलाई खारेज गर्ने, नयाँ कानूनसँग एकीकृत गर्ने र संहिताकरण गर्न प्रचलनमा रहेका पुराना कानूनहरुको पुनरावलोकन गर्नुपर्ने,
- प्रचलनमा रहेका एउटै प्रकृतिका कानूनहरूलाई एकीकरण गरी एउटै छाता ऐन (Umbrella Act) बनाउनु पर्ने। जस्तैः भूमि, वन, कृषि, वाणिज्य, खानेपानी लगायतसँग सम्बन्धित ऐन।

**(घ) अन्य**

- आयोगलाई कानूनको तर्जुमा र अध्ययन, अनुसन्धानको क्षेत्रमा प्रदेश र स्थानीय तहको समेत जिम्मेवारी प्रदान गर्ने गरी आयोगको पुनर्संरचना गर्न उपयुक्त हुने। त्यसका लागि आयोगले अघि बढाएको ऐनको संशोधन विधेयकले कानूनको स्वरुप ग्रहण गर्नुपर्ने,
- कानून निर्माण तथा सुधारको सम्बन्धमा आयोगको भूमिका केन्द्रीय निकायका रूपमा रहेको तर भौतिक, आर्थिक तथा जनशक्ति लगायतका स्रोत साधनको कमीको कारण प्रभावकारी रुपमा कार्य सम्पादन गर्न समस्या रहेको हुँदा पर्याप्त स्रोत, साधन तथा जनशक्तिको व्यवस्था हुनुपर्ने,
- आयोगले विशेषज्ञता र व्यवसायिकताका आधारमा प्रचलित कानूनमा सुधार गर्ने र वर्तमान समयमा धेरै कानूनहरूमा सुधार गर्नुपर्ने नेपाल सरकारको प्राथमिकता रहेको अवस्थामा सुधार गर्नुपर्ने कानूनको अध्ययन, अनुसन्धान तथा तर्जुमाको लागि विषयगत मन्त्रालयहरुले आयोगलाई जिम्मेवारी प्रदान गर्नुपर्ने,
- प्रचलित ऐनहरुको कार्यान्वयन मापन गर्न सम्बन्धित ऐनले नेपाल सरकारलाई जिम्मेवारी प्रदान गरेको तर त्यस्तो व्यवस्था कार्यान्वयन नभएको अवस्था हुँदा सम्बन्धित मन्त्रालयले ऐन कार्यान्वयन मापन कार्य आयोगबाट गराउने व्यवस्था मिलाउनुपर्ने,
- अन्तरराष्ट्रियस्तरमा कानून तर्जुमाको क्षेत्रमा भएको विकास अनुरूप नेपालमा पनि कानून तर्जुमालाई परिष्कृत बनाउन यस सम्बन्धी विषयमा आयोगका

पदाधिकारी तथा कर्मचारीलाई स्वदेश तथा विदेशमा अध्ययन, अवलोकन, तालिम तथा प्रशिक्षणको अवसर प्रदान गर्नुपर्ने,

- आयोगको आफ्नै स्थायी सरकारी भवन हुनुपर्ने,
- आयोगमा विशिष्ट श्रेणीको लेखा उत्तरदायी अधिकृत रहने ऐनले नै व्यवस्था गरेको र आयोगको वित्तीय स्वायत्ततालाई समेत मध्यनजर गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा मन्त्रालय अन्तर्गत नभई आयोगको नाममा छुट्टै व्यवस्था गरी आयोगलाई आर्थिक स्वायत्तता (Financial Authority) प्रदान गर्ने।

## ५.२ सुझाव तथा सिफारिस कार्यान्वयन

- आयोगले अध्ययन, अनुसन्धान तथा तर्जुमा गरी नेपाल सरकार र सम्बन्धित मन्त्रालयलाई सिफारिस गरेका विधेयक तथा अध्ययन प्रतिवेदन सम्बन्धित मन्त्रालयले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने,
- आयोगले विगतमा पेस गरेका वार्षिक प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिस कार्यान्वयन गरेको अवस्था नदेखिंदा त्यस्ता सुझाव तथा सिफारिस यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने।

# अनुसूची-१

(१.२.८ सँग सम्बन्धित)

## वि.सं. २०१० सालदेखि हालसम्मका आयोगका अध्यक्षहरु

| क्र.सं. | नाम थर | कार्यालयको नाम | अवधि |
|---|---|---|---|
| १. | बडाकाजी श्री माणिकलाल राजभण्डारी | ल कमिशन | २०१०।०९।०६ |
| २. | श्री विनोद प्रसाद धिताल | कानून आयोग | २०२०।१०।०८ |
| ३. | श्री नयन बहादुर खत्री | कानून आयोग | २०२९।२।२९ |
| ४. | श्री नयन बहादुर खत्री | नेपाल कानून सुधार आयोग | २०३६।८।२३ - २०४१।०८।०२ |
| ५. | श्री विश्वनाथ उपाध्याय | नेपाल कानून सुधार आयोग | २०४१।०८।०२ |
| ६. | श्री हरगोबिन्द सिहं प्रधान | नेपाल कानून सुधार आयोग | २०५२।१।१९ - २०५७।०१।१८ |
| ७. | श्री निरञ्जन थापा | नेपाल कानून सुधार आयोग | २०५९।११।१६ - २०६२।०३।३१ |
| ८. | श्री बाबुराजा जोशी | नेपाल कानून आयोग | २०६३।४।१५ - २०६८।४।१४ |
| ९. | श्री उमेश चन्द्र झा | नेपाल कानून आयोग | २०६८।०९।१२ - २०७३।०३।०९ |
| १०. | श्री माधव पौडेल | नेपाल कानून आयोग | २०७३।०३।२६ - २०७८।०३।२५ |
| ११. | श्री जागेश्वर सुवेदी | नेपाल कानून आयोग | (२०७८।०५।१० - २०८२।०४।१४) |

# अनुसूची-२

(१.२.८ सँग सम्बन्धित)

## वि.सं. २०६० सालदेखि हालसम्म आयोगका उपाध्यक्षहरु

| क्र.सं. | नाम थर | नियुक्ति मिति |
|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | २०६०।०४।१९ |
| २. | श्री हरिप्रसाद न्यौपाने | २०६३।०५।२६ |
| ३. | श्री प्रचण्डराज प्रधान | २०६८।०९।१२ |
| ४. | श्री भेषराज शर्मा | २०७२।१०।१३ |
| ५. | प्रा. डा. लक्ष्मीप्रसाद मैनाली | २०७७।१२।१२ |

## अनुसूची-३

(१.२.८ सँग सम्बन्धित)


**आयोगका हालसम्मका सचिवहरु**

| क्र.सं. | नाम थर | कार्य अवधि |
|---|---|---|
| १. | श्री तीर्थमान शाक्य | - |
| २. | श्री सुरेशमान श्रेष्ठ | - |
| ३. | श्री मोहनमणी दाहाल | - |
| ४. | श्री विनोद कुमार देवकोटा | २०५९।११।२० सम्म |
| ५. | श्री दिवाकर पन्त | २०५९।१२।०५ - २०६०।११।१५ |
| ६. | श्री हरिप्रसाद न्यौपाने | २०६०।११।१८ - २०६३।०६।०१ |
| ७. | श्री मोहन बन्जाडे | २०६३।०६।०४ - २०६८।०५।२३ |
| ८. | श्री प्रमोद कुमार कार्की | २०६८।०९।१८ - २०६९।०३।२० |
| ९. | श्री राजेन्द्र किशोर क्षेत्री | २०६९।०४।०३ - २०७१।०१।३० |
| १०. | श्री रञ्जन कृष्ण अर्याल | २०७१।०५।०६ - २०७१।१२।१९ |
| ११. | श्री मणिराम ओझा | २०७२।११।१० - २०७३।०४।०९ |
| १२. | श्री रवि शर्मा अर्याल | २०७३।०४।१० - २०७३।१०।०४ |
| १३. | श्री चिरञ्जिवी खनाल | २०७४।०९।३० - २०७७।०७।०१ |
| १४. | श्री लीलादेवी गड्तौला निरौला | २०७७।१०।०२ - २०८०।०५।२४ |
| १५. | श्री तोयानाथ अधिकारी | २०८०।०५।२५ - २०८१।०४।०४ |
| १६. | श्री पाराश्वर ढुङ्गाना | २०८१।०४।२३ - २०८१।०८।२८ |
| १७. | श्री आलोकचन्द्र श्रेष्ठ | २०८१।०९।०१ - २०८२।०४।०७ |
| १८. | श्री इन्दिरा दहाल (भट्टराई) | २०८२।०४।१८ देखि हालसम्म |

# अनुसूची-४

(१.२.८ सँग सम्बन्धित)

## <u>आयोगको सङ्गठनात्मक संरचना</u>



## अनुसूची-५

(१.४.१ सँग सम्बन्धित)

## कर्मचारीको स्वीकृत दरबन्दी विवरण

| क्र.सं. | पद तथा श्रेणी | सेवा/समूह | सङ्ख्या |
|---|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी) | नेपाल न्याय/कानून | १ जना |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी) | नेपाल न्याय/ कानून | २ जना |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी) | नेपाल न्याय /कानून | ३ जना |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) | नेपाल न्याय/ कानून | ५ जना |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी) | नेपाल प्रशासन/ लेखा | १ जना |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी) | नेपाल विविध सेवा | १ जना |
| ७. | नायव सुब्बा | नेपाल प्रशासन/सामान्य प्रशासन | ३ जना |
| ८. | नायव सुब्बा | नेपाल न्याय/कानून | ५ जना |
| ९. | कम्प्यूटर अपरेटर | नेपाल विविध सेवा | १ जना |
| १०. | खरिदार | नेपाल न्याय/कानून | ४ जना |
| ११. | हलुका सवारी चालक | - | ३ जना |
| १२. | कार्यालय सहयोगी | - | ४ जना |
| १३. | स्वीपर | - | १ जना |
| **कुल स्वीकृत दरबन्दी सङ्ख्या** | | | **३४ जना** |

## अनुसूची-६
(१.४.१ सँग सम्बन्धित)

**आयोगमा कार्यरत कर्मचारीहरु**

| क्र.सं. | कर्मचारीको नाम, थर | पद |
|---|---|---|
| १. | श्री इन्दिरा दहाल (भट्टराई) | सचिव |
| २. | श्री रेशमराज सिग्देल | सहसचिव |
| ३. | श्री बालकृष्ण निरौला | सहसचिव |
| ४. | श्री जलेश्वर राम | उपसचिव |
| ५. | श्री विद्या अधिकारी | लेखा अधिकृत |
| ६. | श्री प्रशंसा अधिकारी | शाखा अधिकृत |
| ७. | श्री दीपा परियार | शाखा अधिकृत |
| ८. | श्री आश्रृति पोखरेल(हाल प्रसूति बिदा) | शाखा अधिकृत |
| ९. | श्री कुसुम कार्की | शाखा अधिकृत |
| १०. | श्री धन बहादुर थापा(हाल सम्पति छानबिन आयोग काज) | शाखा अधिकृत |
| ११. | श्री कमला कुमारी बोहरा | नायब सुब्बा |
| १२. | श्री तिर्सना थापा मगर | कम्प्युटर अपरेटर |
| १३. | श्री नबिन गेलाल | नायब सुब्बा |
| १४. | श्री अक्कल भण्डारी | नायब सुब्बा |
| १५. | श्री दिपक कुमार थापा मगर | नायब सुब्बा |
| १६. | श्री करिश्मा शर्मा | नायब सुब्बा |
| १७. | श्री दिलचन कुमार शाह | नायब सुब्बा |
| १८. | श्री शबनम पोखरेल | नायब सुब्बा |
| १९. | श्री सर्जु श्रेष्ठ | खरिदार |
| २०. | श्री षडानन्द दाहाल | हलुका सवारी चालक |
| २१. | श्री चन्द्र बहादुर थापा मगर | हलुका सवारी चालक |
| २२. | श्री ज्ञान बहादुर पुरी | हलुका सवारी चालक |
| २३. | श्री मिठे राना | कार्यालय सहयोगी |
| २४. | श्री राम बहादुर राना मगर | कार्याल सहयोगी |
| २५. | श्री सविता राना | कार्यालय सहयोगी |
| २६. | श्री सृजना लम्साल | कार्यालय सहयोगी |
| २७. | श्री दिलशोभा पोडे | स्वीपर |

## अनुसूची-७

(१.४.२ सँग सम्बन्धित)

**आयोगमा रहेका भौतिक स्रोत तथा सवारी साधनहरूको विवरण**[६]

| क्र.सं. | विवरण | चालु अवस्थाको | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | जम्मा |
|---|---|---|---|---|---|
| १. | जीप | २ | - | - | २ |
| २. | कार | २ | - | - | २ |
| ३. | मोटरसाइकल | ३ | - | - | ३ |
| ४. | स्कुटर | ३ | - | - | ३ |
| ५. | ई-साईकल | १ | - | - | १ |
| ६. | डेस्कटप कम्प्युटर | १६ | - | - | १६ |
| ७. | ल्यापटप | १० | - | - | १० |
| ८. | ट्यावलेट | १ | - | - | १ |
| ९. | प्रिन्टर | ८ | - | - | ८ |
| १०. | प्रोजेक्टर | २ | - | - | २ |
| ११. | युपिएस | १० | - | - | १० |

[६] जेनजी आन्दोलन पछि व्यवस्थापन गरिएका भौतिक स्रोत साधन।

# अनुसूची - ८

(१.४.३ सँग सम्बन्धित)

## आयोगको आ.व. २०८२/०८३ को वित्तीय प्रगतिको विस्तृत विवरण

म.ले.प. फाराम नं २११

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
आयोग
नेपाल कानुन आयोग
कार्यालय कोड नं : ३११२१३४०१
आर्थिक विवरण
आ.व.: २०८२/८३

बजेट उपशीर्षक नम्बर: ३११२१०११४
आयोजना/कार्यक्रम नाम: नेपाल कानून आयोग

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/स्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 31122मेशिनरी तथा औजार | | | | | ३००,०००.०० | ७००,०००.०० | ०.०० | १,०००,०००.०० | ७०९,५८३.०० | ७०९,५८३.०० | २९०,४१७.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | ७००,०००.०० | ०.०० | ७००,०००.०० | ५१७,४५८.०० | ५१७,४५८.०० | १८२,५४२.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | १९२,१२५.०० | १९२,१२५.०० | १०७,८७५.०० | ०.०० |
| 31123फर्निचर तथा फिक्चर्स | | | | | २००,०००.०० | २,५५०,०००.०० | ०.०० | २,७५०,०००.०० | १,८८८,०४२.०० | १,८८८,०४२.०० | ८६१,९५८.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | २,५५०,०००.०० | ०.०० | २,५५०,०००.०० | १,६९३,२८२.०० | १,६९३,२८२.०० | ८५६,७१८.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १९४,७६०.०० | १९४,७६०.०० | ५,२४०.०० | ०.०० |
| | | जम्मा | | | ५००,०००.०० | ३,२५०,०००.०० | ०.०० | ३,७५०,०००.०० | २,५९७,६२५.०० | २,५९७,६२५.०० | १,१५२,३७५.०० | ०.०० |

### स्रोतगत विवरण

| | | शुरू बजेट / अख्तियारी | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| ११००००१-नेपाल | | ०.०० | ३,२५०,०००.०० | ०.०० | ३,२५०,०००.०० | २,२१०,७४०.०० | २,२१०,७४०.०० | १,०३९,२६०.०० | ०.०० |
| | ०१-नगद | ०.०० | ३,२५०,०००.०० | ०.०० | ३,२५०,०००.०० | २,२१०,७४०.०० | २,२१०,७४०.०० | १,०३९,२६०.०० | ०.०० |
| ११००००१-नेपाल | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ३८६,८८५.०० | ३८६,८८५.०० | ११३,११५.०० | ०.०० |
| | ०२-नगद (आन्तरिक ऋण) | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ३८६,८८५.०० | ३८६,८८५.०० | ११३,११५.०० | ०.०० |
| | जम्मा | ५००,०००.०० | ३,२५०,०००.०० | ०.०० | ३,७५०,०००.०० | २,५९७,६२५.०० | २,५९७,६२५.०० | १,१५२,३७५.०० | ०.०० |

| | |
|---|---|
| फछ्यौंट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | |
| जम्मा | |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

कोष तथा लेखा नियन्त्रक कार्यालय
सिंहदरबार काठमाडौं
बाट आ.व. २०८२।८३
वार्षिक आर्थिक विवरण प्रमाणित।

लेखा अधिकृत

कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक

सचिव

Printed By: bidhya311

Printed Date: Jul 21, 2026 10:48 AM

Page 1 / 2

| प्राथमिक तह | | | द्वितीय तह | | मूल बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत ब्यहोर्ने | भुक्तानी विधि | स्रोत ब्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | ८५०,१८५.०० | ०.०० | ८५०,१८५.०० | ८५०,१८५.०० | ८५०,१८५.०० | ०.०० | ०.०० |
| 27314सेवा निवृत्तको औषधी उपचार | | | | | ०.०० | ६४५,६५६.०० | ०.०० | ६४५,६५६.०० | ६४५,६५६.०० | ६४५,६५६.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | ६४५,६५६.०० | ०.०० | ६४५,६५६.०० | ६४५,६५६.०० | ६४५,६५६.०० | ०.०० | ०.०० |
| 28142घर भाडा | | | | | ३,६००,०००.०० | ०.०० | २,५००,०००.०० | १,१००,०००.०० | १,१००,०००.०० | १,१००,०००.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,६००,०००.०० | ०.०० | २,५००,०००.०० | १,१००,०००.०० | १,१००,०००.०० | १,१००,०००.०० | ०.०१ | ०.०० |
| | | जम्मा | | | ४५,०००,०००.०० | २,५९९,००८.०० | ३,५५०,०००.०० | ४३,०४९,००८.०० | ३१,३७६,३८७.७२ | ३१,३७६,३८७.७२ | ११,६७२,६२०.२८ | ०.०० |

## स्रोतगत विवरण

| | | मूल बजेट / अख्तियारी | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| ११००००१-नेपाल | | ४५,०००,०००.०० | २,५९९,००८.०० | ३,५५०,०००.०० | ४३,०४९,००८.०० | ३१,३७६,३८७.७२ | ३१,३७६,३८७.७२ | ११,६७२,६२०.२८ | ०.०० |
| | ०१-नगद | ४५,०००,०००.०० | २,५९९,००८.०० | ३,५५०,०००.०० | ४३,०४९,००८.०० | ३१,३७६,३८७.७२ | ३१,३७६,३८७.७२ | ११,६७२,६२०.२८ | ०.०० |
| | जम्मा | ४५,०००,०००.०० | २,५९९,००८.०० | ३,५५०,०००.०० | ४३,०४९,००८.०० | ३१,३७६,३८७.७२ | ३१,३७६,३८७.७२ | ११,६७२,६२०.२८ | ०.०० |

| | |
|---|---|
| फछ्र्यौट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | ०.०० |
| जम्मा | ०.०० |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

तयार गर्ने : लेखा अधिकृत
नामः
पदः
मितिः
विद्या अधिकारी
ले. अ.
२०८२-४-२

पेस गर्ने :
नामः
पदः
मितिः

प्रमाणित गर्ने: सचिव
नामः इन्दिरा दहाल (भट्टराई)
पदः सचिव
मितिः

कोष तथा लेखा नियन्त्रक कार्यालय
सिंहदरबार काठमाडौं
बाट आ.व. २०८१/८२
वार्षिक आर्थिक विवरण प्रमाणित।

कोष नियन्त्रक प्रमुख कोष नियन्त्रक



CS Scanned with CamScanner

# अनुसूची-९

(३.१ सँग सम्बन्धित)

## आयोगको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम र प्रगतिको विवरण

| क्र. सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| १. | २.७.२५.८ विधेयक तर्जुमा | ७४९ | • आयोगले आवश्यक ठानेको विषयमा विधेयक तर्जुमा गर्ने,<br>• अन्य निकायबाट आयोगलाई प्राप्त विषयमा विधयक तर्जुमा गर्ने। | ४ | मसौदा समिति गठन गरी कार्य प्रारम्भ गर्ने। | प्रारम्भिक मसौदा तयार गर्ने। | मसौदा उपर राय/सुझावको लागि कार्यक्रम गर्ने। | आयोगबाट पारित गराउने। |
| २. | २.२.७.२५.१० विभिन्न कानूनको अध्ययन अनुसन्धान | ६२० | • आयोगले आवश्यक ठानेको कुनै विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी Research Paper तयार गर्ने,<br>• नेपाल सरकार वा अन्य सरकारी निकायबाट अनुरोध भएबमोजिम विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने। | ५ | अध्ययन समिति गठन गरी अध्ययन प्रारम्भ गर्ने। | अध्ययन गर्ने। | प्रतिवेदन तयार गरी आयोगबाट पारित गराउने। | आयोगबाट पारित गराउने। |
| ३. | २.७.२५.११ प्रशिक्षार्थी सेवा लिने | ५२ | • कानून विषयमा स्नातक तहमा अध्ययनरत प्रशिक्षार्थीहरूलाई आयोगको काम कारबाहीमा संलग्न गराउने,<br>• विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने। | १० | ५ | ५ | | |

| क्र.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| ४. | २.७.२५.१२ अवधारणापत्र तयार | १४८ | • आयोगले आवश्यक ठानेको कुनै पनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने,<br>• मौजुदा कानूनको पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने,<br>• कुनै अन्तर्राष्ट्रिय सन्धिमा नेपाल पक्ष हुँदा हुने फाइदाको सम्बन्धमा। | ११ | अवधारणापत्र तयार गर्ने कार्यको थालनी। | अवधारणापत्र लेखन। | अवधारणापत्र तयार गरी सचिव समक्ष पेश गर्ने। | |
| ५. | २.७.२५.१४ वेवसाईट व्यवस्थापन (वेबसाईट अद्यावधिक/ कानून अनुवाद/ अनुवाद परीक्षण/ टाईपिङ्ग/प्रुफ रिडिङ्ग/अपलोड आदि) | ७०० | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने,<br>• नयाँ कानूनहरू अद्यावधिक गर्ने,<br>• विभिन्न कानूनी दस्तावेज वेवसाईटमा राख्ने,<br>• मौजुदा कानूनको अङ्ग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको नेपाली अनुवाद अद्यावधिक गर्ने। | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | २.७.२५.९ अन्तर्क्रिया तथा गोष्ठी | ३६० | • कानूनी सचेतना कार्यक्रम (Legal Dissemination Program) अन्तर्गत नयाँ तथा महत्वपूर्ण कानून तथा अन्तरनिहित प्रावधानहरूको बारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने, | ३ | १ | १ | १ | |

| क्र. सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | | | • गोष्ठी/अन्तर्क्रिया अन्तर्गत आयोगबाट तर्जुमा गरिने/ भएका विधेयकहरूका सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया गरी राय सुझाव सङ्कलन गर्ने,<br>• आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने। | | | | | |
| ७. | २.७.५.१० वार्षिक प्रतिवेदन तयारी र प्रकाशन | १८० | • एक आर्थिक वर्षमा गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गर्ने, छपाई तथा प्रकाशन गर्ने। | - | वार्षिक प्रतिवेदन तयार गर्ने, छपाई तथा प्रकाशन गर्ने। | | | |
| ८. | २.७.५.१२ आयोगको मोबाइल एप्लिकेशन अद्यावधिक तथा स्तरोन्नति | १० | • Android तथा iPhone मोवाइल, ट्याव वा अन्य ग्याजेटमा चल्ने आयोगको आधिकारिक APPs मा ऐन, कानूनहरूलाई अद्यावधिक र स्तरोन्नति। | १ | Pre-procurement Documentation. | • Procurement.<br>• Mobile Application Development. | Finalization and Launch of Mobile Application. | Debugging and maintenance. |
| ९. | २.७.५.१३ आयोगको वेबसाइट अद्यावधिक तथा स्तरोन्नति | ६० | • कानूनले तोकेको मापदण्ड तथा प्रचलित मान्यता अनुसार वेबसाइटको स्तर अद्यावधिक गर्ने। | १ | • Website Backup and Migration.<br>• Pre-procurement Documentation. | • Procurement.<br>• Web app development. | Finalization of web app development. | Debugging and maintenance. |
| १०. | २.७.७.४ कानूनको खारेजी, | ४७० | • समयानुकूल कानूनको खारेजी, परिमार्जन, संशोधन | १ | कार्यसमिति गठन गरी अध्ययन | आयोगको वेबसाइट मा रहेका | प्रतिवेदन तयार गर्ने। | |

| क्र. सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | परिमार्जन, संशोधन र एकीकरण गर्ने | | र एकीकरण गर्ने,<br>• आयोगको वेबसाइटमा भएका ऐन तथा नियमावलीहरू नेपाल राजपत्र अनुसार भए नभएको रूजु गरी परिमार्जन गर्ने। | | अनुसन्धान प्रारम्भ गर्ने। | नियमहरू को विस्तृत अध्ययन गरी सच्याउनु पर्ने, अद्यावधिक गर्नुपर्ने र नेपाल राजपत्रसँग एकरूपता कायम गर्ने विषय पहिचान गर्ने। | | |
| ११. | २.६.१.१० कर्मचारीको क्षमता अभिवृद्धि तालिम | ११४ | • आयोगमा कार्यरत तीनजना कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न चार पाङ्ग्रे ड्राइभिङ प्रशिक्षण दिने। | १ | | १ | | |
| | | | • सहायक स्तरका कर्मचारीको लागि कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने। | १ | | १ | | |
| १२. | २.६.१.१६ कानून तर्जुमा क्षमता अभिवृद्धि | १८६ | • शाखा अधिकृत र उपसचिव स्तरका कर्मचारीलाई कानून तर्जुमा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | २ | | १ | १ | |
| | **कुल जम्मा** | ३६४९ | | | | | | |

## वार्षिक कार्यक्रमको प्रगति विवरण

| क्र.स. | कार्यक्रम शीर्षक | लक्ष्य | भौतिक प्रगति | विनियोजित बजेट (हजारमा) | खर्च (हजारमा) | वित्तीय प्रगति (%) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|---|---|
| १ | विधेयक तर्जुमा | ४ | ५ | ७४९ | ६०९ | ८१ | १२५ |
| २ | कानूनको अध्ययन अनुसन्धान | ५ | ७ | ६२० | ६२० | १०० | १४० |
| ३ | प्रशिक्षार्थी सेवा[७] | १० | ३ | ५२ | ४५ | ८७ | ३० |
| ४ | अवधारणापत्र तयारी | ११ | ९ | १४८ | १२१ | ८७ | ८१ |
| ५ | वेबसाइट व्यवस्थापन | १ | १ | ७०० | ६८० | ९७ | १०० |
| ६ | अन्तरक्रिया/गोष्ठी | २ | २ | ३६० | ३०३ | ८४ | १०० |
| ७ | वार्षिक प्रतिवेदन तयारी र प्रकाशन | १ | १ | १८० | १७९ | ९९ | १०० |
| ८ | आयोगको मोबाइल एप्लीकेशन अद्यावधिक र स्तरोन्नती | १ | ० | १० | ० | ० | ० |
| ९ | आयोगको वेवसाइट एप्लीकेशन अद्यावधिक र स्तरोन्नती | १ | १ | ६० | ३२ | ५३ | १०० |
| १० | कानूनको खारेजी परिमार्जन संशोधन र एकीकरण गर्ने सम्बन्धमा अध्ययन | १ | १ | ४७० | ४६६ | ९९ | १०० |
| ११ | कर्मचारीको क्षमता अभिवृद्धि | २ | २ | ११४ | ८१ | ५६ | १०० |
| १२ | कानून तर्जुमा क्षमता अभिवृद्धि | २ | १ | १८६ | ८९ | ४८ | ५० |
| | **जम्मा** | | | **३६४९** | | | |

[७] जेनजी आन्दोलनको कारण आयोगको भवन व्यवस्थापन नभएकोले।

# अनुसूची-१०

(३.३.१ सँग सम्बन्धित)

## आयोगले तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएका विधेयकका मसौदा

## १. बदनियतपूर्वकको अनुसन्धान र अभियोजन पीडितलाई क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : बदनियतपूर्वकको अनुसन्धान र अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नु परेको र मुद्दाको अन्तिम फैसलाबाट बदनियतपूर्वक अनुसन्धान र अभियोजन ठहर भई पीडितले सफाई पाएको अवस्थामा क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बदनियतपूर्वकको अनुसन्धान र अभियोजन सम्बन्धी क्षतिपूर्ति ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बदनियतपूर्वकको अनुसन्धान र अभियोजन" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ।

(ख) "पीडित" भन्नाले कसूर नगरेको व्यक्तिलाई बदनियतपूर्वकको अनुसन्धान र अभियोजनको कारण अदालत वा कुनै अर्धन्यायिक निकायबाट दोषी ठहरी कैद सजाय भएको र गलत वा बदनियतपूर्वक अनुसन्धान वा अनुचित अभियोजन भएको भनी अन्तिम फैसलाबाट किटान भई सफाई पाएको व्यक्ति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा १० बमोजिम गठन भएको क्षतिपूर्ति निर्धारण समिति सम्झनु पर्छ।

३. **<u>बदनियतपूर्वक अनुसन्धान र अभियोजन गर्न नहुने</u>** : (१) कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी भएको अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले गलत वा बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नु हुदैन।

(२) देहायको अवस्थामा गलत वा बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको मानिनेछः-

(क) कुनै मुद्दामा भएको अनुसन्धान र अभियोजन प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ बमोजिम बदनियतपूर्वक अनुसन्धान वा अभियोजन भएको भनी अदालतबाट ठहर भएको,

(ख) कुनै अभियुक्त कुनै कसूरमा दोषी ठहर भई पूर्ण वा आंशिक सजाय व्यतित गरिसकेपछि अदालतले गरेको अन्तिम फैसलाबाट अभियोग प्रमाणित नभई निर्दोष ठहरिएको अवस्थामा निज उपर गलत वा बदनियतपूर्वक अनुसन्धान र अभियोजन भएको भनी फैसलामा नै किटान गरेको,

(ग) अनुसन्धान वा अभियोजन गर्दा आपराधिक कार्य स्थापित नभई झुट्टा प्रमाण खडा गरेको,

(घ) प्रमाणको सङ्कलन तथा वस्तुनिष्ठ मूल्याङ्कन नगरी वा प्रमाणको पर्याप्तता विना नै अभियोजन गरेको,

(ङ) वारदातमा संलग्न नभएको भन्ने थाहा हुँदाहुँदै कुनै व्यक्ति विरुद्ध अनुसन्धान वा अभियोजन गरेको,

(च) प्रचलित कानूनको प्रयोग गर्दा जानी जानी गलत दफा वा उपदफा प्रयोग गरी अभियोजन गरेको,

(छ) हुँदै नभएको वारदात भएको भनी अनुसन्धान वा अभियोजन गरेको,

(ज) नक्कली प्रमाण खडा गरी अनुसन्धान वा अभियोजन गरेको, वा

(झ) प्रमाण नष्ट गरेको।

४. **<u>पीडितको अधिकार</u>** : यस ऐन बमोजिम गलत वा बदनियतपूर्वकको अनुसन्धान र अभियोजनबाट कैद सजाय भोगेको र अन्तिम फैसलाले सफाई पाएको पीडितलाई यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

५. **<u>क्षतिपूर्ति निर्धारणको आधार</u>** : (१) यस ऐन बमोजिम पीडितलाई क्षतिपूर्ति दिँदा क्षतिपूर्ति निर्धारणका आधार देहाय बमोजिम हुनेछन्ः-

(क) पीडित व्यक्ति थुना वा कैदमा बस्नु परेको अवधि,

(ख) पीडितले व्यहोर्नु परेको औषधि उपचार खर्च,

(ग) पीडितले व्यहोर्नु परेको आर्थिक, सामाजिक, मानसिक, भावनात्मक असर वा व्यक्तिगत क्षमतामा पर्न गएको क्षति,

(घ) पीडितले व्यहोर्नु परेको कानूनी उपचार बापतको खर्च,

(ङ) पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव,

(च) गलत वा बदनियतपूर्वक अनुसन्धान र अभियोजनका कारण थुना वा कैदमा बस्दा उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेको भए नेपाल सरकारबाट गठन भएको मेडिकल बोर्डले गरेको सिफारिस,

(छ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा सरकारी अस्पतालमा उपचार गराउन लाग्ने अनुमानित खर्च रकम वा तत्कालै उपचार नगराएमा पीडितको मृत्यु हुन सक्ने किसिमको रोगको उपचार गराउन सरकारी अस्पतालमा तत्काल पुग्न सक्ने अवस्था नभई निजी अस्पतालमा उपचार गराएकोमा नेपाल सरकारबाट गठित मेडिकल बोर्डले गरेको सिफारिस।

(२) उपदफा (१) मा उल्लिखित आधारमा क्षतिपूर्तिको रकम यकिन गर्दा प्रचलित कानून बमोजिमको पक्राउपूर्जीका आधारमा पक्राउ परेको दिनदेखि मुद्दाको अन्तिम फैसला भई निज कैदबाट छुटेको दिनसम्मको अवधि गणना गर्नु पर्नेछ।

६. **निवेदन दिन सक्ने** : (१) पीडित वा निजको एकाघरका सदस्य, संरक्षक, अभिभावक वा कानून बमोजिमको वारिसले क्षतिपूर्तिको माग दाबी गर्दा अन्तिम फैसला भएको मितिले एक वर्षभित्र अनुसूची-१ बमोजिमको ढाँचामा समितिसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका कागजात समेत संलग्न गर्नु पर्नेछः-

(क) परिचय खुल्ने कागजात,

(ख) थुना र कैदमा बस्ने गरी अदालतबाट भएको फैसलाको प्रमाणित प्रतिलिपि,

(ग) गलत वा बदनियतपूर्वक अनुसन्धान र अभियोजन भएको विषय किटान भई अभियोगबाट सफाई पाउने गरी भएको अन्तिम फैसलाको प्रमाणित प्रतिलिपि,

(घ) कानून व्यवसायीको पारिश्रमिकको हकमा एकजना बराबरको न्यूनतम पारिश्रमिक भुक्तान गरेको कर तिरेको बिल भरपाई,

(ङ) पीडित थुना वा कैदमा रहेको अवस्थामा अस्वस्थ भई सरकारी अस्पतालमा उपचार गराएको रकमको बिल भरपाई वा दफा ५ को खण्ड (छ) को अवस्था परी निजी अस्पतालमा उपचार गराएकोमा नेपाल सरकारबाट गठित मेडिकल बोर्डको रकम उल्लेख गरेको सिफारिस पत्र।

७. **निवेदन उपर जाँचबुझ** : (१) दफा ६ बमोजिम समितिमा पेस भएको निवेदनसाथ संलग्न कागजात समितिको सदस्य-सचिवले प्रारम्भिक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक जाँचबुझ गर्दा मुद्दाको पुनरावेदन परे नपरेको वा फैसला अन्तिम भए नभएको सम्बन्धमा सम्बन्धित सरकारी वकीलको कार्यालय, मुद्दाको सुरु कारबाही तथा किनारा गर्ने निकाय वा पुनरावेदन सुन्ने निकायबाट लिखित जानकारी माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम फैसला अन्तिम भएको पुष्ट्याँई सहित लिखित जानकारी प्राप्त भएमा सदस्य-सचिवले समितिको बैठकमा पेस गर्नेछ।

८. **समितिको निर्णय र जानकारी** : (१) दफा ७ बमोजिम समितिको बैठकमा पेस हुन आएको निवेदनको सम्बन्धमा समितिले कागजातको जाँचबुझ गरी क्षतिपूर्ति सम्बन्धमा निर्णय गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्दा निवेदन परेको मितिले बढीमा दुई महिनाभित्र निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिबाट भएको निर्णयको जानकारी सम्बन्धित पीडित तथा निवेदकलाई समेत गराउनु पर्नेछ।

९. **सिफारिस गर्ने** : (१) समितिले दफा ८ बमोजिम क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेमा क्षतिपूर्तिको रकम भुक्तानीको लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको लागि समितिबाट सिफारिस भई आएमा जिल्ला प्रशासन कार्यालयले निर्णय बमोजिमको रकम निकासाका लागि गृह मन्त्रालयसमक्ष माग गर्नेछ।

१०. **क्षतिपूर्ति निर्धारण समिति** : गलत तथा बदनियतपूर्वक अनुसन्धान वा अनुचित अभियोजनका पीडितको लागि क्षतिपूर्ति निर्धारण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - संयोजक

(ख) प्रमुख, जिल्ला सरकारी वकील कार्यालय - सदस्य

(ग) प्रमुख,जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) तहसिलदार, जिल्ला अदालत - सदस्य

(ङ) प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय - सदस्य-सचिव

११. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल समितिको बैठक बोलाउन आवश्यक भएमा संयोजकले चौबीस घण्टा अगावै बैठक बोलाउन सक्नेछ।

(३) समितिको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(५) समितिको बैठकमा आवश्यकताअनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

१२. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) क्षतिपूर्तिका लागि पेस गरेको निवेदन र पेस भएको कागजात जाँचबुझ गर्ने,

(ख) निवेदन व्यहोरा सत्य साँचो भए नभएको यकिन गर्ने,

(ग) क्षतिपूर्ति उपलब्ध गराउने वा नगराउने निर्णय गर्ने,

(घ) क्षतिपूर्तिको रकम निर्धारण गर्ने, र

(ङ) क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भएमा सोको सिफारिस गर्ने।

**१३. <u>क्षतिपूर्तिको रकम</u>** : (१) पीडितलाई प्रदान गरिने क्षतिपूर्तिको रकम गृह मन्त्रालयको वार्षिक विनियोजित बजेटमा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको मागको आधारमा गृह मन्त्रालयले उपलब्ध गराउनेछ।

(३) यस ऐन बमोजिम गलत वा बदनियतपूर्वकको अनुसन्धान र अभियोजनबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा थुना वा कैदमा बसेको अवधि गणना गरी प्रचलित मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापत तिर्ने प्रतिदिनको रकम बराबर हिसाब गरी हुन आउने रकम उपलब्ध गराउनु पर्नेछ।

(४) कानून व्यवसायीको खर्चको हकमा जुन जुन अदालत वा न्यायिक निकायमा बहस पैरवी गरेको हो सोही अदालत वा न्यायिक निकायले वैतनिक कानून व्यवसायीलाई उपलब्ध गराउने एक महिनाको पारिश्रमिक बराबरको रकम उपलब्ध गराउनु पर्नेछ।

(५) कुनै पीडित कैदमा रहेको अवस्थामा अस्वस्थ भई निजले सरकारी अस्पतालमा उपचार गराएको भए बिल बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उपचार नगराएमा मृत्यु हुन सक्ने रोगको उपचार गराउनु पर्ने भएको र सरकारी अस्पतालमा तत्काल पुग्न सक्ने अवस्था नभई निजी अस्पतालमा उपचार गराएको भए नेपाल सरकारबाट गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा समितिले रकम यकिन गरी उपलब्ध गराउनु पर्नेछ।

(७) यस ऐन बमोजिमको क्षतिपूर्ति रकम उपलव्ध गराउँदा उपदफा (१) बमोजिम विनियोजित रकमबाट समितिको सिफारिसको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँग निकासा माग गरी पीडितलाई उपलब्ध गराउनेछ।

१४. **<u>ऐन कार्यान्वयन मापन</u>** : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

१५. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१६. **<u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>** : यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले आवश्यकताअनुसार निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

## अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>क्षतिपूर्ति माग गर्ने निवेदनको ढाँचा</u>**

श्री क्षतिपूर्ति निर्धारण समिति,

.......................

विषयः <u>क्षतिपूर्ति उपलब्ध गराई पाउँ।</u>

मैले गलत तथा बदनियतपूर्वक अनुसन्धान र अनुचित अभियोजनका कारण म विरुद्ध दायर भएको ....................................... मुद्दामा मिति .................................. देखि मिति ............................ सम्म .......................... दिन कैदमा बस्नु परेको र मिति .................. को श्री .......................अदालतको अन्तिम फैसला/आदेश बमोजिम सफाई पाएको हुँदा देहाय बमोजिमको क्षतिपूर्ति रकम दिलाई भराई पाऊँ :-

(क) ................ दिन कैदमा बसेको अवधिको रकम

(ख) कानून व्यवसायीलाई भुक्तान गरेको पारिश्रमिक वापत तिरेको बिल बमोजिमको रकम रू ......................

(ग) उपचार खर्च वापतको रकम (उपचार गराएको भए मात्र) रू ..........................।

माथि उल्लिखित व्यहोरा प्रमाणित गर्न देहायबमोजिमका कागजातको सक्कल तथा नक्कल प्रतिहरू यसै साथ संलग्न गरेको छुः-

१. पारिवारिक विवरण सहितको परिचय खुल्ने कागजात,
२. थुना वा कैदमा बस्ने गरी अदालतबाट भएको फैसलाको प्रमाणित प्रतिलिपि,
३. थुनुवापूर्जी तथा कैदीपूर्जी प्रतिलिपि,
४. अभियोगबाट सफाई पाउने गरी भएको अन्तिम फैसलाको प्रमाणित प्रतिलिपि,
५. कानून व्यवसायीलाई भुक्तान गरेको पारिश्रमिकको हकमा त्यस्तो कानून व्यवसायी संस्थाको नामको कर तिरेको बिल भरपाई,

६. पीडित कैदमा रहेको अवस्थामा अस्वस्थ भई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्चको बिल भरपाई।

७. दफा १३ को उपदफा (६) को अवस्थामा निजी अस्पतालमा उपचार गराउँदा लागेको खर्च रकम उल्लिखित मेडिकल बोर्डको सिफारिसपत्र।

माथि उल्लिखित व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

निवेदकको,-

सही :

पूरा नाम थर :

ठेगाना :

**इति संवत् २०........ साल ........ महिना ........गते रोज ........ शुभम्।**

## २. नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपालका बालबालिका तथा युवालाई विश्व स्काउटको सिद्धान्त, आदर्श, मूल्य र मान्यता बमोजिम शारीरिक, बौद्धिक, सामाजिक, आध्यात्मिक विकास गरी अनुशासित, स्वयमसेवी, स्वाबलम्बी र नैतिकवान बनाई नेपाल स्काउटलाई बढी सक्षम र सङ्गठित बनाउदै राष्ट्र निर्माणमा सहभागी गराउन स्काउट सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकाले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल स्काउट ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ख) "नेपाल स्काउट" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्काउट सम्झनु पर्छ।

(ग) "पदाधिकारी" भन्नाले प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्त सम्झनु पर्छ।

(घ) "प्रदेश आयुक्त" भन्नाले दफा ३२ को उपदफा (१) बमोजिमको प्रदेश आयुक्त सम्झनु पर्छ।

(ङ) "प्रदेश कार्यकारी समिति" भन्नाले दफा २० बमोजिमको प्रदेश कार्यकारी समिति सम्झनु पर्छ।

(च) "प्रदेश परिषद्" भन्नाले दफा १७ बमोजिमको प्रदेश परिषद् सम्झनु पर्छ।

(छ) "प्रदेश प्रमुख स्काउट" भन्नाले दफा १५ को उपदफा (३) बमोजिमको प्रदेश प्रमुख स्काउट सम्झनु पर्छ।

(ज) "प्रदेश सम्मलेन" भन्नाले दफा १६ बमोजिमको प्रदेश सम्मेलन सम्झनु पर्छ।

(झ) "प्रदेश स्काउट" भन्नाले दफा १५ बमोजिम प्रदेश स्काउट सम्झनु पर्छ।

(ञ) "प्रमुख आयुक्त" भन्नाले दफा ३१ बमोजिमको प्रमुख आयुक्त सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दफा ३८ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ठ) "प्रमुख स्काउट" भन्नाले दफा ७ को उपदफा (३) बमोजिमको व्यक्ति सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(ढ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले दफा १२ बमोजिमको राष्ट्रिय कार्यकारी समिति सम्झनु पर्छ।

(ण) "राष्ट्रिय परिषद्" भन्नाले दफा ९ बमोजिमको राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(त) "राष्ट्रिय सम्मेलन" भन्नाले दफा ८ बमोजिमको राष्ट्रिय सम्मेलन सम्झनु पर्छ।

(थ) "सदस्य" भन्नाले दफा ३६ बमोजिमको नेपाल स्काउटको सदस्य सम्झनु पर्छ।

(द) "स्थानीय आयुक्त" भन्नाले दफा ३२ को उपदफा (४) बमोजिमको स्थानीय आयुक्त सम्झनु पर्छ।

(ध) "स्थानीय कार्यकारी समिति" भन्नाले दफा २८ बमोजिमको स्थानीय कार्यकारी समिति सम्झनु पर्छ।

(न) "स्थानीय परिषद्" भन्नाले दफा २५ बमोजिमको स्थानीय परिषद् सम्झनु पर्छ।

(प) "स्थानीय प्रमुख स्काउट" भन्नाले दफा २६ को उपदफा (३) बमोजिमको स्थानीय प्रमुख स्काउट सम्झनु पर्छ। (फ) "स्थानीय सम्मेलन" भन्नाले दफा २४ बमोजिमको स्थानीय सम्मेलन सम्झनु पर्छ।

(ब) "स्थानीय स्काउट" भन्नाले दफा २३ बमोजिमको स्थानीय स्काउट सम्झनु पर्छ।

## परिच्छेद-२

## नेपाल स्काउटसम्बन्धी व्यवस्था

३. **नेपाल स्काउटको स्थापना :** (१) नेपालका बालबालिका तथा युवालाई विश्व स्काउटको सिद्धान्त, आदर्श, मूल्य र मान्यता बमोजिम शारीरिक, बौद्धिक, सामाजिक, आध्यात्मिक विकास गरी अनुशासित, स्वयमसेवी, स्वाबलम्बी र नैतिकवान बनाई राष्ट्र निर्माणमा सहभागी गराउन एक नेपाल स्काउटको स्थापना गरिएको छ।

(२) नेपाल स्काउटको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ।

४. **नेपाल स्काउट स्वशासित, सङ्गठित र स्वयंसेवी संस्था हुने :** (१) नेपाल स्काउट अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित र स्वयंसेवी संस्था हुनेछ।

(२) नेपाल स्काउटको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) नेपाल स्काउटले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ।

तर आफ्नो अचल सम्पत्ति बेचबिखन गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) नेपाल स्काउटले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र नेपाल स्काउट उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) नेपाल स्काउटले व्यक्ति सरह करार गर्न र करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

(६) नेपाल स्काउटले नेपालका प्रचलित कानूनका अतिरिक्त विश्व स्काउट सङ्गठनको, सिद्धान्त, आदर्श, मूल्य र मान्यतामा रही कार्य गर्नेछ।

५. **नेपाल स्काउटको उद्देश्य :** नेपाल स्काउटको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, आदर्श, मूल्य, मान्यता र भावनासँग बालबालिका तथा युवालाई परिचित गराउँदै स्वयमसेवी, नैतिकवान तथा समाजसेवी बनाउने,

(ख) नेपाल स्काउटको माध्यमद्वारा बालबालिका तथा युवाको शारीरिक, बौद्धिक, सामाजिक, आध्यात्मिक विकास गरी जिम्मेवार, अनुशासित, स्वावलम्बी र नैतिकवान नागरिक बनाउने,

(ग) विपद् तथा दुर्घटनामा परेका व्यक्तिको उद्धार तथा मानवीय सहायता कार्यमा नेपाल स्काउटको परिचालन गर्ने, गराउने,

(घ) सम्बन्धित निकायको सहकार्य र समन्वयमा सामुदायिक सेवा तथा विकास र जनहित सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण, भू-संरक्षण तथा प्राकृतिक स्रोतको उपयोग सम्बन्धमा जनउपयोगी कार्यक्रम सञ्चालन गर्न युवा जनशक्ति परिचालन गर्ने, गराउने।

६. **प्रतीक चिन्ह इत्यादि** : नेपाल स्काउटको प्रतीक चिन्ह, झण्डा, पोशाक, नियम, प्रतिज्ञा र गीत तोकिए बमोजिम हुनेछ।

७. **संरक्षक र प्रमुख स्काउट** : (१) प्रधानमन्त्री नेपाल स्काउटको संरक्षक रहनेछ।

(२) संरक्षकले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दिएको निर्देशनको पालना गर्नु नेपाल स्काउटको कर्तव्य हुनेछ।

(३) नेपाल सरकारको शिक्षा तथा खेलकुद मन्त्री नेपाल स्काउटको प्रमुख स्काउट रहनेछ।

## परिच्छेद-३

## नेपाल स्काउटको सङ्गठनात्मक संरचना

८. **राष्ट्रिय सम्मेलन गर्नुपर्ने** : (१) नेपाल स्काउटको नीति निर्माण सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिन, दीर्घकालीन योजना स्वीकृत गर्न र राष्ट्रिय परिषद् तथा कार्यकारी समितिका सदस्य निर्वाचन गर्न प्रत्येक चार वर्षमा नेपाल स्काउटको राष्ट्रिय सम्मेलन हुनेछ ।

(२) राष्ट्रिय सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधि सहभागी हुनेछन् :-

(क) राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समितिका पदाधिकारी र सदस्य,

(ख) प्रत्येक प्रदेशमा सम्पन्न स्काउट सम्मेलनबाट कम्तीमा दुईजना महिला सहित पाँचजनाका दरले निर्वाचित हुने पैंतीसजना स्काउट,

(ग) प्रत्येक स्थानीय तहमा सम्पन्न स्काउट सम्मेलनबाट एकजनाको दरले निर्वाचित हुने सात सय त्रिपन्नजना स्काउट,

(घ) राष्ट्रिय परिषद्ले समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व हुने गरी मनोनयन गरेको कम्तीमा तीनजना महिला सहित सातजना स्काउट।

(३) राष्ट्रिय सम्मेलनको अध्यक्षता प्रमुख स्काउटले गर्नेछ।

(४) राष्ट्रिय सम्मेलनमा प्रतिनिधिको छनौट प्रकृया, योग्यता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) राष्ट्रिय सम्मेलनमा बहुमतद्वारा निर्णय हुनेछ।

९. **राष्ट्रिय परिषद्** : (१) नेपाल स्काउटमा एक राष्ट्रिय परिषद् रहनेछ।

(२) राष्ट्रिय परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारको शिक्षा तथा खेलकुद मन्त्री - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सह-अध्यक्ष

(ग) प्रमुख आयुक्त, नेपाल स्काउट - उपाध्यक्ष

(घ) विपद् व्यवस्थापन हेर्ने प्रमुख, नेपाली सेना - सदस्य

(ङ) विपद् व्यवस्थापन हेर्ने प्रमुख, नेपाल प्रहरी - सदस्य

(च) विपद् व्यवस्थापन हेर्ने प्रमुख, सशस्त्र प्रहरी बल नेपाल - सदस्य

(छ) सभापति, नेपाल रेडक्रस सोसाइटी - सदस्य

(ज) प्रत्येक प्रदेशबाट कम्तीमा एकजना महिला सहित तीनजनाका दरले राष्ट्रिय सम्मेलनबाट निर्वाचित एक्काइसजना - सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत, नेपाल स्काउट - सदस्य-सचिव

१०. **राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार** : राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्काउटको सिद्धान्त, आदर्श, मूल्य र मान्यता बमोजिम नीति तर्जुमा गर्ने,

(ख) राष्ट्रिय कार्यकारी समितिबाट पेश भएको वार्षिक योजना तथा कार्यक्रम, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन लगायतका प्रतिवेदन स्वीकृत गर्ने,

(ग) नेपाल स्काउटको विनियम स्वीकृत गर्ने,

(घ) नेपाल स्काउटको दीर्घकालीन गुरुयोजना तर्जुमा गरी स्वीकृतिका लागि राष्ट्रिय सम्मेलनमा पेश गर्ने,

(ङ) कार्यकारी समितिका कार्यको कार्यसम्पादन मूल्याङ्कन गर्ने, गराउने,

(च) राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्काउटसँग कार्यकारी समितिले गरेका सम्झौता अनुमोदन गर्ने,

(छ) नेपाल स्काउट सम्बन्धी कार्यमा कार्यकारी समिति, प्रदेश परिषद् र स्थानीय परिषद्लाई आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(ज) तोकिएबमोजिम अन्य कार्य गर्ने।

**११. <u>राष्ट्रिय परिषद्को बैठक</u>** : (१) राष्ट्रिय परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) राष्ट्रिय परिषद्को कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) राष्ट्रिय परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा सह-अध्यक्षले र सह-अध्यक्ष समेतको अनुपस्थितिमा बैठक बस्नुपरेमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(४) राष्ट्रिय परिषद्को बैठकको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) राष्ट्रिय परिषद्को बैठकको निर्णयको अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(६) राष्ट्रिय परिषद्को बैठक औचित्य र आवश्यकताका आधारमा अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(७) राष्ट्रिय परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. <u>राष्ट्रिय कार्यकारी समिति</u>** : (१) नेपाल स्काउटको कार्यकारी निकायका रुपमा कार्य गर्न राष्ट्रिय कार्यकारी समिति रहनेछ।

(२) राष्ट्रिय कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख आयुक्त - अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय - सदस्य

(ग) राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरु मध्येबाट प्रमुख स्काउटले मनोनित गरेका कम्तीमा दुईजना महिला सहित चारजना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत, नेपाल स्काउट - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्य मनोनयन गर्दा दुईजना महिला र दुईजना पुरुष हुने गरी गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले नेपाल स्काउटको मूल्य, मान्यता तथा सिद्धान्त वा यस ऐन विपरीत कुनै कार्य गरेमा राष्ट्रिय परिषद्ले निजलाई बाँकी अवधिको कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र रोक लगाएको जानकारी राष्ट्रिय सम्मेलनमा गराउनु पर्नेछ।

तर त्यसरी रोक लगाउनु अघि निजलाई सफाईको उचित मौका दिनु पर्नेछ।

१३. **<u>राष्ट्रिय कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>** : राष्ट्रिय कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल स्काउटको नीति निर्धारण गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद्मा पेस गर्ने,

(ख) राष्ट्रिय परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ग) नेपाल स्काउटको वार्षिक नीति तथा कार्यक्रम, आय-व्ययको विवरण तथा योजना तयार गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद्समक्ष पेस गर्ने,

(घ) नेपाल स्काउटको लेखापरीक्षण प्रतिवेदन लगायतका अन्य प्रतिवेदन स्वीकृतिका लागि राष्ट्रिय परिषद्समक्ष पेस गर्ने,

(ङ) नेपाल स्काउटको विनियमावलीको मसौदा तयार गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद्समक्ष पेस गर्ने,

(च) आन्तरिक लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

(छ) नेपाल स्काउटको चलअचल सम्पत्तिको सञ्चालन, संरक्षण तथा व्यवस्थापन गर्ने,

(ज) नेपाल स्काउटको लागि आर्थिक तथा अन्य स्रोत सङ्कलन गरी परिचालन गर्ने,

(झ) विपद् वा दुर्घटनामा उद्धार कार्यमा प्रदेश तथा स्थानीय कार्यकारी समितिसँग सहकार्य र समन्वय गरी मानवीय सेवा कार्यमा स्काउटिङ्ग गर्ने, गराउने,

(ञ) दक्ष जनशक्ति निर्माण गर्न प्रदेश तथा स्थानीय कार्यकारी समितिसँग समन्वय गरी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्तरराष्ट्रियस्तरमा सम्बन्ध विस्तार र सुमधुर बनाउने,

(ठ) विश्व स्काउट सङ्गठनबाट प्राप्त निर्देशन पालना गर्ने, गराउने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१४. **राष्ट्रिय कार्यकारी समितिको बैठक** : (१) राष्ट्रिय कार्यकारी समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) बैठकको अध्यक्षता राष्ट्रिय कार्यकारी समितिको अध्यक्षले गर्नेछ ।

(३) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(४) बैठकको निर्णयको प्रमाणीकरण अध्यक्ष र सदस्य-सचिवले गर्नेछ।

(५) राष्ट्रिय कार्यकारी समितिले कुनै विशेषज्ञ वा पदाधिकारी वा कुनै प्रदेशसँग सम्बन्धित विषयको हकमा राष्ट्रिय परिषद्मा सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने सदस्य वा प्रदेश स्काउटको अध्यक्षलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) राष्ट्रिय कार्यकारी समितिका अध्यक्ष र सदस्यले बैठकमा भाग लिएबापत नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत प्रचलित कार्य सञ्चालन निर्देशिकाले तोकेबमोजिमको बैठक भत्ता पाउनेछन्।

(७) राष्ट्रिय कार्यकारी समितिको बैठक औचित्य र आवश्यकताका आधारमा अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(८) राष्ट्रिय कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>प्रदेश स्काउट</u>

**१५.** **<u>प्रदेश स्काउट</u>** : (१) प्रदेश स्तरमा नेपाल स्काउटको नीति, योजना तथा कार्यक्रम सञ्चालन तथा समन्वय गर्न प्रदेश स्काउट रहनेछ।

(२) प्रदेश सरकारको मुख्यमन्त्री प्रदेश स्काउटको संरक्षक हुनेछ।

(३) प्रदेश सरकारको स्काउट सम्बन्धी विषय हेर्ने मन्त्री प्रदेश प्रमुख स्काउट हुनेछ।

**१६.** **<u>प्रदेश सम्मेलन गर्नुपर्ने</u>** : (१) प्रदेश स्काउटको नीति निर्माण सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई राय सुझाव दिन, दीर्घकालीन योजना स्वीकृत गर्न र प्रदेश परिषद् तथा प्रदेश कार्यकारी समितिका सदस्यको निर्वाचन गर्न प्रत्येक चार वर्षमा प्रदेश स्काउटको प्रदेश सम्मेलन गर्नु पर्नेछ ।

(२) प्रदेश सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधि सहभागी हुनेछन् :-

(क) प्रदेश परिषद् र प्रदेश कार्यकारी समितिका पदाधिकारी र सदस्य,

(ख) प्रदेशभित्र रहेका प्रत्येक स्थानीय तहमा सम्पन्न स्काउट सम्मेलनबाट कम्तीमा एकजना महिला सहित तीनजनाका दरले निर्वाचित हुने स्काउट,

(ग) प्रदेश परिषद्ले समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व हुने गरी मनोनयन गरेको कम्तीमा चारजना महिला सहित दशजना स्काउट।

(३) प्रदेश सम्मेलनको अध्यक्षता प्रदेश प्रमुख स्काउटले गर्नेछ।

(४) प्रदेश सम्मेलनमा प्रतिनिधिको छनौट प्रकृया, योग्यता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७.** **<u>प्रदेश परिषद्</u>** : (१) प्रत्येक प्रदेश स्काउटमा एक प्रदेश परिषद् रहनेछ।

(२) प्रदेश परिषद्मा गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको स्काउट सम्बन्धी विषय हेर्ने मन्त्री - अध्यक्ष

(ख) प्रदेश सचिव, प्रदेश सरकारको स्काउट सम्बन्धी विषय हेर्ने मन्त्रालय - सह-अध्यक्ष

(ग) प्रदेश आयुक्त, प्रदेश स्काउट - उपाध्यक्ष

(घ) प्रदेश स्तरीय शिक्षा विकास निर्देशनालय प्रमुख - सदस्य

(ङ) विपद् व्यवस्थापन हेर्ने प्रमुख, सम्बन्धित प्रदेशको नेपाली सेना - सदस्य

(च) विपद् व्यवस्थापन हेर्ने प्रमुख, सम्बन्धित प्रदेशको नेपाल प्रहरी - सदस्य

(छ) विपद् व्यवस्थापन हेर्ने प्रमुख, सम्बन्धित प्रदेशको सशस्त्र प्रहरी बल नेपाल - सदस्य

(ज) सभापति, सम्बन्धित प्रदेशस्थित नेपाल रेडक्रस सोसाइटी - सदस्य

(झ) प्रत्येक स्थानीय तहबाट एक जनाको दरले प्रतिनिधित्व हुने गरी प्रदेश सम्मेलनबाट निर्वाचित स्काउट - सदस्य

(ञ) समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व हुने गरी प्रदेश सम्मेलनबाट निर्वाचित कम्तीमा तीनजना महिला सहित नौजना स्काउट - सदस्य

(ट) उपसचिव, प्रदेश सरकारको स्काउट सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य-सचिव

१८. **<u>प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार</u>** : प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश कार्यकारी समितिबाट पेश भएको वार्षिक योजना तथा कार्यक्रम, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन लगायतका प्रतिवेदन स्वीकृत गर्ने,

(ख) प्रदेश स्काउटको विनियम स्वीकृत गर्ने,

(ग) प्रदेश स्काउटको दीर्घकालीन गुरुयोजना तर्जुमा गरी स्वीकृतिका लागि प्रदेश सम्मेलनमा पेश गर्ने,

(घ) प्रदेश कार्यकारी समितिका कार्यको कार्यसम्पादन मूल्याङ्कन गर्ने, गराउने,

(ङ) प्रदेश स्काउट सम्बन्धी कार्यमा प्रदेश कार्यकारी समिति, स्थानीय परिषद् र स्थानीय कार्यकारी समितिलाई आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(च) तोकिए बमोजिम अन्य कार्य गर्ने।

१९. **प्रदेश परिषद्को बैठक** : (१) प्रदेश परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) प्रदेश परिषद्को कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा प्रदेश परिषद्को लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) प्रदेश परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा सह-अध्यक्षले र सह-अध्यक्ष समेतको अनुपस्थितिमा बैठक बस्नुपरेमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(४) प्रदेश परिषद्को बैठकको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) प्रदेश परिषद्को बैठकको निर्णयको अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(६) प्रदेश परिषद्को बैठक औचित्य र आवश्यकताका आधारमा अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(७) प्रदेश परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि प्रदेश परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **प्रदेश कार्यकारी समिति** : (१) प्रदेश स्काउटको कार्यकारी निकायका रुपमा कार्य गर्न प्रदेश कार्यकारी समिति रहनेछ।

(२) प्रदेश कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश आयुक्त - अध्यक्ष

(ख) उपसचिव, प्रदेश सरकारको स्काउट सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) प्रदेश सम्मेलनबाट निर्वाचित कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत, प्रदेश स्काउट - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्य मनोनयन गर्दा एकजना महिला र एकजना पुरुष हुने गरी गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले नेपाल स्काउटको मूल्य, मान्यता तथा सिद्धान्त वा यस ऐन विपरीत कुनै कार्य गरेमा प्रदेश परिषद्ले निजलाई बाँकी अवधिको कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाएको जानकारी प्रदेश सम्मेलनमा गराउनु पर्नेछ।

तर त्यसरी रोक लगाउनु अघि निजलाई सफाईको उचित मौका दिनु पर्नेछ।

२१. **<u>प्रदेश कार्यकारी समितिको बैठक</u>** : (१) प्रदेश कार्यकारी समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) बैठकको अध्यक्षता प्रदेश कार्यकारी समितिको अध्यक्षले गर्नेछ।

(३) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(४) बैठकको निर्णयको प्रमाणीकरण अध्यक्ष र सदस्य-सचिवले गर्नेछ।

(५) प्रदेश कार्यकारी समितिले कुनै विशेषज्ञ वा पदाधिकारी वा कुनै स्थानीय तहसँग सम्बन्धित विषयको हकमा प्रदेश परिषद्मा सम्बन्धित स्थानीय तहबाट प्रतिनिधित्व गर्ने सदस्य वा स्थानीय तहको स्काउटको अध्यक्षलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) प्रदेश कार्यकारी समितिका अध्यक्ष र सदस्यले बैठकमा भाग लिएबापत प्रदेश सरकार, अर्थ सम्बन्धी मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(७) प्रदेश कार्यकारी समितिको बैठक औचित्य र आवश्यकताका आधारमा अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(८) प्रदेश कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **<u>प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>** : प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्काउटको नीति निर्धारण गरी स्वीकृतिको लागि प्रदेश परिषद्मा पेस गर्ने,

(ख) प्रदेश परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रदेश स्काउटको वार्षिक नीति तथा कार्यक्रम, आय-व्ययको विवरण तथा योजना तयार गरी स्वीकृतिको लागि प्रदेश परिषद्समक्ष पेस गर्ने,

(घ) प्रदेश स्काउटको लेखापरीक्षण प्रतिवेदन लगायतका अन्य प्रतिवेदन स्वीकृतिका लागि प्रदेश परिषद्समक्ष पेस गर्ने,

(ङ) प्रदेश स्काउटको विनियमावलीको मसौदा तयार गरी स्वीकृतिको लागि प्रदेश परिषद्समक्ष पेस गर्ने,

(च) आन्तरिक लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

(छ) प्रदेश स्काउटको चलअचल सम्पत्तिको सञ्चालन, संरक्षण तथा व्यवस्थापन गर्ने,

(ज) प्रदेश स्काउटको लागि आर्थिक तथा अन्य स्रोत सङ्कलन गरी परिचालन गर्ने,

(झ) विपद् वा दुर्घटनामा उद्धार र सहयोग लगायतका कार्यमा राष्ट्रिय कार्यकारी समितिसँग समन्वय गरी कार्य गर्ने,

(ञ) दक्ष जनशक्ति निर्माण गर्न राष्ट्रिय कार्यकारी समिति तथा स्थानीय तह कार्यकारी समितिसँग समन्वय गरी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-५

## स्थानीय स्काउट

२३. **स्थानीय स्काउट** : (१) स्थानीय तहमा नेपाल स्काउटको नीति, योजना तथा कार्यक्रम सञ्चालन तथा समन्वय गर्न स्थानीय स्काउट रहनेछ।

(२) गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख स्थानीय स्काउटको संरक्षक हुनेछ।

(३) उपदफा (२) बमोजिमको संरक्षकले तोकेको कार्यपालिकाको सदस्य प्रमुख स्थानीय स्काउट हुनेछ।

२४. **स्थानीय सम्मेलन गर्नुपर्ने** : (१) स्थानीय स्काउटको नीति निर्माण सम्बन्धमा राय सुझाव दिन, योजना स्वीकृत गर्न र स्थानीय परिषद् तथा स्थानीय कार्यकारी समितिका सदस्यको निर्वाचन गर्न प्रत्येक चार वर्षमा स्थानीय स्काउटको सम्मेलन गर्नु पर्नेछ।

(२) स्थानीय सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधि सहभागी हुनेछन्:-

(क) स्थानीय परिषद् र स्थानीय कार्यकारी समितिका पदाधिकारी र सदस्य,

(ख) स्थानीय तहभित्र सञ्चालित स्काउटका तोकिए बमोजिमका प्रतिनिधि,

(ग) स्थानीय परिषद्ले समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व हुने गरी मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना स्काउट।

(३) स्थानीय सम्मेलनको अध्यक्षता प्रमुख स्थानीय स्काउटले गर्नेछ।

(४) स्थानीय सम्मेलनमा प्रतिनिधिको छनौट प्रकृया, योग्यता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **स्थानीय परिषद्** : (१) प्रत्येक स्थानीय स्काउटमा एक स्थानीय परिषद् रहनेछ।

(२) स्थानीय परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) स्थानीय स्काउटको संरक्षकले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) स्थानीय आयुक्त, स्थानीय स्काउट - उपाध्यक्ष

(ग) स्थानीय तहभित्र रहेका स्काउटका एकाइबाट

स्थानीय सम्मेलनले निर्वाचित गरेका कम्तीमा
तीनजना महिला सहित नौजना स्काउट - सदस्य

(घ) स्थानीय तहमा रहेका सुरक्षा निकायका प्रमुख - सदस्य

(ङ) सभापति, नेपाल रेडक्रस सोसाइटी, सम्वन्धित स्थानीय तह - सदस्य

(च) स्थानीय तहको स्काउट हेर्ने अधिकृत कर्मचारी - सदस्य-सचिव

२६. **स्थानीय परिषद्को बैठक** : (१) स्थानीय परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) स्थानीय परिषद्को कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा स्थानीय परिषद्को लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) स्थानीय परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा बैठक बस्नुपरेमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(४) स्थानीय परिषद्को बैठकको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) स्थानीय परिषद्को बैठकको निर्णयको अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित हुनेछ।

(६) स्थानीय परिषद्को बैठक औचित्य र आवश्यकताका आधारमा अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(७) स्थानीय परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि स्थानीय परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२७. **स्थानीय परिषद्को काम, कर्तव्य र अधिकार** : स्थानीय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय कार्यकारी समितिबाट पेश भएको वार्षिक योजना तथा कार्यक्रम, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन लगायतका प्रतिवेदन स्वीकृत गर्ने,

(ग) स्थानीय स्काउटको विनियम स्वीकृत गर्ने,

(घ) स्थानीय स्काउटको दीर्घकालीन गुरुयोजना तर्जुमा गरी स्वीकृतिका लागि स्थानीय सम्मेलनमा पेश गर्ने,

(ङ) स्थानीय कार्यकारी समितिका कार्यको कार्यसम्पादन मूल्याङ्कन गर्ने, गराउने,

(च) स्थानीय स्काउट सम्बन्धी कार्यमा स्थानीय कार्यकारी समितिलाई आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(छ) तोकिएबमोजिम अन्य कार्य गर्ने।

२८. **<u>स्थानीय कार्यकारी समितिको गठन</u>** : (१) स्थानीय स्काउटको कार्यकारी निकायका रुपमा कार्य गर्न स्थानीय कार्यकारी समिति रहनेछ।

(२) स्थानीय कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | स्थानीय आयुक्त | - अध्यक्ष |
| (ख) | स्थानीय सम्मेलनबाट निर्वाचित कम्तीमा एकजना महिला सहित दुईजना | - सदस्य |
| (ग) | अधिकृतस्तरको कर्मचारी (स्काउट हेर्ने), स्थानीय तह | - सदस्य |
| (घ) | सचिव, स्थानीय स्काउट | - सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्य मनोनयन गर्दा एकजना महिला र एकजना पुरुष हुने गरी गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (ख) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले नेपाल स्काउटको मूल्य, मान्यता तथा सिद्धान्त वा यस ऐन विपरीत कुनै कार्य गरेमा स्थानीय परिषद्ले निजलाई बाँकी अवधिको कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र रोक लगाएको जानकारी स्थानीय सम्मेलनमा गराउनु पर्नेछ।

तर त्यसरी रोक लगाउनु अघि निजलाई सफाईको उचित मौका दिनु पर्नेछ।

२९. **<u>स्थानीय कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>** : स्थानीय कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय स्काउटको वार्षिक नीति तथा कार्यक्रम, आय-व्ययको विवरण तथा योजना तयार गरी स्वीकृतिको लागि स्थानीय परिषद्समक्ष पेस गर्ने,

(ख) स्थानीय परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ग) स्थानीय स्काउटको लेखापरीक्षण प्रतिवेदन लगायतका अन्य प्रतिवेदन स्वीकृतिका लागि स्थानीय परिषद्समक्ष पेस गर्ने,

(घ) स्थानीय स्काउटको विनियमावलीको मसौदा तयार गरी स्वीकृतिको लागि स्थानीय परिषद्समक्ष पेस गर्ने,

(ङ) आन्तरिक लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

(च) स्थानीय स्काउटको चलअचल सम्पत्तिको सञ्चालन, संरक्षण तथा व्यवस्थापन गर्ने,

(छ) स्थानीय स्काउटको लागि आर्थिक तथा अन्य स्रोत सङ्कलन गरी परिचालन गर्ने,

(ज) विपद् वा दुर्घटनामा उद्धार र सहयोग लगायतका कार्यमा प्रदेश तथा राष्ट्रिय कार्यकारी समितिसँग समन्वय गरी कार्य गर्ने,

(झ) दक्ष जनशक्ति निर्माण गर्न प्रदेश कार्यकारी समिति तथा राष्ट्रिय कार्यकारी समितिसँग समन्वय गरी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

३०. **<u>स्थानीय कार्यकारी समितिको बैठक</u>** : (१) स्थानीय कार्यकारी समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) बैठकको अध्यक्षता स्थानीय कार्यकारी समितिको अध्यक्षले गर्नेछ।

(३) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(४) बैठकको निर्णयको अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(५) स्थानीय कार्यकारी समितिले कुनै विषयको सम्बन्धमा विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) स्थानीय कार्यकारी समितिका अध्यक्ष र सदस्यले बैठकमा भाग लिएबापत स्थानीय तहको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(७) स्थानीय कार्यकारी समितिको बैठक औचित्य र आवश्यकताका आधारमा अनलाइन माध्यमबाट समेत गर्न सकिनेछ।

(८) स्थानीय कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## पदाधिकारी तथा कर्मचारी सम्बन्धी व्यवस्था

३१. **प्रमुख आयुक्त :** (१) नेपाल सरकारले राष्ट्रिय परिषद् सदस्यहरूमध्येबाट नेपाल स्काउटको प्रमुख आयुक्त नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने प्रमुख आयुक्तको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको र नेपाल स्काउटसँग सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा प्राप्त गर्न निवेदन नदिएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

(३) प्रमुख आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्काउटको मूल्य, मान्यता तथा सिद्धान्त र नीति बमोजिम नेपाल स्काउटको विकास र विस्तारको लागि आवश्यक नीति योजना कार्यक्रम तयार गर्न राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समितिलाई समन्वय र सहजीकरण गर्ने,

(ख) राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ग) नेपाल स्काउटको वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने र प्रगति विवरण राष्ट्रिय परिषद्को बैठमा पेश गर्ने,

(घ) नेपाल स्काउटको कार्य सञ्चालनको लागि स्रोत व्यवस्थापन गर्ने,

(ङ) नेपाल स्काउटको कार्य सञ्चालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धान गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

३२. **प्रदेश आयुक्त र स्थानीय आयुक्तसम्बन्धी व्यवस्था** : (१) प्रदेश सरकारले प्रदेश परिषद्का सदस्यमध्येबाट प्रदेश आयुक्त नियुक्ति गर्नेछ।

(२) प्रदेश आयुक्तको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको र नेपाल स्काउटसँग सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव प्राप्त गरेको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा प्राप्त गर्न निवेदन नदिएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने प्रदेश आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्काउटको विकास र विस्तारको निमित्त आवश्यक नीति, योजना कार्यक्रम तयार गर्न प्रदेश परिषद र प्रदेश कार्यकारी समितिलाई सहयोग गर्ने,

(ख) प्रदेश परिषद र प्रदेश कार्यकारी समितिको निर्णय, आदेश र निर्देशनहरु कार्यान्वयन गर्ने र गराउने,

(ग) प्रदेश स्काउटको वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने र प्रगति विवरणहरु प्रदेश परिषदको बैठमा पेश गर्ने,

(घ) प्रदेश स्काउटको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरुको परिचालन गर्ने,

(ङ) प्रदेश स्काउटका गतिविधिहरुको सञ्चालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने, गराउने, र

(च) अन्य तोकिए बमोजिमका कार्य गर्ने।

(४) सम्बन्धित स्थानीय तहले स्थानीय परिषद्का सदस्यहरुमध्येबाट स्थानीय आयुक्त नियुक्ति गर्नेछ।

(५) स्थानीय आयुक्तको योग्यता उपदफा (२) मा उल्लिखित प्रदेश आयुक्तको योग्यता सरह हुनेछ।

(६) उपदफा (४) बमोजिम नियुक्त हुने स्थानीय आयुक्तको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**३३. <u>पदावधि</u>** : प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको पदावधि नियुक्तिको मितिले चार वर्षको हुनेछ।

**३४. <u>पद रिक्त हुने अवस्था</u> :** (१) देहायको कुनै अवस्थामा प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निज नेपाल स्काउटको सदस्य नरहेमा,

(घ) निज सम्बन्धित स्काउटको परिषद सदस्य नरहेमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(च) निजले अन्य देशको नागरिकता वा स्थायी बसोबासको अनुमति लिएमा वा अनुमतिको लागि दरखास्त दिएमा,

(छ) निजलाई यस ऐन बमोजिम पदबाट हटाइएमा,

(ज) निज कुनै शारीरिक वा मानसिक रोग लागि वा अन्य कुनै कारणले आफ्नो पदीय दायित्व निर्वाह गर्न असक्षम भएको कुरा सम्बन्धित तहको कार्यकारी समितिबाट ठहर भएमा।

(२) नेपाल स्काउट, प्रदेश स्काउट र स्थानीय स्काउटको प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको राजीनामा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको पद छ महिनाभन्दा बढी अवधिको लागि रिक्त हुन आएमा यस ऐन बमोजिमको प्रक्रिया अपनाई बाँकी अवधिको लागि अर्को व्यक्तिलाई नियुक्त गरिनेछ।

**३५.** **<u>पदबाट हटाउन सकिने</u>** : (१) प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तले आफ्नो पद बमोजिमको जिम्मेवारी पूरा नगरेमा, पद अनुकूलको आचरण पालन नगरेमा वा आफ्नो जिम्मेवारीको कार्य इमान्दारीपूर्वक नगरेमा निजलाई नियुक्त गर्ने अधिकारीले पदबाट हटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(३) प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तलाई पदबाट हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३६.** **<u>नेपाल स्काउटको सदस्य</u>** : (१) कुनै व्यक्ति नेपाल स्काउटको सदस्य हुन तोकिए बमोजिम स्काउट तालिम प्राप्त गरेको र कुनै राजनीतिक गतिविधिमा संलग्न नभएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सदस्यले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आचार संहिताको पालना नगरेमा वा आफ्नो पद, स्काउटको मर्यादा वा दायित्व विपरीतको कुनै कार्य गरेमा सम्वन्धित कार्यकारी समितिले छानविन गरी सदस्य कायम राख्न उपयुक्त नदेखेमा त्यस्तो व्यक्तिको सदस्यता निश्चित अवधिको लागि काममा रोक लगाउन वा सदस्यताबाट हटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्तिलाई सदस्यबाट काममा रोक लगाउनु वा हटाउनु अघि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

३७. **<u>एक भन्दा बढी पदमा रहन नपाउने</u>** : (१) एकै व्यक्ति एकै अवधिमा नेपाल स्काउटको स्थानीय, प्रदेश र राष्ट्रिय तहका कुनै एक भन्दा बढी पदमा रहन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै अवधिमा माथिल्लो तहमा निर्वाचित हुन सक्नेछ।

तर माथिल्लो पदमा निर्वाचित भएमा निजको तल्लो पद स्वतः रिक्त हुनेछ।

३८. **<u>प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था</u>** : (१) नेपाल स्काउट र प्रदेश स्काउटको प्रशासनिक प्रमुख भई कार्य गर्न क्रमशः एक-एक जना प्रमुख प्रशासकीय अधिकृत रहनेछ।

(२) नेपाल स्काउट र प्रदेश स्काउटको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति, योग्यता, काम, कर्तव्य र अधिकार, सेवा, शर्त, पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत सम्वन्धित स्काउटको लेखा उत्तरदायी अधिकृत हुनेछ र आफ्नो कार्यक्षेत्रभित्र रहेका स्काउटमा आर्थिक अनुशासन कायम गरी चल अचल सम्पत्तिको सुरक्षा गर्नु निजको कर्तव्य हुनेछ।

३९. **<u>कर्मचारीसम्बन्धी व्यवस्था</u>** : (१) नेपाल स्काउटमा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दी बमोजिम कर्मचारी रहनेछन्।

(२) नेपाल स्काउट, प्रदेश स्काउट र स्थानीय स्काउटको कर्मचारीको पद तथा दरबन्दीसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम पद तथा दरबन्दीको व्यवस्था गर्दा मन्त्रालयबाट स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमका कर्मचारीको योग्यता, पारिश्रमिक, सेवाका शर्त र सुविधा तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) प्रदेश स्काउटमा प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम कर्मचारी रहनेछन्।

## परिच्छेद-७

## नेपाल स्काउटको कोष, लेखा र लेखा परीक्षण

४०. **नेपाल स्काउटको कोष** : (१) नेपाल स्काउटको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्तरराष्ट्रिय सङ्घ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले प्रदान गरेको रकम,

(घ) सदस्यता शुल्कबाट प्राप्त रकम,

(ङ) नेपाल स्काउटको सम्पत्ति व्यवस्थापन लगायतका आन्तरिक आय स्रोतबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम कुनै ’क÷ वर्गको वाणिज्य बैङ्कमा खाता खोली राख्नु पर्नेछ।

(४) नेपाल स्काउटले प्रदेश स्काउट र स्थानीय स्काउटको लागि आवश्यक पर्ने रकम उपदफा (१) बमोजिमको कोषबाट विनियोजन गर्नेछ।

(५) नेपाल स्काउटद्वारा गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **प्रदेश स्काउटको कोष** : (१) प्रदेश स्काउटको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल स्काउटबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले प्रदान गरेको रकम,

(घ) प्रदेशस्तरका स्काउटका सदस्यको सदस्यता शुल्कबाट प्राप्त रकम,

(ङ) नेपाल स्काउटको सम्पत्ति व्यवस्थापन लगायतका आन्तरिक आय स्रोतबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम प्रदेशभित्रको कुनै 'क÷ वर्गको वाणिज्य बैङ्कमा खाता खोली राख्नु पर्नेछ।

(३) प्रदेश स्काउटको लागि आवश्यक पर्ने रकम उपदफा (१) बमोजिमको कोषबाट विनियोजन गर्नेछ।

(५) प्रदेश स्काउटद्वारा गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **<u>स्थानीय स्काउटको कोष</u>** : (१) स्थानीय स्काउटको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) स्थानीय तहबाट प्राप्त रकम,

(ख) नेपाल स्काउट र प्रदेश स्काउटबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले प्रदान गरेको रकम,

(घ) स्थानीयस्तरका स्काउटका सदस्यको सदस्यता शुल्कबाट प्राप्त रकम,

(ङ) नेपाल स्काउटको सम्पत्ति व्यवस्थापन लगायतका आन्तरिक आय स्रोतबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम स्थानीय तहभित्रको कुनै "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली राख्नु पर्नेछ।

(३) स्थानीय स्काउटको लागि आवश्यक पर्ने रकम उपदफा (१) बमोजिमको कोषबाट विनियोजन गर्नेछ।

(५) स्थानीय स्काउटद्वारा गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **लेखा र लेखापरीक्षण** : (१) नेपाल स्काउट, प्रदेश स्काउट र स्थानीय स्काउटको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) नेपाल सरकारबाट प्राप्त रकमका सम्बन्धमा नेपाल स्काउट, प्रदेश स्काउट र स्थानीय स्काउटको आन्तरिक लेखापरीक्षण क्रमशः सम्वन्धित कार्यकारी समितिले नियुक्ति गरेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

(३) नेपाल स्काउट, प्रदेश स्काउट र स्थानीय स्काउटको लेखा, लेखासम्बन्धी कागजात र अन्य नगदी जिन्सीका सम्बन्धमा क्रमशः नेपाल सरकारको मन्त्रालय, प्रदेश सरकारको मन्त्रालय तथा स्थानीय तहले जुनसुकै बखत निरीक्षण गर्न सक्नेछ।

## परिच्छेद-८
## विविध

४४. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने** : (१) स्थानीय स्तरको स्काउटले आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र आफूले वर्ष भरी सम्पादन गरेका कामहरु तथा उपलव्धी र वर्ष भरी गरिएको खर्च तथा स्काउटको स्रोत साधनको अवस्था लगायतका विषयहरु समावेश गरिएको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह र प्रदेश स्काउट समक्ष पेश गर्नु पर्नेछ।

(२) प्रदेश स्काउटले उपदफा (१) बमोजिम स्थानीय स्तरको स्काउटबाट प्राप्त वार्षिक प्रतिवेदनमा उल्लिखित विषयहरु तथा आफूले वर्ष भरी सम्पादन गरेका कामहरु तथा उपलव्धी र वर्ष भरी गरिएको खर्च तथा स्काउटको स्रोत साधनको अवस्था समेटिएको समेटिएको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार र नेपाल स्काउट समक्ष पेश गर्नु पर्नेछ।

(३) नेपाल स्काउटले उपदफा (२) बमोजिमको प्राप्त प्रतिवेदनमा उल्लिखित विषयहरु समेतलाई समावेश गरी आफूले वर्ष भरी सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, नेपाल स्काउटको

तथा स्रोत साधनको अवस्था, नेपाल स्काउटबाट भए गरेका अन्य काम कारवाही तथा नेपाल स्काउटको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेत समावेश गरिएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको नब्बे दिनभित्र मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(४) नेपाल स्काउटले नेपाल सरकार समक्ष पेश गरेको बार्षिक प्रतिवेदन प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।

४५. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) नेपाल स्काउटको उद्देश्य पूर्तिका लागि सम्वन्धित कार्यकारी समितिले आवश्यकताअनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार सम्वन्धित कार्यकारी समितिले तोके बमोजिम हुनेछ।

४६. **भाग लिन नहुने** : नेपाल स्काउटको सदस्यले नेपाल स्काउटको ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

४७. **सुविधा तथा बैठक भत्ता** : (१) नेपाल स्काउटका प्रमुख स्काउट, प्रदेश स्काउट, स्थानीय स्काउट, प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्त बाहेकका सदस्य तथा पदाधिकारीहरुले बैठकमा भाग लिएबापत नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत प्रचलित कार्य सञ्चालन निर्देशिकाले तोकेबमोजिमको बैठक भत्ता पाउनेछन्।

४८. **कर तथा भन्सार महशुल छुट** : नेपाल स्काउटले विपद् व्यवस्थापन तथा उद्धार सम्बन्धी कार्यमा प्रयोग हुने सामाग्री अन्य मुलुक वा अन्तरराष्ट्रिय संस्थाबाट पैठारी गर्दा लाग्ने कर तथा भन्सार महशुलमा नेपाल सरकारले प्रचलित कानून बमोजिम छुट दिन सक्नेछ।

४९. **निर्देशन दिन सक्ने** : (१) नेपाल सरकारले नेपाल स्काउटको काम कारबाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्वन्धित स्काउटको कर्तव्य हुनेछ।

(३) प्रदेश सरकार र स्थानीय तहले क्रमशः प्रदेश स्काउट र स्थानीय स्काउटको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। त्यसरी प्राप्त निर्देशनको पालना गर्नु सम्बन्धित स्काउटको कर्तव्य हुनेछ।

**५०. <u>अधिकार प्रत्यायोजन</u>** : (१) राष्ट्रिय परिषद्, प्रदेश परिषद् तथा स्थानीय परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार सम्बन्धित कार्यकारी समिति, प्रमुख आयुक्त, प्रदेश आयुक्त, स्थानीय आयुक्त वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) राष्ट्रिय कार्यकारी समिति, प्रदेश कार्यकारी समिति वा स्थानीय कार्यकारी समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार सम्बन्धित प्रमुख आयुक्त, प्रदेश आयुक्त, स्थानीय आयुक्त वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**५१. <u>सहयोग गर्नु पर्ने</u>** : नेपाल स्काउटको काम कारबाहीका सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**५२. <u>नेपाल सरकारसँगको सम्पर्क</u>** : नेपाल स्काउटले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

**५३. <u>सपथ</u>** : नेपाल स्काउटका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरुले तोकिए बमोजिम सपथ लिनु पर्नेछ।

**५४. <u>नियम बनाउने अधिकार</u>** : यस ऐन कार्यान्वयनका लागि नेपाल सरकारले नेपाल स्काउटको परामर्शमा आवश्यक नियम बनाउन सक्नेछ।

**५५. <u>विनियम बनाउने सक्ने</u>** : (१) यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधिनमा रही राष्ट्रिय परिषद्ले आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम बनाउँदा नेपाल सरकारमा आर्थिक व्ययभार पर्ने विषय भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

**५६. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>** : (१) यस ऐनको कार्यान्वयन गर्न यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) यस ऐनबमोजिम प्रदेश र स्थानीय तहमा प्रदेश स्काउट वा स्थानीय स्काउटले गर्ने कार्य सम्पादन गर्न प्रदेश सरकार वा स्थानीय तहले आवश्यकताअनुसार कार्यविधि बनाउन सक्नेछ।

**५७. <u>ऐन कार्यान्वयन मापन</u>** : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

**५८. <u>खारेजी र बचाउ</u>** : (१) नेपाल स्काउट ऐन, २०५० खारेज गरिएको छ।

(२) नेपाल स्काउट ऐन, २०५० बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## ३. युवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : युवाको सर्वाङ्गीण विकास र मुलुकको समग्र विकासमा युवा परिचालन गरी युवाको सशक्तिकरण तथा मूलप्रवाहीकरण गर्दै समुन्नत राष्ट्र निर्माणको लागि नेतृत्वदायी भूमिका सुनिश्चित गर्न प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय युवा ऐन, २०८३" रहेको छ। (२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ५ बमोजिम स्थापना भएको राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ।

(घ) "प्रदेश युवा परिषद्" भन्नाले दफा १२ को उपदफा (१) बमोजिम प्रदेशमा गठन हुने प्रदेश युवा परिषद् सम्झनु पर्छ।

(ङ) "युवा" भन्नाले अठार वर्षदेखि पैंतीस वर्षसम्म उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) “समिति” भन्नाले दफा १० बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(झ) “स्थानीय युवा समिति” भन्नाले दफा १२ को उपदफा (२) बमोजिम स्थानीय तहमा गठन हुने स्थानीय युवा समिति सम्झनु पर्छ।

(ञ) “सदस्य-सचिव” भन्नाले दफा १९ बमोजिमको सदस्य-सचिव सम्झनु पर्छ।

(ट) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको युवा सम्बन्धी सङ्घ वा संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## युवाको विकास र विकासमा युवा परिचालन

३. **कार्यक्रम सञ्चालन गर्नु पर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले नीति तथा कार्यक्रममा युवाको विकास तथा सहभागितासँग सम्बन्धित कार्यक्रम समावेश गरी सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम देहाय बमोजिम हुनेछन्ः-

(क) नीति निर्माणमा सहभागिता, सूचना तथा डिजिटल प्रविधिमा पहुँच अभिवृद्धि गर्ने,

(ख) युवा लक्षित निरोधात्मक, उपचारात्मक एवम् प्रवर्धनात्मक प्रकृतिका आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) शारीरिक, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श लगायतका युवा लक्षित कार्यक्रममा युवाको पहुँच बढाउने,

(घ) युवाको लागि सीप वा उद्यमशिलता विकास र रोजगारीको अवसर उपलव्ध गराउने,

(ङ) कुलतमा परेका युवाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने,

(च) कृषि तथा पशुपालनका क्षेत्रमा आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने,

(छ) युवा उद्यमीलाई प्रोत्साहन गर्न सीप, पूँजी, उद्यम र बजार व्यवस्थापनमा लगानी बढाउने,

(ज) अनुसन्धान, अन्वेषण र प्रविधिमा साइबर सुरक्षा सुनिश्चित गरी युवाको सहभागिता बढाउने,

(झ) मूल प्रवाहमा पछाडि परेका युवालाई सशक्तीकरण गर्दै लाभको वितरणमा सहभागिता कायम गर्ने,

(ञ) युवालाई नेतृत्व गर्न प्रोत्साहन र प्राथमिकता दिने,

(ट) वित्तीय कानूनी तथा सामाजिक क्षेत्रमा युवा जागरण तथा सशक्तिकरण अभियान सञ्चालन गर्ने,

(ठ) युवा स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गर्ने।

४. **विकासमा युवा परिचालन गर्नु पर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास कार्यक्रममा युवाको सहभागिता सुनिश्चित सहित कार्यक्रम सञ्चालन गरी विकास गर्न तीन तह बीचको समन्वय, सहकार्य र साझेदारी बमोजिम विकासमा युवा परिचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रम देहाय बमोजिम हुनेछन्ः-

(क) राष्ट्रिय तथा अन्तरराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी हुने दक्ष जनशक्ति तयार गर्न सीपमूलक, रोजगारमूलक एवम् गुणस्तरीय शिक्षामा सहभागिता सहितको पहुँच अभिवृद्धि गर्ने,

(ख) प्रतिस्पर्धी मानव पूँजी निर्माण गर्न युवाको व्यावसायिक सीप विकास, तालिम तथा अनुसन्धान र स्रोतसाधनमा पहुँच पुऱ्याउने,

(ग) एकीकृत स्वास्थ्य प्रणाली मार्फत स्वास्थ्य सेवामा युवाको पहुँच पुऱ्याउने,

(घ) युवाको क्षमता अभिवृद्धि गर्न युवा लक्षित नवप्रवर्तन सहितको उद्यमशीलता विकास गर्ने,

(ङ) स्थानीय परम्परागत सीप र साधनस्रोतमा आधारित रोजगारी तथा स्वरोजगारी बढाउने,

(च) खेल पर्यटनमा युवाको सहभागिता बढाउन खेलकुदको आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने,

(छ) कृषि तथा पशुपालनका क्षेत्रमा आधुनिकीकरण तथा यान्त्रिकरण गर्न युवा परिचालन गर्ने,

(ज) युवा लक्षित कला, साहित्य, संस्कृति, पर्या-पर्यटन एवम् मनोरञ्जनात्मक कार्यक्रममा युवा सहभागिता बढाउने,

(झ) जलवायु परिवर्तन तथा पर्यावरणीय असर न्यूनीकरण र अनुकूलता सम्बन्धी कार्य गर्न युवाको सहभागिता बढाई जलवायु न्याय सुनिश्चित गर्ने,

(ञ) सूचना प्रविधिको प्रयोगमा युवा सहभागिता बढाउँदै उक्त क्षेत्रलाई रोजगारीको केन्द्रको रूपमा विकास गर्ने,

(ट) समाज रूपान्तरण तथा विकासमा युवाको नेतृत्वदायी भूमिका बढाउने,

(ठ) सुशासन प्रवर्धन र सामाजिक समृद्धिमा युवाको संलग्नता, स्वामित्व र योगदान बढाउने,

(ड) युवा सम्वद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र साझेदारीलाई संस्थागत गर्ने।

## परिच्छेद-३

## युवा परिषद् तथा युवा समिति सम्बन्धी व्यवस्था

५. **परिषद्को स्थापना** : (१) युवाको हक हितको संरक्षण र संवर्धन गर्दै युवाको विकास र विकासमा युवाको सहभागिताका लागि एक सङ्घीय युवा परिषद् स्थापना गरिएको छ।

(२) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

६. **परिषद् स्वशासित र सङ्गठित संस्था हुने** : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) परिषद्को छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्ति, संरक्षण, उपभोग तथा बेचबिखन गर्ने, अभिलेख राख्ने वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न सक्नेछ।

७. **परिषद्को गठन** : (१) दफा ५ बमोजिम स्थापित परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्री - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सह-अध्यक्ष

(ग) सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(घ) प्रत्येक प्रदेशबाट प्रदेश युवा परिषद्को अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

(ङ) युवाको हक, हित सम्बन्धी कार्यमा योगदान पुऱ्याएका सङ्घ, संस्थामध्येबाट मन्त्रालयले मनोनीत गरेका एकजना महिला सहित दुईजना - सदस्य

(च) उद्योग, श्रम, कृषि, खेलकुद, विज्ञान, प्रविधि, पर्यटन, वातावरण, साहित्य वा कलाको क्षेत्रमा योगदान पुऱ्याएका युवाहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(छ) युवा सम्बन्धी विषय हेर्ने सहसचिव, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमको सदस्य हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) पैंतीस वर्ष उमेर ननाघेको।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमका सदस्य मनोनीत गर्दा समावेशी प्रतिनिधित्व हुनेगरी मनोनयन गर्नु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पालना नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

८. **<u>परिषद्को काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) युवा सम्बन्धी दीर्घकालीन नीति, रणनीति तथा मापदण्ड स्वीकृतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ख) परिषद्को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गराउने,

(ग) युवा सम्बन्धमा गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षा, स्वास्थ्य सेवा, सीप विकास, रोजगारी, नवप्रवर्तन, सशक्तिकरण, वातावरण संरक्षण तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय योजना तथा कार्यदिशा तयार गर्ने,

(घ) प्रदेश र स्थानीय तहमा युवा सम्बन्धी नीति कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने,

(ङ) युवा सम्बन्धी कार्यक्रममा सरोकारवाला निकायसँग समन्वय गरी एकरूपता कायम गर्ने,

(च) युवा सम्बन्धी अन्तरराष्ट्रिय सहयोग, साझेदारी तथा अनुभव आदान प्रदान गर्ने,

(छ) युवा विकासका क्षेत्रमा सीप, रोजगारी, स्वयंसेवा, नवप्रवर्तन तथा सशक्तिकरण गर्ने,

(ज) युवा विकासमा समावेशी पहुँच, जनशक्ति विकास, डिजिटल तथा प्रविधिमैत्री समाजको विकास गर्ने,

(झ) प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन भएका कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ञ) युवा सम्बन्धी विषयगत तथ्याङ्क प्रणालीको विकास तथा मापदण्ड निर्धारण गरी अभिलेख व्यवस्थापन गर्ने,

(ट) युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित निकायसँग समन्वय गरी स्टार्टअप तथा उद्यमशीलता प्रवर्धन गर्ने,

(ठ) दफा ३ र ४ मा उल्लिखित नेपाल सरकारले गर्नु पर्ने विकासमा युवा परिचालन तथा युवाको विकाससँग सम्बन्धित कार्य गर्ने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

९. **परिषद्को बैठक र निर्णय** : (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक वा आवश्यकताअनुसार बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठकको कार्यसूची सहितको सूचना तीन दिन अगावै सदस्य-सचिवले सदस्यलाई दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल बैठक बोलाउन आवश्यक भएमा अध्यक्षको निर्देशनमा यथाशिघ्र सूचना दिई चौबीस घण्टा अगावै सदस्य-सचिवले बोलाउन सक्नेछ।

(५) परिषद्मा तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकको निर्णय उपाध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(९) परिषद्ले आवश्यक ठानेमा कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) अध्यक्षसँग अनुमति लिई परिषद्को कुनै सदस्यले भर्चुअल (अनलाइन) माध्यमबाट समेत बैठकमा भाग लिन सक्नेछ।

(११) अध्यक्षले आवश्यकताअनुसार अनलाइन माध्यमबाट बैठक बोलाउन सक्नेछ।

(१२) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>सिफारिस समिति</u> : (१) दफा ७ को उपदफा (१) बमोजिमको उपाध्यक्ष तथा मनोनीत हुने सदस्य मनोनयनको लागि सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय - सदस्य

(ग) युवा सम्बन्धी विषयमा विज्ञता हासिल गरेका व्यक्तिमध्येबाट मन्त्रालयबाट मनोनीत एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि तथा मनोनयनको लागि नाम सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिका अध्यक्ष र सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका बमोजिमको बैठक भत्ता पाउने छन्।

११. **परिषद् विघटन गर्न सक्ने** : (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा नेपाल सरकारले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ।

१२. **प्रदेश युवा परिषद् र स्थानीय युवा समितिसम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम विकासमा युवाको परिचालन र युवाको विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न र राष्ट्रिय युवा परिषद्ले गर्ने कार्य प्रदेशस्तरमा सम्पादन गर्न प्रत्येक प्रदेशमा युवा सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा सम्बन्धित प्रदेश सरकारले प्रदेश युवा परिषद्को गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विकासमा युवाको परिचालन र युवाको विकाससम्बन्धी कार्यक्रम स्थानीयस्तरमा सञ्चालन गर्न प्रत्येक स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेको कार्यपालिका सदस्यको अध्यक्षतामा सम्बन्धित स्थानीय तहले स्थानीय युवा समिति गठन गर्न सक्नेछ।

(३) प्रदेश युवा परिषद् र स्थानीय युवा समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था क्रमशः सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश युवा परिषद् र स्थानीय युवा समितिको काम, कर्तव्य र अधिकार निर्धारण गर्दा यस ऐनको विपरीत नहुने गरी गर्नु पर्नेछ।

## परिच्छेद-४

## परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

१३. **परिषद्मा आवद्धता तथा नवीकरण** : (१) युवाको हक, हित संरक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी सङ्घ संस्थाले अनुसूची-१ को ढाँचामा देहायका कागजात सहित परिषद्मा निवेदन दिनु पर्नेछः-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विधानको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) संस्थाका पदाधिकारी र सदस्यहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) संस्थाका पदाधिकारी र सदस्यको नाम, थर र ठेगाना सहितको विवरण, र

(च) तोकिए बमोजिमका अन्य कागजात।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन सहितका कागजात परिषद्बाट छानविन गर्दा माग बमोजिम त्यस्तो संस्थालाई परिषद्सँग आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नवीकरण नभएको संस्था परिषद्मा आवद्ध हुन सक्ने छैन।

(४) उपदफा (२) बमोजिम परिषद्मा आवद्ध भएका सङ्घ संस्थाले आवद्धता कायमै राख्न चाहेमा त्यस्तो आवद्धताको अवधि सकिनु भन्दा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आवद्धता नवीकरणका लागि पेस गरिएको निवेदन तथा संलग्न कागजातको जाँचबुझ गर्दा परिषद्ले उपयुक्त देखेमा अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर लिई निवेदक संस्थाको आवद्धता नवीकरण गर्न सक्नेछ।

(६) उपदफा (४) बमोजिमको अवधिभित्र आवद्धता नवीकरण नभएको संस्थाले सोको मनासिब कारण देखाई आवद्धता अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणका लागि अनुसूची-५ बमोजिम परिषद्समक्ष निवेदन दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा परिषद्ले उपदफा (५) बमोजिम लाग्ने नवीकरण दस्तुरमा अनुसूची-२ बमोजिमको थप दस्तुरमा पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो संस्थाको आवद्धता नवीकरण गर्नु पर्नेछ।

(८) यस दफा बमोजिम परिषद्मा आवद्ध भएका संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ।

१४. **<u>आवद्धता रद्द हुने</u>** : (१) परिषद्सँग आवद्ध संस्थाको आवद्धता देहायको अवस्थामा स्वतः रद्द हुनेछः-

(क) प्रचलित कानून बमोजिम संस्थाको विघटन भएमा,

(ख) दफा १३ को उपदफा (६) बमोजिमको अवधिभित्र आवद्धता नवीकरण नगरेमा।

(२) परिषद्ले आफूसँग आवद्ध भएका संस्थाको आवद्धता देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) संस्थाले लेखापरीक्षण नगराएमा,

(ख) संस्थाले विधान संशोधन गरी विधानबाट युवा सम्बन्धी कार्यक्षेत्र हटाएमा,

(ग) संस्थाको रकम हिनामिना वा दुरुपयोग गरेको पाइएमा,

(घ) उद्देश्य अनुरूप कार्य नगरेको पाइएमा,

(ङ) परिषद्को हित विपरीत कुनै कार्य गरेमा वा परिषद्लाई हानि नोक्सानी पुर्‍याएमा,

(च) परिषद्ले आवद्धता दिँदा तोकेका शर्त पूरा नगरेमा,

(छ) परिषद्ले दिएको निर्देशन पालना नगरेमा।

१५. **कार्यक्रम सञ्चालन गर्ने** : यस परिच्छेद बमोजिम परिषद्मा आवद्ध भएका युवा सम्बन्धी सङ्घ, संस्थाले विधानको अधीनमा रही युवाको सशक्तिकरण तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न सक्ने छन्।

## परिच्छेद-५

## उपाध्यक्ष तथा कर्मचारी सम्बन्धी व्यवस्था

१६. **उपाध्यक्ष** : (१) नेपाल सरकारले परिषद्को कार्यकारी प्रमुखको रूपमा काम गर्न सिफारिस समितिको सिफारिसमा उपाध्यक्ष नियुक्ति गर्नेछ।

(२) उपाध्यक्ष परिषद्मा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदीय जिम्मेवारी पूरा नगरेमा वा नेपाल सरकार वा परिषद्लाई हानि नोक्सानी पुऱ्याउने कार्य गरेमा निजलाई जुनसुकै बखत हटाउन सकिनेछ।

तर पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(५) उपाध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **उपाध्यक्षको योग्यता र अयोग्यता सम्बन्धी व्यवस्था** : (१) परिषद्को उपाध्यक्ष हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) युवाको हक हितको संरक्षण, सम्बर्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा दश वर्ष कार्य अनुभव प्राप्त गरेको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको।

(२) देहायको व्यक्ति उपाध्यक्ष हुन अयोग्य हुनेछ :-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको वा प्राप्त गर्न निवेदन दिएको,

(घ) साहूको दामासाहीमा परेको,

(ङ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले कार्य गर्न असक्षम रहेको, वा

(छ) पैंतीस वर्ष उमेर पूरा भएको।

**१८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद्समक्ष पेस गर्ने,

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने, र

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने।

**१९. सदस्य-सचिव :** (१) मन्त्रालयले युवा सम्बन्धी विषयको महाशाखा हेर्ने सहसचिवलाई परिषद्को सदस्य सचिव तोक्नेछ।

(२) सदस्य-सचिवले बैठक व्यवस्थापन र परिषद्ले तोके बमोजिमका कार्य गर्नेछ।

२०. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) परिषद्को कार्यसञ्चालनको लागि तोकिए बमोजिम कर्मचारी रहनेछन्।

(२) कर्मचारी नियुक्ति, सरुवा, बढुवा, सेवाका शर्त तथा सुविधा लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## परिषद्को कोष

२१. **परिषद्को कोष**: (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा सङ्घ, संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तरराष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी सङ्घ, संस्थालाई आवद्धता वा नवीकरण गर्दा प्राप्त दस्तुर रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२२. **लेखा र लेखापरीक्षण** : (१) परिषद् तथा प्रदेश युवा परिषद्ले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) परिषद्, प्रदेश युवा परिषद् तथा स्थानीय युवा समितिको आन्तरिक लेखापरीक्षण क्रमशः परिषद्, प्रदेश सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय वा सम्बन्धित स्थानीय तहले नियुक्त गरेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा वा लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न सक्नेछ।

## परिच्छेद-७
## विविध

२३. **स्वार्थ बाझिने कार्यमा सहभागी हुन नपाउने** : परिषद्, प्रदेश युवा परिषद् तथा स्थानीय युवा समितिको सदस्य वा पदाधिकारीले आफ्नो स्वार्थ बाझिने गरी परिषद्सँग सम्बन्धित ठेक्का पट्टा लगायतका कुनै पनि कार्य गर्न वा सहभागी हुन पाउने छैन।

२४. **पारिश्रमिक, सुविधा तथा बैठक भत्ता** : (१) परिषद्को उपाध्यक्षको पारिश्रमिक तथा सुविधा र परिषद्का अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

(२) प्रदेश युवा परिषद् तथा स्थानीय युवा समितिका अध्यक्ष तथा सदस्यले सम्बन्धित प्रदेश वा स्थानीय तहको प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

२५. **वार्षिक प्रतिवेदन** : (१) परिषद्ले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा परिषद्ले सम्पादन गरेका कार्य र उपलब्धी, खर्च, कोष एवम् स्रोत साधनको अवस्था, परिषद्बाट भएका अन्य काम कारबाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) परिषद्लाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य, उपलब्धी तथा काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष परिषद्ले प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

(५) प्रदेश युवा परिषद् र स्थानीय युवा समितिले आफ्नो वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रतिवेदन प्रकाशन गर्दा वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

२६. **<u>निर्देशन दिन सक्ने</u>** : (१) मन्त्रालयले परिषद्को काम कारबाही तथा सुधार गर्नुपर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

२७. **<u>शपथ</u>** : परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि मन्त्रालयको सचिवसमक्ष शपथ सम्बन्धी ऐन, २०७९ बमोजिम शपथ लिनु पर्नेछ।

२८. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२९. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३०. **<u>विनियम बनाउन सक्ने</u>** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयको स्वीकृति लिई परिषद्ले विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट स्वीकृति प्राप्त विनियम नेपाल राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ।

३१. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>** : (१) यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) यस ऐनबमोजिम प्रदेश वा स्थानीय तहमा प्रदेश परिषद् वा स्थानीय युवा समिति गठन गर्ने सम्बन्धमा वा युवाको परिचालन तथा सशक्तिकरण लगायतका कार्यक्रम सञ्चालन गर्ने क्रममा आवश्यकताअनुसार सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने छन्।

३२. **<u>अनुसूची हेरफेर तथा थपघट</u>** : (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर वा थपघट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेर वा थपघट गर्दा अनुसूची-२ सँग सम्बन्धित विषयको हकमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

३३. **<u>ऐन कार्यान्वयन मापन</u>** : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

३४. **<u>खारेजी र बचाउ</u>**: (१) राष्ट्रिय युवा परिषद् ऐन, २०७२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिम खारेज भएको ऐनले गठन गरेको राष्ट्रिय युवा परिषद्को सम्पूर्ण चल, अचल सम्पत्ति, कर्मचारी तथा दायित्व यस ऐन अन्तर्गत गठन हुने परिषद्मा सर्नेछ।

(४) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा रहेका चल अचल सम्पत्ति, कर्मचारी तथा दायित्व यस ऐन बमोजिम गठन भएको प्रदेश युवा परिषद् तथा स्थानीय युवा समितिमा सर्नेछ।

## अनुसूची-१

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>आवद्धता सम्बन्धी निवेदनको ढाँचा</u>**

**मितिः** ...................

श्री राष्ट्रिय युवा परिषद्,
काठमाडौं, नेपाल।

**<u>विषयः परिषद्मा आवद्धता हुने सम्बन्धमा।</u>**

राष्ट्रिय युवा ऐन, २०८३ को दफा १३ बमोजिम परिषद्मा आवद्ध हुन इच्छुक भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी तोकिएको दस्तुर सहित यो निवेदन पेस गरेको छु। परिषद्सँग आवद्धता प्राप्त भए पश्चात परिषद्ले निर्धारण गरेका शर्त पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**१. संस्थाको विवरण :**

नाम : .....................

ठेगाना : .....................

प्रदेश : .....................    फोन नं. : ..............................

जिल्ला : ......................    इमेल : ............................

स्थानीय तह : ........................    वेबसाइट : .........................

**२. संस्थाको उद्देश्य :**

(क)

(ख)

(ग)

(घ)

(ङ)

**३. संस्था दर्ता तथा नवीकरण सम्बन्धी विवरण :**

दर्ता नम्बर :...........
दर्ता मिति :...........
नवीकरण बहाल रहने अवधि :...........

**४. संस्थाको कार्यसमितिका पदाधिकारी तथा सदस्यको विवरण (नाम, पद, ठेगाना र सम्पर्क**

**नं) :**

(क)

(ख)

(ग)

(घ)

(ङ)

**५. संलग्न कागजातहरू :**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) संस्थाको विधानको प्रतिलिपि

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन

(घ) संस्थाका पदाधिकारी र सदस्यहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) संस्थाका पदाधिकारी र सदस्यको नाम, थर र ठेगाना सहितको विवरण,

(च) संस्थासँग सम्बन्धित अन्य आवश्यक कागजात,

(छ) संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई दिइएको अख्तियारनामा।

संस्थाको तर्फबाट निवेदकको नाम, थर :

पद :

दस्तखत :

संस्थाको नाम र ठेगाना :

संस्थाको छाप :

## अनुसूची-२

(दफा १३ को उपदफा (२), (५) र (७) सँग सम्बन्धित)

**आवद्धता तथा नवीकरण दस्तूर**

| क्र.सं. | आवद्धता/नवीकरण | दस्तूर |
|---|---|---|
| १. | आवद्धता | ३०००।- |
| २. | नवीकरण | ३०००।- |
| ३. | आवद्धता सकिएको तीन महिनाभित्र निवेदन दिएमा थप नवीकरण दस्तूर | १५००।-(नवीकरण दस्तूरको पचास प्रतिशत) |

## अनुसूची-३

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**आवद्धता प्रमाणपत्रको ढाँचा**

राष्ट्रिय युवा परिषद्,

आवद्धता प्रमाणपत्र

आवद्धता नम्बर :

राष्ट्रिय युवा परिषद्मा आवद्ध हुन ................ (संस्थाको नाम र ठेगाना) ले मिति........... मा दिएको निवेदन उपर कारबाही हुँदा परिषद्को मिति.................. को निर्णयानुसार राष्ट्रिय युवा ऐन, २०८३ को दफा १३ बमोजिम परिषद्सँग आवद्धता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

आवद्धता अवधिः ............देखि............. सम्म।

**परिषद्को छाप :**

**प्रमाणपत्र जारी गर्ने अधिकारीको :**

नाम,थर : ....................

पद : ...................

दस्तखत : ............

मिति : ............

**पछाडिपट्टि**

**(नवीकरण सम्बन्धी विवरण)**

| सि.नं. | नवीकरण गर्ने कर्मचारीको नाम | दर्जा | दस्तखत | मिति | जारी अवधि | नवीकरण कायम रहने अवधि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-४

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

**<u>आवद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा</u>**

मितिः ..........................

राष्ट्रिय युवा परिषद्,
काठमाडौं, नेपाल।

विषयः <u>आवद्धता नवीकरण गरी पाऊँ</u>।

यस संस्थाको राष्ट्रिय युवा परिषद्सँगको आवद्धता कायम रहने अवधि मिति .................... मा समाप्त हुने भएकोले राष्ट्रिय युवा ऐन, २०८३ को दफा १३ को उपदफा (४) बमोजिम आवद्धता नवीकरण गराउन तोकिएको दस्तुर सहित यो निवेदन पेस गरेको छु।

**<u>संलग्न कागजातहरू :</u>**

(क) परिषद्सँग आवद्ध भएको प्रमाणपत्रको सक्कल तथा एक प्रति प्रतिलिपि,
(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(ग) संस्थाको नवीकरण बहाल रहने अवधि पुष्टि गर्ने प्रमाणपत्रको प्रतिलिपि,
(घ) पछिल्लो दुई वर्षमा सम्पन्न गरेका मुख्य कार्यहरूको विवरण।

संस्थाको छाप :

**<u>निवेदक</u>**
नाम, थर : .....................
पद :.............................
दस्तखतः.........................
संस्थाको नाम : ..............
ठेगाना : .......................

## अनुसूची-५

(दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

**अवधि सकिएको संस्थाले आवद्धता नवीकरण गराउनका लागि दिने निवेदनको ढाँचा**

मितिः ..........................

राष्ट्रिय युवा परिषद्,
काठमाडौं, नेपाल।

विषयः आवद्धता नवीकरण गरी पाऊँ।

यस संस्थाको राष्ट्रिय युवा परिषद्सँगको आवद्धता कायम रहने अवधि मिति .................... मा समाप्त भएको र ....................... कारणले गर्दा समयमा नै आवद्धता नवीकरण गराउन असमर्थ भएको हुँदा राष्ट्रिय युवा ऐन, २०८३ को दफा १३ को उपदफा (६) बमोजिम नवीकरणका लागि तोकिएको दस्तुर सहित यो निवेदन पेस गरेको छु।

**संलग्न कागजातः**

(क) परिषद्सँग आवद्ध भएको प्रमाणपत्रको सक्कल तथा एक प्रति प्रतिलिपि,
(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(ग) संस्थाको नवीकरण बहाल रहने अवधि देखिने दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) पछिल्लो दुई वर्षमा सम्पन्न गरेका मुख्य कार्यहरूको विवरण।

संस्थाको छाप :

निवेदकको
नाम, थर :..........................
पद :........................
दस्तखत :.......................
संस्थाको नाम :.................
ठेगाना :..........................

## ४. दलितको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपालको संविधानले सुनिश्चित गरेको समानता, सामाजिक न्याय तथा मानव अधिकारको संरक्षणको मर्मलाई आत्मसात् गर्दै सामाजिक, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेका दलितको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गरी विकास, सशक्तिकरण, सामाजिक न्याय र राज्यसंयन्त्रमा पहुँच अभिवृद्धिबाट सहभागिता सुनिश्चित गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "दलित अधिकार तथा विकास सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अति विपन्न दलित" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनी तोकिएको दलित समुदायको कुनै परिवार वा व्यक्ति सम्झनु पर्छ।

(ख) "आवास" भन्नाले प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड पुगेको आवास सम्झनु पर्छ।

(ग) "उच्च शिक्षा" भन्नाले स्नातक तहको शिक्षा सम्झनु पर्छ।

(घ) "छात्रवृत्ति" भन्नाले विद्यालय, विश्वविद्यालय र विदेशी सरकार तथा संस्थाले समेत उपलब्ध गराउने छात्रवृत्ति सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "दलित समुदाय" भन्नाले दलित आयोग वा स्थानीय तहले दलित भनी सूचीकृत गरेको वा सिफारिस गरेको व्यक्ति वा व्यक्तिहरूको समूह सम्झनु पर्छ।

(छ) "परिवार" भन्नाले कुनै व्यक्तिसँग एकासगोलमा बसोबास गर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री र विवाहित महिलाको हकमा निजको सासु, ससुरा बाबु, आमा तथा अन्य आश्रित सदस्य सम्झनु पर्छ।

(ज) "प्राधिकरण" भन्नाले दफा ३२ बमोजिम गठन भएको दलित विकास प्राधिकरण सम्झनु पर्छ।

(झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले चिकित्सा विज्ञान, वन विज्ञान, कृषि विज्ञान, पशु विज्ञान, जैविक विज्ञान, ईन्जिनियरिङ, चार्टर एकाउन्टेन्सी, सूचना प्रविधि लगायतका प्राविधिक तथा व्यावसायिक अध्ययन सम्बन्धी शिक्षा सम्झनु पर्छ र सो शब्दले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा यस्तै प्रकारका अन्य निकाय वा संस्थाबाट प्रदान गरिने व्यावसायिक तालिम वा शिक्षा समेतलाई जनाउँछ।

(ञ) "मन्त्रालय" भन्नाले दलित अधिकार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) "मौलिक पेशा" भन्नाले दलित समुदायले परम्परादेखि प्रचलनमा ल्याएको मौलिक कला, व्यावसाय, ज्ञान, सीप र प्रविधि सम्झनु पर्छ।

(ठ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सार्वजनिक वा निजी लगानीका विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका सामुदायिक वा संस्थागत विद्यालय समेतलाई जनाउँछ।

(ड) "विपन्न दलित" भन्नाले नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनी तोकिएको दलित समुदायको कुनै परिवार वा व्यक्ति सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले दफा ३४ बमोजिमको प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ।

(ण) "सार्वजनिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम सामुदायिक विद्यालयको रूपमा सञ्चालित विद्यालय समेत जनाउँछ।

(त) "सार्वजनिक सेवा" भन्नाले राज्यका सबै तहका निजामती लगायतका सरकारी सेवा, सबै प्रकारका सुरक्षा सेवा, शिक्षक सेवा, विश्वविद्यालय सेवा, संस्थान सेवा लगायतका प्रचलित कानूनले सार्वजनिक सेवा भनी तोकेका सेवाहरू सम्झनु पर्छ।

(थ) "स्वास्थ्य सेवा" भन्नाले नेपाल सरकारद्वारा सञ्चालित सरकारी, अर्धसरकारी र सामुदायिक तथा निजी अस्पतालले सञ्चालन गर्दै आएका स्वास्थ्य उपचार सम्बन्धी सेवा सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>प्रतिनिधित्व र सहभागिता सम्बन्धी व्यवस्था</u>

३. **<u>प्रतिनिधित्व तथा सहभागिता हुने</u>** : (१) दलित समुदायका व्यक्तिलाई राज्यका तीन तहका सरकारी तथा सार्वजनिक सेवामा समानुपातिक समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व तथा सहभागिता गराउँदा दलित समुदायले प्राप्त गर्ने प्रतिनिधित्वको प्रतिशतबाट हिमाली, पहाडी र मधेशी समुदायका दलित महिलाको तेत्तीस प्रतिशत सुनिश्चित गरी सो समुदायका जात, जाति, भौगोलिक अवस्था र पिछडिएको क्षेत्र समेतलाई समेटी प्रतिनिधित्व तथा सहभागिता गर्नु पर्नेछ।

## परिच्छेद-३

## अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था

४. **अनिवार्य तथा निःशुल्क शिक्षा** : (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति तथा कार्यक्रममा दलित समुदायका विद्यार्थीलाई प्रारम्भिकदेखि माध्यामिक तहसम्म अनिवार्य र अति विपन्न तथा विपन्न दलित व्यक्तिलाई उच्च शिक्षासम्म निःशुल्क हुनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट एउटा विषयमा निःशुल्क शिक्षा प्राप्त गरिसकेपछि पुन: अर्को विषयमा निःशुल्क शिक्षा प्राप्त गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिमको अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था सार्वजनिक, सामुदायिक, शैक्षिक गुठी वा संस्थागत विद्यालय र विश्वविद्यालय तथा सो मातहातका शैक्षिक संस्थाबाट कार्यान्वयन हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी तथा संस्थागत शैक्षिक संस्थाले प्रचलित कानून बमोजिम सामाजिक उत्तरदायित्व अन्तर्गत अति विपन्न तथा विपन्न दलित विद्यार्थीलाई समेत निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्नेछ।

५. **छात्रवृत्ति सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले दलित समुदायका अति विपन्न, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई निजले अध्ययन गर्न चाहेको विषयमा अध्ययन गर्न तोकिए बमोजिमको छात्रवृत्ति प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गर्दा आवश्यक पाठ्यपुस्तक, स्टेशनरी, पोशाक, पोषण, छात्रावास तथा खाना खर्चको शुल्क, शिक्षण संस्थामा बुझाउन पर्ने शुल्कको व्यवस्था गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति प्रदान गर्दा प्रचलित कानून बमोजिमको निकायबाट जात पहिचान भएका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई निजले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतको आधारमा मासिक रूपमा नेपाल सरकारले तोके बमोजिमको रकम उपलब्ध गराउनेछ।

(४) यस दफा बमोजिम छात्रवृत्ति उपलब्ध गराउने निकाय तथा अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(५) यस ऐन बमोजिम प्रदान गरिएको छात्रवृत्तिको विवरण सम्बन्धित शैक्षिक संस्था र मन्त्रालयले समेत अभिलेख राखी अद्यावधिक गरी वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

६. **छात्रवृत्ति उपलब्ध नहुने** : (१) यस ऐन बमोजिम अध्ययनको लागि छात्रवृत्ति पाएका विद्यार्थीले भर्ना भएको विषय र तहको अध्ययन पूरा नगरेमा यस ऐन बमोजिमको छात्रवृत्ति उपलब्ध गराइने छैन।

(२) यस ऐन बमोजिम एक पटक निःशुल्क अध्ययनको लागि सुविधा पाएको वा छात्रवृत्तिको सुविधा पाएको विद्यार्थीले अध्ययन पूरा नगरेमा वा पूर्व स्वीकृति नलिई विषय वा संकाय परिवर्तन गरेमा निजलाई अर्को विषय वा संकायमा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायसँग पूर्व स्वीकृति लिई विषय वा संकाय परिवर्तन गरेको अवस्थामा छात्रवृत्ति प्रदान गरिनेछ।

(४) शैक्षिक संस्थामा भर्ना भई अध्ययनरत विद्यार्थीले मनासिब आधार र कारण विना अध्ययन नगरेमा निजले पाइरहेको सुविधा वा छात्रवृत्ति रोक्का गरिनेछ।

७. **दोहोरो सुविधा लिन नपाउने** : (१) यस ऐन बमोजिम निःशुल्क शिक्षा वा छात्रवृत्ति पाएको विद्यार्थीले कुनै एक विषयमा उच्च शिक्षा प्राप्त गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट निःशुल्क शिक्षा वा छात्रवृत्ति पाएको भए पुन: दोहोरो पर्ने गरी निःशुल्क शिक्षा वा छात्रवृत्ति पाउने छैन।

(२) उपदफा (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट छात्रवृत्ति पाई सकेको कुनै व्यक्तिले दोहोरो पर्ने गरी सुविधा लिएको वा प्राप्त गरेको थाहा भएमा जुन निकायबाट दोहोरो सुविधा प्राप्त गरेको हो सोही

निकायले निजको नामको दोहोरो सुविधा रद्द गरी निजबाट सरकारी बाँकी सरह असुल उपर गराउनु पर्नेछ।

८. **जानकारी गराउनु पर्ने** : यस ऐन बमोजिम छात्रवृत्ति सहितको निःशुल्क उच्च शिक्षा हासिल गरेको व्यक्तिले आफूले हासिल गरेको शैक्षिक प्रमाणपत्र सहितको जानकारी छात्रवृत्ति उपलब्ध गराउने शिक्षण संस्था र तोकिए बमोजिमको निकायमा लिखित रूपमा गराउनु पर्नेछ।

९. **सेवा गर्नु पर्ने** : यस ऐन बमोजिम उच्च शिक्षा हासिल गरेको व्यक्तिले छात्रवृत्ति प्रदान गर्ने निकायले तोकेको क्षेत्रमा तोकिएको अवधिभर सेवा गर्नु पर्नेछ।

१०. **बजेटको व्यवस्था** : दलित समुदायका अति विपन्न तथा विपन्न विद्यार्थीलाई उपलब्ध गराइने छात्रवृत्ति रकम नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको वार्षिक विनियोजित रकमबाट तोकिए बमोजिम हुनेछ।

११. **प्राविधिक तथा व्यावसायिक शिक्षा** : (१) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाले दलित विद्यार्थीको लागि प्रचलित कानून बमोजिमको प्रतिशतको आधारमा सङ्ख्या निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्ख्या निर्धारण गर्दा दलित समुदायभित्रका जात, जाति, लिङ्ग तथा भौगोलिक क्षेत्रका विद्यार्थीलाई समानुपातिक रूपमा वितरण हुने गरी तोकिए बमोजिमको मापदण्डका आधारमा योग्यता पुगेका दलित विद्यार्थीमध्येबाट प्रतिस्पर्धा गराई योग्यताक्रमको आधारमा भर्ना गर्नु पर्नेछ।

१२. **विशेष तथा अनौपचारिक शिक्षा** : (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अपाङ्गता भएका दलित समुदायका विद्यार्थीका लागि विशेष शिक्षा वा अनौपचारिक शिक्षा प्रदान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## स्वास्थ्य तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था

**१३. स्वास्थ्य सम्बन्धी व्यवस्था :** (१) स्वास्थ्य सेवा प्रदायक संस्थाले दलित समुदायका व्यक्तिलाई विना भेदभाव स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) दलित समुदायका अति विपन्न तथा विपन्न व्यक्तिलाई नेपाल सरकारले तोकेका अस्पतालमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले दलित समुदायका व्यक्तिको स्वास्थ्य सुधारका लागि दलित समुदाय लक्षित आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(४) दलित समुदायका अति विपन्न तथा विपन्न व्यक्तिको लागि चिकित्सकको सिफारिस बमोजिम खरिद गर्नु पर्ने औषधिमध्ये नेपाल सरकारले तोके बमोजिमका औषधि निःशुल्क उपलब्ध हुनेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमध्ये कुनै एकबाट दलित समुदायको अति विपन्न तथा विपन्न महिला गर्भवती भएदेखि एक हजार दिनसम्म गर्नुपर्ने सम्पूर्ण स्वास्थ्य परीक्षण तथा उपचार सेवा आफ्नो स्वामित्वमा रहेको स्वास्थ्य संस्थाबाट निःशुल्क हुनेछ।

(६) उपदफा (५) बमोजिम निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउँदा कुनै एक तहले उपलव्ध गराएको सेवामा पुनः अर्को तहबाट दोहोरो नपर्ने गरी गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपलब्ध गराएको निःशुल्क स्वास्थ्य सेवाको अभिलेख आ-आफ्नो निकायमा अद्यावधिक गरी राख्नु पर्नेछ।

(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायका व्यक्तिको स्वास्थ्य उपचारको लागि स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउन सक्नेछ। त्यसरी स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउँदा दलित समुदायका

अति विपन्न, दीर्घरोगी वा ज्येष्ठ नागरिकको हकमा निःशुल्क हुने गरी बीमा कार्यक्रममा व्यवस्था गर्न सक्नेछ।

(९) सामुदायिक वा निजी अस्पतालले व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत दलित समुदायका अति विपन्न तथा विपन्न व्यक्तिलाई तोकिए बमोजिम निःशुल्क उपचार गर्नु पर्नेछ।

१४. **सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले अति विपन्न तथा विपन्न दलित समुदायका शिशुको स्वास्थ्य तथा पोषणको लागि प्रचलित स्वास्थ्य सम्बन्धी कानून बमोजिम सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) नेपाल सरकारले तोके बमोजिमको उमेर पुगेका दलित समुदायका नागरिकलाई प्रचलित कानून बमोजिम ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउनेछ।

(३) नेपाल सरकारले स्थानीय तहको रोजगार सेवा केन्द्रमार्फत दलित समुदायका बेरोजगार अति विपन्न नागरिकलाई प्राथमिकता दिई रोजगारीका कार्यक्रम सञ्चालन गर्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदाय र गैरदलित समुदायबीच भएको अन्तरजातीय विवाहका कारण विस्थापितलाई तत्काल पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा पुनर्स्थापना गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम पुनर्स्थापित व्यक्ति वेरोजगार रहेको वा कुनै आय आर्जनको कुनै व्यवस्था नभएको भए त्यस्तो व्यक्तिको योग्यता तथा क्षमताका आधारमा रोजगारीको व्यवस्था गर्न सक्नेछ।

(६) विपन्न दलित समुदायका असहाय वा अशक्त एकल महिलालाई नेपाल सरकारले तोके बमोजिम सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनेछ।

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कुनै दलित महिला यौन शोषणबाट पीडित भएको अवस्थामा त्यस्तो महिलाको पुर्नस्थापना र सुरक्षाका लागि तोकिए बमोजिमको राहत वा रोजगारको व्यवस्था गर्न सक्नेछ।

(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायका असहाय, अशक्त वा अनाथ बालबालिकाको संरक्षण र सशक्तिकरणको लागि विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

तर, त्यस्तो कार्यक्रम सञ्चालन गर्दा एकै प्रकारको कार्यक्रम एकै व्यक्तिको हकमा दोहोरो पर्ने गरी सञ्चालन गर्न पाइने छैन।

(९) नेपाल सरकारले संरक्षकत्वको अभाव भएका दलित समुदायका ज्येष्ठ नागरिक वा असहाय बालबालिकाको लागि तोकिए बमोजिम संरक्षण र पुर्नस्थापनाको कार्य गर्नेछ।

(१०) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायका व्यक्तिको आय आर्जन गर्ने कार्यमा सहयोग पुऱ्याउन सहकारी संस्था मार्फत बीउ पूँजी अनुदान उपलब्ध गराउन सक्नेछ।

(११) जवरजस्ती करणी वा अन्तरजातीय विवाहको कारण पीडित महिलाबाट जन्मेको बच्चाको संरक्षण गर्नुपर्ने अवस्था आएमा नाता कायम नहुँदासम्म प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहले संरक्षण गर्नेछ।

(१२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले गरिब तथा विपन्न दलितसँग अन्तरजातीय विवाह गर्ने दम्पतिलाई आयआर्जन हुने गरी सीप विकास तथा उत्पादनमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(१३) यस दफाको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले नागरिक समाज, निजी क्षेत्र वा गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गर्न सक्नेछ।

## परिच्छेद- ५
## मौलिक पेशाको संरक्षण तथा विकास

**१५. मौलिक पेशाको पहिचान र प्रयोग** : (१) दलित समुदायको परम्परागत मौलिक पेशाको पहिचान गरी अभिलेखीकरण गर्न प्राधिकरणले अध्ययन तथा अनुसन्धान गर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अध्ययन तथा अनुसन्धानको आधारमा प्राधिकरणले त्यस्तो परम्परागत मौलिक पेशाको अभिलेखीकरण गर्नेछ।

(३) दलित समुदायका व्यक्ति वा समूहले परम्परादेखि अपनाउदै आएका मौलिक पेशाको उपयोगमा सम्बन्धित समूहको अग्राधिकार रहनेछ।

१६. **<u>मौलिक पेशाको संरक्षण</u>** : (१) दलित समुदायले अवलम्बन गरेको परम्परागत मौलिक पेशालाई प्रचलित कानून बमोजिम बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्न चाहेमा सम्बन्धित निकायबाट त्यस्तो मौलिक पेशाको संरक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बौद्धिक सम्पत्तिको अधिकार दलित समुदायको सम्बन्धित जातलाई हुनेछ।

(३) बौद्धिक सम्पत्तिको अधिकार र उपभोग सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१७. **<u>मौलिक पेशाको विकास</u>** : (१) प्राधिकरणले दलित समुदायका परम्परागत मौलिक पेशालाई नवीन प्रविधिसँग सामञ्जस्यता हुने गरी विकास गर्न आवश्यक तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गर्दा तालिम प्रदायक संस्थाको पाठ्यक्रममा समावेश गर्न समन्वय तथा सहजिकरण गर्नुपर्नेछ।

(३) नेपाल सरकारले दलित समुदायको परम्परागत मौलिक पेशाको संरक्षण तथा विकासको लागि आवश्यक बजेट विनियोजन गर्नेछ।

१८. **<u>मौलिक पेशाको व्यावसायीकरण</u>** : (१) प्राधिकरणले दलित समुदायको मौलिक पेशालाई व्यवसायको रूपमा अगाडि बढाउन प्रोत्साहन गर्नेछ।

(२) दलित समुदायको मौलिक पेशासँग सम्बन्धित व्यावसाय गर्न चाहने दलित समुदायका व्यक्ति, परिवार वा समूहलाई व्यावसायसँग सम्बन्धित मेसिन, औजार लगायतका सामान आयात निर्यात गर्दा लाग्ने कर, महशुल, दस्तुर वा शुल्कमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायको मौलिक पेशासँग सम्बन्धित व्यावसाय गर्न चाहने दलित समुदायका व्यक्ति, परिवार वा समूहलाई लक्षित गरी व्यावसायिक योजना वा सीप सिकेको प्रमाणपत्रको आधारमा वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी अनुदान तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सक्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायको परम्परागत मौलिक पेशासँग सम्बन्धित व्यावसायबाट उत्पादित सामानको खरिद बिक्री तथा बजार व्यवस्थापन लगायतका प्रवर्द्धनात्मक कार्य गर्नेछ।

## परिच्छेद- ६

## भूमि तथा आवास सम्बन्धी व्यवस्था

१९. **पहिचान तथा अभिलेखः** (१) प्राधिकरणले स्थानीय तह समेतको सहकार्यमा दलित समुदायभित्रका वास्तविक भूमि तथा आवासविहीन परिवारको लागि तथ्याङ्क सङ्कलन गरी अभिलेख तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको पारिवारिक अभिलेख सङ्कलन तथा पारिवारिक अभिलेखको वर्गीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम वर्गीकृत परिवारलाई सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको परिचयपत्र उपलब्ध गराउनेछ।

(४) उपदफा (१) बमोजिम सङ्कलन तथा अद्यावधिक गरिएको अभिलेख प्राधिकरणको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

२०. **भूमि वा आवास नभएको घोषणा गर्नुपर्ने** : (१) दलित परिवारले यस ऐन बमोजिम भूमि वा आवास प्राप्त गर्नु अघि आफ्नो वा सगोलको अंशियारको नाममा भूमि वा आवास नभएको स्वः घोषणा सम्बन्धित स्थानीय तहमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको स्वःघोषणा झुठा वा गलत ठहरिएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिमको स्वः घोषणा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२१. **<u>आवासको लागि जग्गा व्यवस्था</u>** : (१) नेपाल सरकारले आवासको व्यवस्था गर्न भूमिहीन दलित परिवारलाई भूमि सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउदा दफा १९ बमोजिमको पहिचान र अभिलेखका आधारमा गर्नु पर्नेछ।

२२. **<u>आवास सम्बन्धी व्यवस्था</u>** : (१) नेपाल सरकारले आवास विहीन दलित समुदायको व्यक्ति वा परिवारलाई आवास सम्बन्धी प्रचलित कानून बमोजिम आवासको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम आवासको व्यवस्था गर्दा एकीकृत वस्ती विकास गरी व्यवस्थापन गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम दलित परिवारको लागि उपलब्ध गराइने आवासको न्यूनतम् मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

२३. **<u>स्वामित्व हस्तान्तरण</u>** : यस ऐन बमोजिम दलित व्यक्ति वा परिवारलाई उपलब्ध गराइने जग्गा वा आवासको स्वामित्व निजले भोगचलन गरेको पाँच वर्षपछि निजको नाममा तोकिए बमोजिम हस्तान्तरण हुनेछ।

२४. **<u>जग्गा फिर्ता लिन सक्ने</u>** : (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्थायी प्रकृतिको कार्यक्रम वा आयोजनाका लागि आवश्यक पर्ने भएमा दलित व्यक्ति वा परिवारलाई उपलब्ध गराइएको जग्गा वा आवास फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा वा आवास फिर्ता लिदा भूमिहीन वा आवासविहीन नहुने गरी अन्य स्थानमा वासस्थानको व्यवस्था गर्ने वा उचित क्षतिपूर्ति दिनुपर्नेछ।

२५. **<u>धितो बन्धक राख्न वा हक हस्तान्तरण गर्न नपाइने</u>** : (१) यस ऐन बमोजिम उपलब्ध गराइएको जग्गा वा आवास नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति नलिई कुनै पनि बैङ्क, वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन वा कुनै पनि किसिमले आफू पुन: भूमिहीन र आवासविहीन हुने

गरी प्रचलित कानूनले तोकेको अवधिभित्र बेचबिखन वा हक हस्तान्तरण गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम अंशवण्डा गर्न र निजको शेषपछि निजका हकवालाको नाममा नामसारी गर्न वाधा पर्ने छैन।

२६. **<u>नेपाल सरकारको नाममा कायम गरिने</u>** : देहायका कुनै अवस्थामा दलित समुदायको व्यक्ति वा परिवारलाई उपलब्ध गराइएको भूमि वा आवास त्यस्तो व्यक्तिको नामबाट लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गरिनेछ :-

(क) कसैले झुठा विवरण पेश गरी भूमि तथा आवास प्राप्त गरेको कुरा त्यस्तो भूमि वा आवास उपलब्ध गराई सकेपछि जानकारी हुन आएमा,

(ख) आवास वा भूमि प्राप्त गर्ने व्यक्ति वा परिवारले पाँच वर्षसम्म वसोवास वा उपयोग नगरेमा,

(ग) स्थायी रूपमा बसोबास गर्ने गरी विदेश गएमा।

२७. **<u>आवासको मर्मत सम्भार तथा सेवा शुल्क</u>** : यस ऐन बमोजिम उपलब्ध गराइएको आवासको मर्मत सम्भार तथा उक्त आवासमा जडित विद्युत, पिउने पानी लगायतका सुविधा उपयोग गरे वापत तिर्नु पर्ने सेवा शुल्क त्यस्तो आवास प्राप्त गर्ने व्यक्तिले नै व्यहोर्नु पर्नेछ।

२८. **<u>शुल्क नलाग्ने</u>** : (१) नेपाल राज्यभर कुनै जग्गा नभएका दलित व्यक्तिले यस ऐन बमोजिम भूमि वा आवास प्राप्त गर्दा कुनै शुल्क लाग्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अव्यवस्थित वसोवासी दलितको हकमा प्रचलित कानून बमोजिमको शुल्क लाग्नेछ।

## परिच्छेद- ७

## <u>सेवा सुविधाको न्यायोचित वितरण</u>

२९. **<u>दलित समुदायको वर्गीकरण</u>** : (१) नेपाल सरकारले दलित महिला, पुरुष तथा दलित समुदाय भित्रको सबै जात वा वर्ग लगायतका लागि यस ऐन बमोजिम प्रदान

गरिने सेवा सुविधा न्यायोचित एवम् समानुपातिक वितरण गर्न वर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा सबै जातको आर्थिक, सामाजिक, शैक्षिक, सरकारी, सामुदायिक तथा निजी क्षेत्रको सेवामा उपस्थिति, लैंगिक, मानव विकास सूचकाङ्क, जीवनस्तर तथा बसोबासको अवस्था र भौगोलिक विकटता समेतलाई आधार लिनु पर्नेछ।

(३) दलित समुदायको वर्गीकरण सम्बन्धी अन्य अवस्था तोकिए बमोजिम हुनेछ।

३०. **सेवा सुविधामा प्राथमिकता** : (१) नेपाल सरकारले दफा २९ बमोजिमको वर्गीकरणमा परेका दलित समुदायको जनसङ्ख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त बमोजिम सेवा सुविधाको न्यायोचित वितरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा सुविधा प्रदान गर्दा अति विपन्न तथा विपन्न दलित समुदायका व्यक्ति तथा परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

३१. **दोहोरो सुविधा लिन नहुने** : (१) यस ऐन बमोजिमको सेवा सुविधा कसैले पनि दोहोरो हुने गरी लिन पाउने छैन।

(२) उपदफा (१) बमोजिम दोहोरो सुविधा लिएमा त्यस्तो सुविधा लिने व्यक्ति वा परिवारबाट सरकारी बाँकी सरह असुल गरी प्रचलित कानून बमोजिम सजाय समेत गरिनेछ।

(३) उपदफा (१) बमोजिम कुनै निकाय वा पदाधिकारीले दोहोरो सुविधा दिएमा त्यस्तो पदाधिकारीबाट असुल गरी निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

## परिच्छेद- ८

## प्राधिकरण सम्बन्धी व्यवस्था

३२. **दलित विकास प्राधिकरण गठन** : (१) यस ऐनको उद्देश्य पूरा गरी दलित समुदायको योजनाबद्धरूपमा विकास गर्न, आवश्यक सेवा सुविधा स्थानीय तहका

नागरिकसम्म पुऱ्याउन र प्रभावकारी कार्यान्वयन गर्न एक दलित विकास प्राधिकरण गठन गरिएको छ।

(२) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ।

(३) प्राधिकरणको आफ्नो छुट्टै छाप हुनेछ।

(४) प्राधिकरणले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्ने, बेचविखन गर्ने वा उपभोग गर्न सक्नेछ।

**३३. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u>** : (१) ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ऐनको उद्देश्य पूरा गर्न आवश्यक योजना, कार्यक्रम र वार्षिक बजेट तयार गर्ने,

(ख) दलित समुदायको आर्थिक, सामाजिक, विकास र सशक्तिकरणका लागि आवश्यक कार्य गर्ने,

(ग) दलित समुदायमा परापूर्वकालदेखि प्रचलनमा रहेका ऐतिहासिक सम्पदाको खोज, अध्ययन अनुसन्धान गरी त्यस्ता सम्पदाको संरक्षणका लागि रणनीति बनाई कार्यान्वयन गर्ने,

(घ) दलित समुदायसँग सम्बन्धित ऐतिहासिक सम्पदा, परम्परागत ज्ञान, सीप, कला, प्रविधि तथा पेशाको पहिचान, अभिलेखीकरण, संरक्षण र प्रवर्द्धन गर्ने,

(ङ) दलित समुदायका मौलिक पेशा, व्यावसाय तथा सीपलाई आधुनिक बनाई रोजगारी तथा जीविकोपार्जनका अवसर सिर्जना गर्ने,

(च) उद्यमशीलता प्रवर्द्धन गरी स्वदेशी उत्पादन मार्फत दलित समुदायको आर्थिक सशक्तिकरण गर्ने,

(छ) दलित समुदायका व्यक्तिले सृजना गरेका बौद्धिक सम्पत्तिको संरक्षण गर्ने,

(ज) दलित समुदायका लागि उपलब्ध सेवा, सुविधा तथा कार्यक्रम सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(झ) दलित समुदायलाई उपलब्ध हुने सेवा, सुविधा तथा सहुलियत सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने,

(ञ) दलितको हक अधिकारको सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको आवश्यकता, प्रभावकारिता, सान्दर्भिकता तथा लाभ लागत समेतको अनुगमन र मूल्यांकन गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा अति विपन्न र विपन्न दलितलाई प्राथमिकतामा दिनु पर्नेछ।

**३४. <u>सञ्चालक समिति</u>** : (१) दफा ३२ बमोजिमको प्राधिकरणको सञ्चालन, व्यवस्थापन तथा सुपरीवेक्षण गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछ :-

(क) दलितको अधिकार सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सचिव, भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) सचिव, श्रम सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) सचिव, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) सचिव, संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) सचिव, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) सचिव, दलितको अधिकार सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ज) दलित अधिकारको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका दलित व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(झ) कार्यकारी निर्देशक, प्राधिकरण - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

**३५. <u>समितिको बैठक</u>** : (१) समितिको बैठक कम्तीमा महिनाको एक पटक वा आवश्यकताअनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने गरी सदस्य सचिवले बोलाउनेछ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) पचास प्रतिशत वा सोभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिँदा प्रचलित आर्थिक कार्यसञ्चालन निर्देशिका बमोजिम बैठक भत्ता पाउने छन्।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**३६. <u>प्राधिकरणको कोष</u>** : (१) दलित समुदायको विकास तथा सशक्तिकरणको लागि प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारको वार्षिक बजेटबाट विनियोजित रकम,

(ख) नेपाल सरकारमार्फत कुनै अन्तरराष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(ग) प्राधिकरणको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(घ) प्राधिकरणलाई प्राप्त अन्य कुनै सहयोग रकम।

(३) प्राधिकरणको नाममा प्राप्त हुने रकम नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा हुनेछ।

(४) प्राधिकरणको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।

३७. **प्रदेश र स्थानीय तहसँग साझेदारी** : प्राधिकरणले प्रदेश वा स्थानीय तहसँग समन्वय र साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३८. **कार्यकारी निर्देशक**: (१) नेपाल सरकारले प्राधिकरणको कार्य सञ्चालनका लागि एकजना कार्यकारी निर्देशक नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी निर्देशकको नियुक्तिका लागि छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ:-

(क) सहसचिव, मन्त्रालय - संयोजक

(ख) दलितको हक अधिकारको क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना विज्ञ - सदस्य

(ग) मन्त्रालयले तोकेको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत - सदस्य सचिव

(३) सिफारिस समितिले छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि आफैंले निर्धारण गर्नेछ।

३९. **कार्यकारी निर्देशकको योग्यता**: कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछ:-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट समाजशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह उतीर्ण गरेको,

(ख) दलित समुदायको हक, हित र अधिकार सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,

(ग) पैंतीस वर्ष उमेर पूरा भएको।

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको।

४०. **कार्यकारी निर्देशकको पदावधि तथा सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था**: (१) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले प्रचलित कानून विपरीत हुने गरी कुनै कार्य गरेमा वा निजको कार्य

सम्पादन सन्तोषजनक नभएको भनी नेपाल सरकारबाट गठित छानविन समितिले सिफारिस गरेमा निजलाई नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) कार्यकारी निर्देशकको सेवा, शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **कार्यालय तथा कर्मचारी सम्बन्धी व्यवस्था** : (१) प्राधिकरणको कार्यालय नेपाल सरकारले तोकेको स्थानमा रहनेछ।

(२) प्राधिकरणको लागि आवश्यक कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

४२. **लेखा र लेखापरीक्षण** : (१) प्राधिकरणको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) प्राधिकरणको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

परिच्छेद-९

## कसूर र सजाय

४३. **कसूर भएको मानिने** : कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिमको हक, अधिकार, सेवा वा सुविधा प्राप्त गर्ने उद्देश्यले झुठा वा गलत विवरण पेश गरी त्यस्तो हक, अधिकार, सेवा वा सुविधा प्राप्त गरेमा,

(ख) यस ऐन बमोजिम दलितलाई प्राप्त सेवा, सुविधा तथा संरक्षणका कार्यहरू दलित समुदायका व्यक्ति बाहेक अरुलाई दिने दिलाउने कार्य गरेमा,

(ग) यस ऐन बमोजिम दलितलाई प्राप्त हक अधिकारको प्रयोग गर्न वञ्चित गरेमा वा वाधा अवरोध पुऱ्याएमा,

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिमको कार्यको उद्योग गरेमा वा मतियार भएमा।

४४. **<u>सजाय</u>** : (१) दफा ४३ विपरीतका कसूर गर्ने गराउनेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिम कसूर गर्नेलाई तीन वर्ष सम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) खण्ड (ख) बमोजिम दलितलाई प्राप्त सेवा, सुविधा तथा संरक्षणका कार्यहरू दलित समुदायका व्यक्ति बाहेक अन्यलाई दिने दिलाउने कार्य गरेमा कार्य पूरा भईसकेको भए सो कार्य गर्नेलाई कसूरको मात्रा हेरी दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) खण्ड (ग) बमोजिमको कार्य गरेमा कसूरको मात्राअनुसार छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(२) उपदफा (१) मा उल्लिखित सजाय हुने कसूर गर्न उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई आधा मात्र सजाय हुनेछ।

४५. **<u>हदम्याद</u>** : (१) कसैले दफा ४३ बमोजिमको कसूर गरेको थाहा पाएको मितिले एक वर्षभित्र नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी दिने प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ।

४६. **<u>नेपाल सरकार वादी हुने</u>**: (१) यस ऐन बमोजिमको कसूरमा नेपाल सरकार वादी हुनेछ।

(२) दफा ४३ बमोजिमका कसूर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

४७. **<u>मुद्दा हेर्ने अधिकार</u>** : यस ऐन अन्तर्गतको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

## परिच्छेद-१०

## विविध

४८. **विशेष कार्यक्रम सञ्चालन गर्ने** : (१) प्रदेश सरकार वा स्थानीय तहले विपन्न तथा पछाडि परेको दलित समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको विशेष कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

४९. **स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्नुपर्ने** : (१) गैरसरकारी संस्थाले दलित समुदायको हक अधिकारसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको अतिरिक्त प्राधिकरण समेतको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा क्रमश: अति विपन्न दलित, विपन्न दलित तथा दलित समुदायलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

५०. **प्राथमिकता दिने** : यस ऐनको व्यवस्था कार्यान्वयन गर्न सम्बन्धित विषयगत मन्त्रालयले दलित समुदायलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नु पर्नेछ।

५१. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

५२. **अधिकार प्रत्यायोजन** : प्राधिकरणले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकताअनुसार कार्यकारी निर्देशक वा प्रदेश तथा स्थानीय तहका अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५३. **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) यस ऐन बमोजिम प्राधिकरणले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको आवश्यकता, प्रभावकारिता, सान्दर्भिकता तथा लाभ लागत र त्यस्ता कार्यक्रमबाट लाभान्वित

अति विपन्न तथा विपन्न दलित व्यक्ति तथा समुदायको विवरण समेत समावेश गर्नु पर्नेछ।

**५४.** **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

**५५.** **<u>ऐन कार्यान्वयन मापन</u>** : यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

**५६.** **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

**५७.** **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड</u>** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यकतानुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

## ५. नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल कानून आयोग (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल कानून आयोग ऐन, २०६३ को दफा २ मा संशोधनः** नेपाल कानून आयोग ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) झिकिएको छ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।"

३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्ः-

"(क) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा बीस वर्ष लगातार काम गरेको वा कानूनको अध्ययन, अनुसन्धान वा कानून तर्जुमा सम्बन्धी कार्यमा कम्तीमा बीस वर्ष अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) खण्ड (क) मा उल्लिखित योग्यता र अनुभवप्राप्त व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना महिला सहित दुई जना - सदस्य"

(२) उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(३) उपदफा (२) मा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

४. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को,-

(१) दफा शीर्षक सहित यस दफामा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,"

५. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **अध्यक्ष र सदस्यको पदावधिः** अध्यक्ष र नेपाल सरकारले नियुक्त गरेको सदस्यको पदावधि नियुक्ति मितिले चार वर्षको हुनेछ।"

६. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को खण्ड (ख१) मा रहेको "सत्तरी" भन्ने शब्दको सट्टा "पैसठ्ठी" भन्ने शब्द राखिएको छ।

७. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ मा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

८. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१), (ठ२) र (ठ३) थपिएका छन् :-

"(ठ१) प्रदेश वा स्थानीय तहबाट मस्यौदा तयार गर्न अनुरोध भई आएमा वा मस्यौदा उपर राय परामर्श माग भई आएमा मस्यौदा तयार गर्ने वा मस्यौदामा राय परामर्श दिने,

(ठ२) प्रदेश र स्थानीय तहबाट निर्माण भएका कानूनको अध्ययन तथा पुनरावलोकनका लागि माग भई आएमा अध्ययन गरी सुझाव दिने,

(ठ३) प्रचलित कानूनको प्रभाव मूल्याङ्कन गर्ने,"

९. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (४) मा रहेका "उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) आयोगको बैठकमा आवश्यकताअनुसार विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।"

१०. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्ष र सदस्य आयोगमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) अध्यक्षले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) अध्यक्षको हैसियतमा आयोगले सम्पादन गर्ने दफा १० बमोजिमका कार्यहरू गर्ने,

(ख) कानूनको तर्जुमा, अध्ययन, अनुसन्धान, कानूनको संशोधन र एकीकरण तथा खारेजी सम्बन्धी कार्य गर्ने,

(ग) ऐनको उद्देश्य बमोजिम आयोगले गर्ने कार्य प्रभावकारी रूपमा सञ्चालन गरी आयोगको साख अभिवृद्धि गर्ने,

(घ) नयाँ कानून तथा संशोधन गर्नुपर्ने कानूनको विधेयकको मस्यौदा तयार गर्ने,

(ङ) अन्तर्राष्ट्रिय कानूनको अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने वा सुझाव दिने,

(च) अन्य मुलुकका कानून आयोगसँग समन्वय तथा सहकार्य गरी कानून निर्माणमा त्यस्ता निकायका असल अभ्यासको अनुशरण गर्ने,

(छ) कानून र न्यायका मान्य सिद्धान्त तथा नवीनतम् प्रविधिको उपयोग गरी गुणस्तरीय कानून निर्माण र प्रविधिमैत्री आयोग बनाउन पहल गर्ने,

(ज) आयोगको कार्यसम्पादनमा सामान्य निर्देशन दिने तथा आयोगको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(झ) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने।

(३) सदस्यले देहाय बमोजिमका कार्य गर्नेछन्:-

(क) अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही कानूनको तर्जुमा, अध्ययन, अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(ख) ऐनको उद्देश्य बमोजिम आयोगले गर्ने कार्य प्रभावकारी रूपमा सम्पादन गर्ने,

(ग) नवीन एवम् प्रवर्द्धनात्मक कार्य गरी आयोगको साख अभिवृद्धि गर्ने,

(घ) आयोगको कार्य सञ्चालनमा अध्यक्षसँग समन्वय र सहकार्य गरी कार्य गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य कार्य गर्ने।"

**११.** **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"**१४.** **<u>अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः</u>** (१) अध्यक्ष तथा नेपाल सरकारबाट नियुक्त सदस्यले क्रमशः संवैधानिक निकायको प्रमुख तथा सदस्यले पाए सरहको पारिश्रमिक र अन्य सुविधा पाउनेछन्।

(२) अध्यक्षले भैपरी आउने बिदा र पर्व बिदा आफैंले लिन सक्नेछ र अन्य बिदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले स्वीकृत गर्नेछ।

(३) सदस्यले अध्यक्षबाट स्वीकृत गराई बिदा लिन सक्नेछ।

तर भैपरी आउने बिदा र पर्व बिदाको हकमा मौखिक जानकारी गराई बिदामा बस्न र कार्यालय फर्किएपछि स्वीकृत गर्न बाधा पर्ने छैन।"

१२. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) आयोगको बैठकमा प्रस्ताव तयार गरी पेस गर्ने,"

१३. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम विशेषज्ञको सेवा लिने प्रयोजनको लागि आयोगले कानून तर्जुमा, अध्ययन तथा अनुसन्धान लगायतका कार्यमा विशेषज्ञता हासिल गरेको व्यक्तिको सूची तयार गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "आयोगले तोके बमोजिमको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको प्रचलित आर्थिक कार्य सञ्चालन निर्देशिका बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

१४. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को उपदफा (२) मा रहेका "आयोगले तोके बमोजिमको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको प्रचलित आर्थिक कार्य सञ्चालन निर्देशिका बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

१५. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ मा रहेका "नेपाल सरकारले तोके बमोजिमको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको प्रचलित आर्थिक कार्य सञ्चालन निर्देशिका बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

१६. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"२१. **<u>आयोगलाई सहभागी गराउनु पर्नेः</u>** (१) विधायन ऐन, २०८१ बमोजिम सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्दा आयोगबाट तयार गर्ने गरी जिम्मेवारी दिने वा सहभागी गराउनु पर्नेछ।

(२) सङ्घीय संसदमा पेस भएका विधेयकको विषयगत समितिमा **हुने** छलफलमा समितिले आयोगलाई सहभागी गराई विशेषज्ञको रूपमा राय परामर्श लिन सक्नेछ।

(३) प्रदेश तथा स्थानीय तहबाट कानून निर्माण गर्दा त्यस्तो कानूनको मस्यौदा तयार गर्न सम्बन्धित प्रदेशको विषयगत मन्त्रालय तथा स्थानीय तहबाट अनुरोध भई आएमा आयोगले मस्यौदा तयार गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम तयार गरेको मस्यौदा उपर सम्बन्धित सभा वा सभाको समितिले आयोगमा विशेषज्ञ माग गरेमा आयोगले कुनै सदस्य वा कर्मचारी खटाई राय पेस गर्न सक्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "सभा" भन्नाले प्रदेशको हकमा प्रदेशसभा र स्थानीय तहको हकमा गाउँसभा वा नगरसभा सम्झनु पर्छ।

१७. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ मा रहेको ",उपाध्यक्ष" भन्ने शब्द झिकिएको छ।

१८. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ मा रहेका ",उपाध्यक्ष तथा" भन्ने शब्दहरू झिकिएका छन्।

१९. **<u>मूल ऐनमा दफा २७क. थपः</u>** मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"२७क. **<u>निर्देशिका वा कार्यविधि बनाउन सक्नेः</u>** यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"

२०. <u>खारेजीः</u> मूल ऐनको दफा ५ र दफा १३ खारेज गरिएका छन्।

# अनुसूची-११

(३.३.७ सँग सम्बन्धित)

**आयोगको वेबसाइटमा रहेका कानूनको विवरण**

| सामाग्रीको विवरण | नेपाली | | | अङ्ग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संविधान | १ | ६ | ७ | १ | ० | १ | ८ |
| ऐन | ३६१ | १६ | ३७७ | ४६ | ० | ४६ | ४२३[८] |
| नियम | ३१२ | ५१ | ३६३ | ३ | ० | ३ | ३६६ |
| सन्धि र महासन्धि | २६ | ० | २६ | ९९ | ० | ९९ | १२५ |
| गठन आदेश (विकास समिति (गठन) आदेश, सूचित आदेश) | १९ | ० | १९ | ० | ० | ० | १९ |
| नीति | २ | ० | २ | ३ | ० | ३ | ५ |
| अध्यादेश | २६ | ९ | ३५ | ० | ० | ० | ३५ |
| ऐतिहासिक दस्तावेज | ० | १७ | १७ | ० | ० | ० | १७ |
| **जम्मा** | ७४७ | ९९ | ८४६ | १५२ | ० | १५२ | ९९८ |

८ वेवसाइटमा व्यवस्थापन गर्दा (अङ्ग्रेजी र नेपाली) मिलाइएका ऐनको सङ्ख्या।

## अनुसूची- १२

(३.३.८ सँग सम्बन्धित)

**<u>आयोगबाट भएका प्रकाशनहरू</u>**

- कानून तर्जुमा सम्बन्धी अवधारणात्मक पक्षहरू (२०६४)
- कानून आयोग पत्रिका (२०७०)
- कानूनी सुक्तिहरू (ल्याटिन, अङ्ग्रेजी तथा नेपाली) (२०७८)
- कानूनी शब्दकोष (२०८२)
- कानून तर्जुमा दिग्दर्शन (२०८३)

## अनुसूची- १३

(३.३.१० सँग सम्बन्धित)

**आ.व. २०६२/०६३ देखि हालसम्म आयोगले तर्जुमा गरेका विधेयकको विवरण**

**(क) आ.व. २०६३/६४**

१. न्याय प्रशासन सम्बन्धी तथा अन्य केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

२. हदम्याद सम्बन्धी विधेयक, २०६४

३. सूचना दाताको संरक्षण (ह्वीस्टल ब्लोअर प्रोटेक्सन) सम्बन्धी विधेयक, २०६४

४. महिला विरुद्ध कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण र सजाय) विधेयक, २०६४

**(ख) आ.व. २०६४/६५**

१. यौनजन्य दुर्व्यवहार नियन्त्रण विधेयक, २०६४

२. जाँचबुझ आयोग विधेयक, २०६४

३. संक्षिप्त कार्यविधि विधेयक, २०६५

४. अदातलको अपहेलना सम्बन्धी विधेयक, २०६५

**(ग) आ.व. २०६५/६६**

१. नेपाल एक्रिडिटेशन परिषद् विधेयक, २०६६

२. झुठ्ठा अभिव्यक्ति नियन्त्रण विधेयक, २०६६

३. नेपाल गुणस्तर विधेयक, २०६६

**(घ) आ.व. २०६६/६७**

१. सर्पुदगी सम्बन्धी विधेयक, २०६६

२. पारस्पारिक कानूनी सहायता सम्बन्धी विधेयक, २०६६

३. जुवा नियन्त्रण विधेयक, २०६६

४. नागरिक अधिकार विधेयक, २०६६

५. धरौट जमानत हिरासतसम्बन्धी विधेयक, २०६६

**(ङ) आ.व. २०६७/६८ (मसौदा तयार भएको तर सम्बन्धित मन्त्रालयमा पेश नभएको)**

१. जग्गा प्राप्ति सम्बन्धी विधेयक, २०६८

२. साक्षी संरक्षण विधेयक, २०६८

३. कसूर पीडित संरक्षण विधेयक, २०६८

४. सामाजिक सुधार विधेयक, २०६८

**(च) आ.व. २०६८/६९**

१. राष्ट्रिय सतर्कता आयोग सम्बन्धी विधेयक, २०६९

२. साक्षी संरक्षण सम्बन्धी विधेयक, २०६९

३. कसूर पीडित सम्बन्धी विधेयक, २०६९

**(छ) आ.व. २०६९/७० (यस आ.व.मा देहायका ऐन संशोधनका लागि तथा विधेयक मसौदा गर्ने सम्बन्धमा अन्तरक्रिया र छलफलमात्र सम्पन्न भएको)**

१. राष्ट्रिय सतर्कता आयोग सम्बन्धी विधेयक

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्बन्धी संशोधन विधेयक

३. नोटरी पब्लिक ऐन, २०६३ को संशोधन विधेयक

४. भूमिगत जलविद्युत सम्बन्धी विधेयक

५. कसूर पीडित संरक्षण विधेयक

६. साक्षी संरक्षण विधेयक

**(ज) आ. व. २०७०/७१ (मसौदा तयार भएको तर सम्बन्धित मन्त्रालयमा पेश नभएको)**

१. भूमिगत पानीको उपयोग तथा संरक्षण सम्बन्धी विधेयक, २०७०

२. साक्षी संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७०

३. पारमाणविक पदार्थ र सो सम्बन्धी संयन्त्रको प्रयोगलाई नियमित र व्यवस्थित गर्न बनेको विधेयक, २०७०

(झ) **आ.व. २०७१/७२ (प्रशासकिय अधिकारीले मुद्दाको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी विधेयक, खेलकुद विकास सम्बन्धी विधेयकको मसौदा तयारी सम्बन्धी कार्य भएको।)**

(ञ) **आ.व. २०७२/७३**

१. प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. महाअभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

३. ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

४. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(ट) **आ.व. २०७३/७४**

१. झुट्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक

३. उपभोक्ता संरक्षण सम्बन्धी विधेयक

४. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

५. खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

६. कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

(ठ) **आ.व. २०७४/७५**

१. प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी विधेयक

३. शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

४. शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

५. वैयक्तिक गोपनियता सम्बन्धी विधेयक

(ड) **आ.व. २०७५/७६**

१. राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

२. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५

३. कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

४. साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक

५. सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

६. नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

७. जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

(ढ) **आ.व. २०७६/७७**

१. राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

३. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक

(ण) **आ.व. २०७७/७८**

१. तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक

३. विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

४. गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

५. नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

६. मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक

७. केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

८. कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(त) **आ.व. २०७८/७९**

१. संसदीय सुनुवाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक

३. मुलुकी देवानी संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक

(थ) **आ.व. २०७९/८०**

१. रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२. यौनजन्य हिंसा विरूद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,

३. सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

(द) **आ.व. २०८०/८१**

१. स्वार्थको द्वन्द्व व्यवस्थापन र नियमन सम्बन्धी विधेयक,

२. भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन विधेयक,

३. औषधि सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

४. राष्ट्रिय सतर्कता केन्द्र विधेयक।

(ध) **आ.व. २०८१/८२**

१. उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक र

२. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

(न) **आ.व. २०८२/८३**

१. राष्ट्रिय युवा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२. बदनियतपूर्वकको अनुसन्धान र अभियोजन पिडितलाई क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

३. नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

४. दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, र

५. नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक।

## अनुसूची-१४

(३.३.१० सँग सम्बन्धित)

**आयोगले २०७२ साल पछि तर्जुमा गरेका विधेयक र कार्यान्वयनको अवस्था**

| क्र.स. | आ.व. ७२-७३ बाट कानून आयोगबाट तर्जुमा गरिएका गरिएका मस्यौदा तर्जुमा | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १. | प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| २. | महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ३. | ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ४. | विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ५. | झुठ्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ६. | संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७३ | कार्यान्वयन भएको | २०७४।०६।३० मा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ ले नेपाल |

| | | | |
|---|---|---|---|
| | | | कानून आयोगले गरेको संशोधनको मस्यौदाका केही व्यवस्था "संक्षप्त कार्यविधि ऐन, २०२८" मा समेटिएको। |
| ७. | उपभोक्ता संरक्षण सम्बन्धी विधेयक | कार्यान्वयन भएको | मिति २०७५।०६।०२ मा उपभोक्ता संरक्षण ऐन, २०७५ को रुपमा आएको। |
| ८. | प्रतिष्पर्धा प्रवर्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ९. | खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ | कार्यान्वयन भएको | मिति २०७५।०६।०२ मा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐनको रुपमा आएको। |
| १०. | कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७४ | कार्यान्वयन भएको | मिति २०७९।०६।०९ मा कारागार ऐन, २०७९ को रुपमा आएको। |
| ११. | नेपाल प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| १२. | पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी विधेयक | कार्यान्वयन नभएको | |
| १३. | शिक्षाको अधिकारका सम्बन्धमा | कार्यान्वयन | मिति २०७५।०६।०२ |

| | | | |
|---|---|---|---|
| | व्यवस्था गर्न बनेको विधेयक, २०७४ | भएको | मा अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५ को रुपमा आएको। |
| १४. | विद्यालय तथा शिक्षण संस्था सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | कार्यान्वयन नभएको | |
| १५. | वैयक्तिक गोपनीयता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ | कार्यान्वयन भएको | मिति २०७५।०६।०२ मा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ |
| १६. | राष्ट्रिय प्राथमिकता प्राप्त  केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०७५ | कार्यान्वयन नभएको | |
| १७. | प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ | केही व्यवस्थाहरू कार्यान्वयन भएको | |
| १८. | कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,२०७५ | कार्यान्वयन नभएको | |
| १९. | साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक,२०७५ | कार्यान्वयन नभएको | |
| २०. | सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको | कार्यान्वयन नभएको | |

| | | | |
|---|---|---|---|
| | विधेयक,२०७५ | | |
| २१. | नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | कार्यान्वयन भएको | २०७९।०६।०१ मा प्रतिनिधि सभाको कार्यकाल समाप्त भएकाले निष्क्रिय भएको (राष्ट्रिय सभा वेबसाइट) |
| २२. | जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,२०७६ | कार्यान्वयन नभएको | |
| २३. | विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,२०७६ | कार्यान्वयन नभएको | |
| २४. | राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ | कार्यान्वयन नभएको | |
| २५. | नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन नभएको | |
| २६. | तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन भएको | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ मा समावेश गरिएको। |
| २७. | फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन भएको | |

| | | | |
|---|---|---|---|
| २८. | विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन भएको | विद्युतीय व्यापार (ई-कमर्स ऐन), २०८१ मा समावेश गरिएको। |
| २९. | गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन भएको | यसमा लेखिएको संशोधनको विषय सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्धारा संशोधन गरिएको। |
| ३०. | नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन नभएको | |
| ३१. | मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन नभएको | |
| ३२. | केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन भएको | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन भनी लेखिएको विषय सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्धारा संशोधन गरिएको (सो |

| | | | |
|---|---|---|---|
| | | | विषय समेटिएको) |
| ३३. | कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ | कार्यान्वयन नभएको | |
| ३४. | संसदीय सुनुवाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७८ | कार्यान्वयन नभएको | |
| ३५. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक,२०७९ | कार्यान्वयन नभएको | |
| ३६. | मुलुकी देवानी संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक,२०७९ | कार्यान्वयन नभएको | |
| ३७. | रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७९ | कार्यान्वयन नभएको | |
| ३८. | यौनजन्य हिंसा विरूद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,२०८० | कार्यान्वयन नभएको | |
| ३९. | सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८० | कार्यान्वयन नभएको | |

| | | | |
|---|---|---|---|
| ४०. | औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा,२०८० | कार्यान्वयन भएको | केही विषय "औषधि ऐन, २०३५" मा समावेश गरिएको। |
| ४१. | स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |
| ४२. | राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |
| ४३. | भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |
| ४४. | उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ४५. | परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कार्यान्वयन नभएको | |
| ४६. | राष्ट्रिय युवा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |

| | | | |
|---|---|---|---|
| ४७. | बदनियतपूर्वकको अनुसन्धान र अभीयोजन पीडितलाई क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |
| ४८. | नेपाल स्काउट सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |
| ४९. | दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयमा प्रक्रियामा रहेको | |
| ५०. | नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | सम्बन्धित मन्त्रालयबाट प्रक्रिया अघि बढाइएको | |